सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ कात्तिक २०८२, आइतबार (9 Nov 2025, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक १९९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

२५ दिनमै ढल्यो मधेशमा सरकार


जेन-जी आन्दोलनपछि पनि दलहरू प्रदेशको सत्तासमीकरणको खेलमै, परिवर्तनको नारा सत्ता अंकगणितमै सीमित



■ बहुमत जुटाउन यसकारण भएन सम्भव

१० दलको प्रतिनिधित्व रहेको १०७ सदस्यीय प्रदेश सभाका जसपा, जनमत, माओवादी, लोसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिका ५७ सांसदको सोनललाई समर्थन थियो। सरकार बचाउन उनलाई संसद्मा ५४ सांसदको समर्थन चाहिन्थ्यो। तर, माओवादीका दुई सांसदले विश्वासको मत नदिने घोषणा गरे र नेपाल संघीय समाजवादी पार्टीका एक सांसद अनुपस्थित रहिन्। सोनल सरकार बनेपछि जसपा नेपालका सांसद सरोजसिंह कुसवाह भ्रष्टाचार मुद्दामा निलम्बनमा परे।

सदनमा विश्वासको मत हासिल हुने सम्भावना कमजोर देखिएपछि राजीनामा दिएका उनले सञ्चारकर्मीसँग भने, 'बहुमत हुँदाहुँदै केही साथी अनुपस्थित भएपछि केही समय बैठक स्थगन गर्न माग गरेका थियौं, तर सभामुखले सुनेनन्। संघीयता र लोकतन्त्र समाप्त गर्न हाम्रो सरकार असफल बनाइएको छ। हामीसँग बहुमत छ, आज सिद्ध हुन सकेन। तर, केही दिनपछि अवश्य सिद्ध हुन्छ। हामी संघीयता र लोकतन्त्रविरोधी सरकार बन्न दिँदैनौं।'



● सरकारलाई समर्थन गरेको दल माओवादीका सांसद रहबर अन्सारीले विश्वासको मत नदिने घोषणा गर्दै भने- **अब मधेशलाई नयाँ म्यान्डेट चाहिन्छ**

यो सरकार हाम्रो होइन, काठमाडौंले बनाएको हो। यो सरकारबाट कुनै पनि हालतमा मधेश र मधेशीको कल्याण हुँदैन। जनताले हामीलाई मोसो दले। म आज आफैँ आफ्नो अनुहारमा मेसो दल्दै छु। मेरो पार्टीले मलाई के गर्छ, थाहा छैन। तर, म यो सरकार र अर्को कुनै सरकारलाई विश्वासको मत दिन्नँ। मधेशी जनतालाई नयाँ म्यान्डेट चाहिएको छ।

■ प्रदेश सभाको अंकगणित

१०७ सदस्यीय प्रदेश सभामा १० दलको प्रतिनिधित्व छ। सरकार बनाउन ५४ सांसद भए बहुमत पुग्छ। सभामा २५ सिटसहित एमाले पहिलो र २२ सिटसहित कांग्रेस दोस्रो दल हुन्। दुईपटक सरकारको नेतृत्व गर्ने अवसर पाएको जसपा नेपालको १९, जनमत १३, लोसपा र माओवादीको नौ-नौ सिट छ। एमाले र लोसपाका एक-एक सांसद निलम्बित अवस्थामा छन्। एमालेका एक सांसद सभामुख छन्। एकीकृत समाजवादीका सात, नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको एक-एक सिट छ। सोनल सरकार विघटनपछि कांग्रेस-एमाले गठबन्धनको सरकार बनाउने कसरतमा लागिसकेका छन्। 'अहिलेसम्म प्रदेश प्रमुखबाट नयाँ सरकार गठनका लागि आह्वान भएको छैन। आएपछि त्यसको तयारीमा जुट्छौं,' एमाले संसदीय दलका नेता सरोजकुमार यादवले भने। कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले पनि प्रदेश प्रमुखबाट आह्वान भएपछि नयाँ सरकार गठनको बाटो खुल्ने बताए।

जनकपुरधाममा **हरिश खुदार**

कांग्रेस-एमाले गठबन्धन पन्छाउँदै साना दलको सहयोगमा गठन भएको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का जितेन्द्रप्रसाद सोनार (सोनल) नेतृत्वको मधेश प्रदेशको सरकार २५ दिनमै ढलेको छ। सदनमा विश्वासको मत हासिल हुने सम्भावना कमजोर देखिएपछि शनिबार उनले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसमक्ष बुझाएको राजीनामा स्वीकृत भएको छ।

तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंहले २८ असोजमा पदबाट राजीनामा दिएपछि प्रदेश सरकार गठनको आह्वान भएको थियो। त्यसपछि प्रदेश प्रमुख भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम सोनललाई २९ असोजमा मुख्यमन्त्री नियुक्त गरेकी थिइन्।

१० दलको प्रतिनिधित्व रहेको १०७ सदस्यीय प्रदेश सभाका जसपा, जनमत, माओवादी, लोसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिका ५७ सांसदको सोनललाई समर्थन थियो। अन्तिम समयमा जनमत 'युटर्न' भएपछि सोनल नाटकीय रूपमा मुख्यमन्त्री बनेका थिए। उनी मधेश प्रदेशका चौथो मुख्यमन्त्री बनेका थिए।

सरकार बचाउन उनलाई संसद्मा ५४ सांसदको समर्थन चाहिन्थ्यो। तर, माओवादीको आन्तरिक विवाद र जनमत विभाजनले मुख्यमन्त्री सोनलले विश्वासको मत सिद्ध गर्न सक्ने अवस्था रहेन। त्यसपछि उनले सदनमा मतदानमा जाने जोखिम लिएनन्, बरु प्रदेश प्रमुखलाई राजीनामा बुझाए।

शनिबार मुख्यमन्त्री सोनलले प्रदेश सभामा विश्वासको मत लिने कार्यसूची तय थियो। मुख्यमन्त्री हुँदा उनलाई जसपाका १९, जनमतका १३, माओवादीका नौ, एकीकृत समाजवादीका सात र लोसपाका आठ सांसदको समर्थन थियो। तर, त्यसपछि विकसित घटनाक्रमले सोनल सरकार विश्वासको मत पाउन नसक्ने अवस्थामा पुगेको हो।

सोनल मुख्यमन्त्री नियुक्त भएकै दिन जनमत पार्टी विभाजन भई निवर्तमान मुख्यमन्त्री सतिशकुमार सिंह र त्रिभुवन साहले जनस्वराज पार्टी बनाए। सोनलले मुख्यमन्त्रीको शपथ एवं पदभार ग्रहण गरेकै दिन ३० असोजमा जसपा नेपालका सांसद सरोजसिंह कुसवाहविरुद्ध संसदीय क्षेत्र विकास कार्यक्रममा भ्रष्टाचार गरेको भन्दै मुद्दा पऱ्यो। त्यसपछि उनी निलम्बनमा छन्।

यसरी मुख्यमन्त्री सोनल सरकार गठन भएदेखि नै संकटमा पर्दै आएका थिए। तर, उनले विश्वासको मतका लागि साना दलहरू नागरिक उन्मुक्ति र नेपाल संघीय समाजवादीसहितलाई फकाएर आफ्नो पक्षमा पारेका थिए। सर्वोच्च अदालतले जनमत विभाजन रोकेपछि मुख्यमन्त्री सोनल विश्वासको मत पाउने आशामा थिए। यसैअनुसार उनी आफैंले २२ कात्तिकमा विश्वासको मत लिने घोषणा गरेका थिए। तर, शनिबार नेपाल संघीय

» पृष्ठ २ मा क्रमशः

नेपाल ट्रस्टको जग्गा यती समूहलाई लिजमा लगाउँदा पाँच अर्ब घोटाला


महालेखाले निर्देशन दिएको सात वर्षपछि सिआइबी सक्रिय

ट्रस्टका तत्कालीन सहसचिव लेखबहादुर कार्की पक्राउ

ट्रस्टको आर्थिक प्रस्ताव मूल्यांकन समितिले ३० वर्षसम्मका लागि लिजमा दिँदा ६ अर्ब ४५ करोड भाडा लिन सिफारिस गरेको थियो

तर, सहसचिव कार्कीले १ अर्ब ५९ करोडमै लिजमा लगाउन दिएका थिए सहमति

● **शिवकुमार श्रेष्ठ,** प्रवक्ता, सिआइबी



नेपाल ट्रस्टको जग्गा लिज लेनदेनमा शंकास्पद गतिविधि भएको देखियो। हामीले कागजातहरू अध्ययन गर्‍यौं। केही कैफियत भएको देखिन्छ। यस सम्बन्धमा विगतदेखि नै अनुसन्धान हुँदै आएका थिए, अहिले ट्रस्टका तत्कालीन सहसचिव पक्राउ परेका छन्। घटनाका सम्बन्धमा अब विस्तृत अनुसन्धान अघि बढ्नेछ।

टेकराज थामी/नयाँ पत्रिका

नेपाल ट्रस्टको काठमाडौं दरबारमार्गस्थित जग्गा यती समूहलाई कौडीको भाउमा लिजमा लगाएर भएको भ्रष्टाचार छानबिन गर्न महालेखा परीक्षकको कार्यालयले निर्देशन दिएको सात वर्षपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सक्रियता देखाएको छ। बुट प्रणालीअन्तर्गत थामसेर्कु ट्रेकिङलाई लगाइएको लिजमा आर्थिक प्रस्ताव मूल्यांकन समितिले सिफारिस गरेभन्दा झन्डै पाँच अर्ब कम हुने गरी भएको सम्झौतामा हस्ताक्षर गर्ने ट्रस्टका तत्कालीन सहसचिव ६६ वर्षीय लेखबहादुर कार्कीलाई सिआइबीले शुक्रबार

» पृष्ठ २ मा क्रमशः



दरबारमार्गस्थित नेपाल ट्रस्टको एक रोपनी १४ आना जग्गा कौडीको भाउमा हत्याएर यती समूहको थामसेर्कु ट्रेकिङले बनाएको 'दरबार मल'। तीनतले भवन बनाउने सम्झौताविपरीत थाकसेर्कुले चार तला र ट्रससमेत बनाएको छ।

■ महालेखाले त्यतिवेलै भनेको थियो- **सम्झौता नियमसम्मत देखिएन, छानबिन गर्नू**

बुट प्रणाली (सम्झौता अवधि सकिएपछि दोस्रो पक्षले निर्माण गरेको संरचनासहित जग्गा स्वतः पहिलो पक्षको अधीनमा आउने)अन्तर्गत एक रोपनी १४ आना जग्गा संरचनासमेत बनाएर ३० वर्षसम्म उपभोग गर्न पाउने गरी १४ जेठ ०७४ मा एक अर्ब ५९ करोड ४० लाख ५२ हजारमा लिज सम्झौता गरिएको थियो। जसमा ट्रस्टको तर्फबाट तत्कालीन सहसचिव लेखबहादुर कार्कीले हस्ताक्षर गरेका थिए। जबकि त्यसको एक वर्षअघि नै १९ कात्तिक ०७३ मा आर्थिक प्रस्ताव मूल्यांकन समितिले निर्माण र लिज भाडा गरी ट्रस्टले ६ अर्ब ४५ करोड ६६ लाख ३७ हजार लिनुपर्ने सिफारिस गरेको थियो। सिफारिसभन्दा चार अर्ब ८६ करोड २५ लाख ८५ हजार कम मूल्यमा लिजमा लगाइएको थियो। यति ठुलो भ्रष्टाचारमा महालेखा परीक्षकको कार्यालयले समेत छानबिन गर्न त्यतिवेलै निर्देशन दिएको थियो। '... कानुनी आधारबेगर सचिवस्तरबाट भएको निर्णयविपरीत सहसचिवस्तरबाट निर्णय गरी सम्झौता गरेको नियमसम्मत देखिएन,' महालेखाको ५५औं प्रतिवेदनमा उल्लेख छ, 'यसमा छानबिन गरी यकिन गरिनुपर्छ।' अझै आर्थिक प्रस्ताव मूल्यांकन समितिले गरेको प्रस्तावअनुसार ९० दिनभित्र गर्नुपर्ने सम्झौता त्यसको वैधता समाप्त भएपछि अर्थात् प्रस्ताव परेको करिब १० महिनापछि मात्रै लिज सम्झौता गरिएकोमा महालेखाले गम्भीर प्रश्न उठाएको थियो।

दल खोल्ने दौड

जेन-जी आन्दोलनपछि मात्रै दल दर्ताका लागि १८ निवेदन

आन्दोलनअगाडिका १० सहित कुल २८ निवेदनमध्ये तीनले प्रमाणपत्र पाइसके, २५ दलमाथि अध्ययन गर्दै आयोग, ३० कात्तिकसम्म दल दर्ताको समय, दर्ता भएका दलको कुल संख्या १२५

कमलराज भट्ट/नयाँ पत्रिका

■ नयाँ दल दर्ता गर्न कति समय लाग्छ ?



आवश्यक कागजात लिएर आज निर्वाचन आयोग जाँदै प्रचण्ड नेतृत्वको नेकपा

जेन-जी आन्दोलनपछि संसद् विघटन भई मुलुक प्रतिनिधिसभा निर्वाचनतर्फ उन्मुख भएपछि अहिलेसम्म १८ दल दर्ताका लागि निर्वाचन आयोग पुगेका छन्। आन्दोलनअगाडिका १० सहित प्रमाणपत्र पाउन बाँकी २५ दलमाथि आयोगले अध्ययन गरिरहेको छ। आयोगको निर्वाचन कार्यतालिकाअनुसार नयाँ दल दर्ताको समय ३० कात्तिकसम्म छ।

बुधबार निवर्तमान सांसद योगेन्द्र मण्डलले चापाकल चुनाव चिह्न राखेर राष्ट्रिय ऊर्जाशील पार्टी नामक दल दर्ताका लागि आयोगमा निवेदन दिएका थिए। बिहीबार र शुक्रबार कार्यालय समयमा थप पाँच निवेदन परेका छन्। १० दल-समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले दल दर्ताका लागि आयोगमा निवेदन दिइसकेको छ। यससँगै शनिबारसम्म आयोगमा कानुनले नयाँ दल दर्ताको समय ४५ दिन तोकेको छ। तर, आकस्मिक रूपमा प्रतिनिधिसभा निर्वाचन घोषणा भएपछि निर्वाचन आयोगले कात्तिक मसान्तसम्मको समय तोकेको छ। लगत्तै १ देखि १० मंसिरसम्म निर्वाचनमा भाग लिनका लागि छुट्टै दल दर्ताको समय तोकेको छ। यसकारण नयाँ दर्ताका लागि अब समयको चाप छ। हालसम्म दर्ताका लागि आएका नयाँ दलले आवश्यक सबै प्रक्रिया पुऱ्याए निर्धारित समयभित्रै दर्ता प्रमाणपत्र पाउनेछ।

कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुख सहसचिव भट्टराईका अनुसार नयाँ दल दर्ताका लागि केन्द्रीय समिति, घोषणापत्र, नियमावली र विधान आयोगले तोकेको ढाँचामा मिलेको हुनुपर्छ। केन्द्रीय सदस्यको हस्ताक्षर आयोगमै गराएर सनाखत गरिन्छ। यसबाहेक दलले पाँच सयजना मतदाताको विवरण आयोगमा बुझाउँछ। आयोगले जुन जिल्लाका मतदाता हुन् त्यही जिल्ला निर्वाचन कार्यालयमा विवरण पठाउँछ। जिल्लाहरूले पाँच सय मतदाताको सनाखत गर्छ। सनाखतपछि विवरण आयोगमा आउँछ। यसका अलावा नाम, झन्डा र चिह्न कुनै दलसँग नमिल्ने र संविधान, कानुनबमोजिम हुनुपर्छ। सबै प्रक्रिया पुगेपछि आयोगले दर्ता प्रमाणपत्र दिन्छ।

रास्वपा विस्तारित बैठक

४० वर्षमुनिका २७% युवालाई समानुपातिक उम्मेदवार बनाउने निर्णय



समानुपातिक छनोट विधि **दोहोऱ्याएर सांसद बन्न नपाउने**

(विस्तृत पृष्ठ ३)

ट्रेड युनियन आन्दोलनको अबको दिशा



अब ट्रेड युनियन आन्दोलनलाई पार्टीहरूले राजनीतिक स्वार्थअनुकूल 'उपयोग' गर्ने प्रवृत्तिलाई चिनेर, बुझेर अगाडि बढ्नुपर्ने स्थिति आएको छ

(पृष्ठ ४)

निजी क्षेत्रको सुरक्षा गर्ने सार्वजनिक महत्त्वको प्रस्ताव पारित गराउन सरकारसँग आग्रह



प्रधानमन्त्री सुशीला कार्कीले उद्यमीलाई भनिन्-

डराउने होइन, बरु आत्मविश्वासका साथ अगाडि बढ्नुहोस्। तपाईंहरूले आशंका र भय पाल्ने वेला होइन। हातेमालो गर्ने वेला हो, विभिन्न अध्ययनले हाम्रो आर्थिक वृद्धिदर बढ्ने र महँगी घट्ने संकेत दिएका छन्, जसले हाम्रो प्रयास सही दिशामा छ भन्ने देखाउँछ। हिजोभन्दा भोलि राम्रो बनाउन एकजुट हुनेछौं।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

रनवेको लाइट बिग्रिँदा त्रिभुवन विमानस्थल पाँच घण्टा ठप्प


१७ आन्तरिक उडान रद्द, तीन अन्तर्राष्ट्रिय जहाज 'डाइभर्ट', आकाशमा ३४ फन्को लगाएर ढाका पुग्यो कतार एयरलाइन्स, १३ फेरो मारेर दिल्ली गयो कोरियन एयरलाइन्स

कृष्ण रिजाल/नयाँ पत्रिका

रनवेको लाइट (एभरफिल्ड लाइटिङ सिस्टम) बिग्रिँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पाँच घण्टासम्म उडान र अवतरण ठप्प भएको छ। शनिबार बिहान करिब ८ बजेदेखि नै लाइट बिग्रिएकोमा दिउँसो २:३० बजेदेखि ३:३० सम्म मर्मतका लागि तथा अपराह्न ५:३० बजेदेखि राति ९:३० सम्म अँध्यारोका कारण उडान र अवतरण रोकिएका हुन्।

पाँच घण्टामा आन्तरिकतर्फ १७ उडान र नौ अवतरण रद्द भए भने तीन अन्तर्राष्ट्रिय जहाज 'डाइभर्ट' हुनुपऱ्यो। दोहाबाट आएको कतार एयरलाइन्स नेपाली आकाशमा ३४ फन्को लगाउँदा पनि अवतरण हुने अवस्था नबनेपछि ढाका फर्किएको थियो। त्यस्तै, सिओलबाट आएको कोरियन एयरलाइन्स १३ फेरो मारेर दिल्ली पुगेको थियो। दुबईबाट आएको फ्लाई दुबई पनि ११ चक्कर लगाएर लखनउ फर्किनुपरेको थियो। दिल्लीबाट काठमाडौं आउने सेड्युल रहेको स्पाइस जेटले उडान नै रद्द गऱ्यो। आन्तरिकतर्फ जनकपुरबाट आएको बुद्ध एयरको जहाज जनकपुर नै फर्कियो भने सुर्खेतबाट

» पृष्ठ २ मा क्रमशः



दोहाबाट काठमाडौंका लागि आएको कतार एयरको क्युआर ६४४ नम्बरको जहाज अवतरण हुन नपाएपछि नेपाली आकाशमा फन्को लगाउँदै। यो जहाज ३४ फेरो मारेर बंगलादेशको राजधानी ढाका डाइभर्ट भएको थियो।

■ डाइभर्ट जहाज किन गएनन् भैरहवा ?

हाल भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल छन्। तर, त्रिभुवन विमानस्थल बन्द हुँदा यी विमानस्थलमा जहाजहरू किन डाइभर्ट भएनन् भनेर प्रश्न उठेको छ। क्यानका अधिकारीहरू जहाजलाई कहाँ डाइभर्ट गर्ने भन्ने विषय सम्बन्धित एयरलाइन्सको छनोटमा भर पर्ने बताउँछन्। नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता प्रतापबाबु तिवारीले आफूहरू तयार हुँदा पनि एयरलाइन्सहरू नै भैरहवा नजाने गरेको बताए। शनिबार काठमाडौंमा विमानस्थल बन्द हुँदा भैरहवा र पोखरा विमानस्थल खुलै थिए, तर त्यहाँ जहाँजहरू डाइभर्ट नभएको उनले बताए।

'सामान्यतः एयरलाइन्सहरूले सेड्युल फ्लाइटका लागि वैकल्पिक विमानस्थल पनि पहिल्यै तय गरेका हुन्छन्, उनीहरूले आफ्नो सहजता र समन्वयका हिसाबले विमास्थल छनोट गर्छन्,' उनले भने, 'भैरहवा विमानस्थल खुलै हुँदा पनि त्यहाँ डाइभर्ट नभएर दिल्ली, लखनउ गए, यो उनीहरूको छनोट हो। हामीले यता आऊ, उता नजाऊ भन्न मिल्दैन।'

विमानस्थलसँगको दूरी, इन्धनको मूल्य, होटेलसँगको सहकार्य, ग्राउन्ड ह्यान्डलिङ चार्जलगायत हेरेर विमान कम्पनीले जहाज डाइभर्ट गर्ने क्यानकै एक पूर्वप्रमुखले बताए। 'दिल्ली र ढाकाको तुलनामा काठमाडौंबाट नजिकै रहेको भैरहवामा इन्धन, ग्राउन्ड ह्यान्डलिङलगायतमा छुट सुविधा दिँदासमेत एयरलाइन्सको रुचिमा नपर्नु चिन्ताको विषय हो,' उनले भने, 'यदि हाम्रा विमानस्थलमा समस्या छन् भने सुधार गर्नुपर्छ, होइन भने क्यानले एयरलाइन्सहरूसँग समन्वय गरेर हाम्रै विमानस्थलको उपयोग गराउनुपर्छ।'

२५ दिनमै...

पृष्ठ १ बाट क्रमशः

समाजवादी पार्टीका सांसद विमला अन्सारी अनुपस्थित भइन् ।

गठबन्धनबिच असन्तुष्टि नबढोस् र सहज विश्वासको मत पाइयोस् भनेर उनले मन्त्रिपरिषद् विस्तार गरेका थिएनन् । ११ मन्त्रालयको जिम्मेवारी आफैँले राखेका थिए । आफूसँगै मन्त्रीका शपथ लिएका दुई मन्त्री जनमतका संसदीय दलका नेता महेशप्रसाद यादव र नेकपा एसका कनिष पटेललाई मुख्यमन्त्री सोनलले विनाविभागीय मन्त्रीमै सीमित गरेका थिए ।

विश्वासको मतका लागि प्रदेश सभाको बैठक दिउँसो १ बजे आह्वान गरिएको थियो । तर, निर्धारित समयभन्दा करिब २ घण्टा ढिलो बैठक सुरु भयो । प्रदेश सभामा आफ्नो पक्षमा ५७ मत रहेकोमा विश्वासको मत पाइनेमा सोनल ढुक्कजस्तै थिए । तर, बैठकमा सत्तापक्षका ५४ सांसद मात्रै सहभागी देखिए ।

५४ सांसदले बहुमत पुग्थ्यो । यसैअनुसार उनले प्रदेश सभामा विश्वासको मतको प्रस्ताव राखे । त्यसपछि सभामुखले प्रस्तावमाथि छलफल चलाए । एमालेका प्रमुख सचेतक हरिनारायण महतो र कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले मुख्यमन्त्रीलाई विश्वासको मत नदिने र प्रतिपक्षमा बस्ने आफ्नो पार्टीको निर्णय सुनाए । जसपा नेपाल, माओवादी, एकीकृत समाजवादी, लोसपाका प्रतिनिधिले विश्वासको मत दिने पार्टी निर्णय सुनाए ।

त्यसपछि माओवादी सांसद तथा पूर्वराज्यमन्त्री रहबर अन्सारीले सभामुखसँग समय मागे । सभामुख रामचन्द्र मण्डलले अन्सारीलाई तीन मिनेटको समय दिए । अन्सारीले आफ्नो पार्टी र अन्य पार्टीका शीर्ष नेताहरूको व्यवहारप्रति आक्रोश व्यक्त गरे । 'जेन-जी आन्दोलनले देशको अवस्था बदलियो । तर, हाम्रा शीर्ष नेताहरूको चरित्र बदलिएन,' उनले भने ।

रोस्टममै आफूले आफैँलाई मोसो दले । र, सरकारलाई विश्वासको मत नदिने घोषणा गरे । 'यो सरकार हाम्रो होइन, काठमाडौंले बनाएको हो । यो सरकारबाट कुनै पनि हालतमा मधेश र मधेशीको कल्याण हुँदैन । जनताले हामीलाई मोसो दले । म आज आफैँ आफ्नो अनुहारमा मेसो दल्दै छु,' उनले भने, 'मेरो पार्टीले मलाई के गर्छ, थाहा छैन । तर, म यो सरकार र अर्को कुनै सरकारलाई विश्वासको मत दिन्नँ । मधेशी जनतालाई नयाँ म्यान्डेट चाहिएको छ ।'

सांसद अन्सारीपछि माओवादीकै अर्की सांसद माला कर्णले पनि सरकारलाई आफूले विश्वासको मत नदिने घोषणा गरिन् । माओवादीभित्रको आन्तरिक विवादले प्रदेश सभामै भाँडभैलो भएको थियो ।

संसदीय दलका नेता को हुने भन्नेमा माओवादीमा विवाद थियो । धेरैजसो सांसद संसदीय दलका नेता भारतप्रसाद साहको विरोधमा थिए । असन्तुष्ट प्रदेश सांसदहरूले गत जेठमै प्रचण्डलाई भेटेर विरोध राखेका थिए । त्यसपछि प्रचण्डले साहलाई दलको नेताबाट हटाए ।

तर, माओवादी विभिन्न दलमा एकतामा जाने भएपछि साह पुनः दलकै नेता बने । यसले माओवादीभित्रको असन्तुष्टि फेरि बल्झियो । त्यही असन्तुष्टि प्रदेश सभाको बैठकमा छताछुल्ल भयो र सरकार ढल्ने अवस्थामा पुग्यो । साह माओवादीका पूर्वनेता जनार्दन शर्मानिकट मानिन्छन् । प्रचण्डनिकट सांसदले साहको विरोध गरे । शनिबार सदनमा बहुमत जुटाउन नसकिने देखेपछि मुख्यमन्त्री सोनलले सभामुख मण्डलसँग बैठक प्रक्रिया रोक्न आग्रह गरे । तर, सभामुख मण्डलले मतविभाजनको प्रक्रिया सुरु भइसकेकाले रोक्न नमिल्ने बताए ।

त्यसपछि मुख्यमन्त्री सोनल र विनाविभागीय मन्त्रीद्वय महेशप्रसाद यादव र कनिष पटेल सभा हलबाट बाहिर निस्के । सभामुखले बैठक अगाडि बढाउन खोज्दा सत्तापक्षका सांसदले 'सभामा सरकारको प्रतिनिधि नरहेकाले बैठक स्थगित गर्न' माग गरे । त्यसपछि सभामुखले १० मिनेटका लागि सभाको बैठक स्थगित गरे ।

१० मिनेटका लागि स्थगित बैठक झन्डै एक घण्टापछि सभामुखले सुरु गरे । मतविभाजनका लागि पक्ष र विपक्षका सांसदहरूलाई पुनः रुलिङ गरे । सांसदहरू अ-आफ्नो तोकिएको दिशातर्फ जान लाग्दा मुख्यमन्त्री सोनलले पुनः बैठक स्थगित गर्न आग्रह गरे । विपक्षी दल एमाले र कांग्रेसका सांसदले त्यस्तो गर्न नमिल्ने भन्दै विरोध गरे ।

यसले केहीबेर सभामै तनाव देखियो । त्यसपछि सभामुखले पुनः मतविभाजनका लागि रुलिङ गरे । मुख्यमन्त्री सोनल राजीनामा दिएको घोषणा गर्दै सभा बैठकबाट बाहिर निस्के । बाहिर निस्केका मुख्यमन्त्री सोनलले सञ्चारकर्मीसँग कुरा गर्दै सभामुखको भूमिकामाथि प्रश्न उठाए । 'बहुमत हुदाँहुँदै केही साथी अनुपस्थित भएपछि केही समय बैठक स्थगन गर्न माग गरेका थियौँ, तर सभामुखले सुनेनन् । संघीयता र लोकतन्त्र समाप्त गर्न हाम्रो सरकार असफल बनाइएको छ,' उनले भने, 'हामीसँग बहुमत छ, आज सिद्ध हुन सकेन । तर, केहि दिनपछि अवश्य सिद्ध हुन्छ । हामी संघीयता र लोकतन्त्रविरोधी सरकार बन्न दिँदैनौँ ।'

एमाले संसदीय दलका नेता सरोजकुमार यादवले अब नयाँ सरकार गठनको प्रक्रियामा लाग्ने प्रतिक्रिया दिए । 'अहिलेसम्म प्रदेश प्रमुखबाट नयाँ सरकार गठनका लागि आह्वान भएको छैन । आएपछि त्यसको तयारीमा जुट्छौँ,' उनले भने । कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले पनि प्रदेश प्रमुखबाट आह्वान भएपछि नयाँ सरकार गठनको बाटो खुल्ने बताए ।

रनवेको...

पृष्ठ १ बाट क्रमशः

आएको बुद्ध एयरकै अर्को जहाज पोखरा डाइभर्ट गरिएको थियो ।

बिग्रिएको बत्ती मर्मतका लागि दिउँसो एक घण्टा तथा अँध्यारो भइसक्दा पनि मर्मत हुन नसकेपछि राति ९ः३० बजेसम्म चार घण्टा विमानस्थल ठप्प भएको नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए । 'दिउँसोदेखि खटिएका प्राविधिकहरूले राति ९ः३० बजे मर्मत सकेर बत्ती बालेपछि ९ः४० देखि विमानस्थल पुनः सञ्चालनमा आयो, सबैखाले उडान र अवतरण खुलिसकेका छन्,' उनले भने । विमानस्थलको विद्युत् सर्किट ब्रेक भएर लाइटिङ सिस्टममा समस्या आएको अनुमान गरिएको र अनुसन्धानपछि यकिन हुने भुलको भनाइ छ । उनका अनुसार आंशिक रूपमा मात्रै बत्ती बलेका थिए । साढे १३ घण्टापछि मात्रै बत्ती पूर्ण क्षमतामा बलेका थिए ।

सामान्यतः बिहान र दिउँसो भिएफआर प्रणालीमा उडान र अवतरण हुने हुँदा लाइटिङ आवश्यक हुँदैन । तर, घाम अस्ताएपछि भने आइएफआर प्रणालीमा उडान अवतरण हुने भएकाले लाइटिङ चाहिन्छ । साँझसम्म पनि बत्ती नबलेपछि उडान अवतरण नै रोकर मर्मत गरिएको विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाले जानकारी दिए । 'साँझसम्म पनि बत्ती नबलेपछि सूचना नै जारी गरेर साढे ५ बजेदेखि विमानस्थल बन्द गरेर समस्या समाधानको काम थालियो,' उनले भने, 'साढे ९ बजेपछि समस्या समाधन भयो, बत्ती बल्यो र उडान अवतरण पुनः सुरु गरियो ।'

दर्जनौँ जहाज रद्द र डाइभर्ट हुँदा सयौँ यात्रु अलपत्र परे । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक ४५० भन्दा धेरै उडान तथा अवतरण हुन्छ । जसमा ३०० देखि ३५० आन्तरिक तथा ९० देखि सय अन्तर्राष्ट्रिय हुन्छन् । जहाँ १५ हजारभन्दा धेरैले यात्रा गर्छन् ।

अशोक राई र भीम रावललाई समायोजन गर्ने गृहकार्यमा प्रचण्ड-माधव

नयाँ पत्रिका

दल-समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) अन्य वाम घटक र समूहलाई समायोजन गर्ने गृहकार्यमा लागेको छ । बुधबार १० वाम दल-समूह मिलेर बनेको पार्टी नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधव नेपालले विभिन्न पार्टी, समूह र व्यक्तिसँग छलफल गरिरहेका छन् ।

अशोक राई नेतृत्वको जसपा, भीम रावल र यदुवंश झासँग कुराकानी भइरहेको नेताहरूले बताएका छन् । नेताहरूका अनुसार राई, रावल र झाले सकारात्मक जवाफ दिएका छन् । जसपाले एकता प्रस्तावबारे छलफल गरेर वार्ताका लागि कार्यदल नै बनाएको छ । संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठको संयोजकत्वमा कार्यदल बनाइएको छ । कार्यदलमा सहअध्यक्ष रेणु यादव, उपाध्यक्षद्वय रनध्वज कन्दङ्वा र परशुराम बस्नेत तथा महासचिव मोहमद इस्तियाक राई सदस्य छन् । दुईजना सदस्य थप्न बाँकी रहेको श्रेष्ठले बताए ।

श्रेष्ठले नीति, कार्यक्रम र सिद्धान्तका आधारमा एकता र ध्रुवीकरण हुने बताए । 'जेन-जी आन्दोलनपछि नेपाली समाज नै ध्रुवीकरण, पुनर्संरचना, पुनर्गठनको स्थितिमा छ । प्रत्येक दलमा एकीकरण र ध्रुवीकरणको क्रम सुरु भएको छ । यस्तो परिप्रेक्ष्यमा कुनै पनि पार्टीले म एक्लै जान्छु भन्दा पनि नीति, कार्यक्रम, सिद्धान्त मिल्नेसँग एकता गरेर जानुपर्छ,' उनले भने । एकता सम्भव नभए मोर्चा र तालमेल पनि गर्न सकिने उनले बताए । विगतमा समाजवादी मोर्चामा सँगै काम गरेको हुनाले नेपाली कम्युनिस्ट पार्टीसँग विचार, सिद्धान्तमा धेरै भिन्नता नरहेको उनले बताए ।

एमालेका पूर्वउपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री भीम रावलसँग पनि नेताहरूले कुराकानी गरिरहेका छन् । 'दस्ताबेज अध्ययन गर्दै छु । देश-विदेशमा रहेका साथीहरूसँग परामर्श पनि गरिरहेको छु,' रावलले नयाँ पत्रिकासँग भने । एकताअघि नै १८ कात्तिकमा प्रचण्ड र नेपालले रावललाई एकताबद्ध हुन आग्रह गरेका थिए । रावलले दस्ताबेज अध्ययन गरेर जवाफ दिने बताएका थिए । रावलले नेपाली कम्युनिस्ट पार्टीका साथै अन्य दलहरूसँग पनि छलफलमा रहेको बताए ।

एमालेका केन्द्रीय सल्लाहकार यदुवंश झा पनि नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुने भएका छन् । सहसंयोजक नेपालसँग नेता झाले एमाले परित्याग गरेर नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुने बताएका छन् । नेताहरूका अनुसार नेपालले पार्टीमा आबद्ध भएर काम गर्न झालाई भनेका छन् ।

नेपाली कम्युनिस्ट पार्टीका नेता राजेन्द्र पाण्डेले विचार मिल्ने दल-समूहलाई पार्टीमा आबद्ध गराउँदै जाने बताए । 'हामी बृहत् ध्रुवीकरणको पक्षमा छौँ । विचार मिल्ने दल-समूहलाई पार्टीमा ल्याउने प्रयास भइरहेको छ । विभिन्न चरणमा विभिन्न दल र समूहसँग छलफल भइरहेको छ,' पाण्डेले भने ।

यसअघि, एमालेका पूर्वकेन्द्रीय सदस्य तथा मुगु खत्याड गाउँपालिकाका पूर्वअध्यक्ष उब्जनबहादुर शाही बिहीबार नेपाली कम्युनिस्ट पार्टीमा प्रवेश गरेका थिए ।

महालेखाले...

पृष्ठ १ बाट क्रमशः

चितवनबाट पक्राउ गरेको छ । बुट प्रणाली (सम्झौता अवधि सकिएपछि दोस्रो पक्षले निर्माण गरेको संरचनासहित जग्गा स्वतः पहिलो पक्षको अधीनमा आउने)अन्तर्गत एक रोपनी १४ आना जग्गा संरचनासमेत बनाएर ३० वर्षसम्म उपभोग गर्न पाउने गरी १४ जेठ ०७४ मा एक अर्ब ५९ करोड ४० लाख ५२ हजारमा लिज सम्झौता गरिएको थियो । तर, त्यसको एक वर्षअघि नै १९ कात्तिक ०७३ मा आर्थिक प्रस्ताव मूल्यांकन समितिले निर्माण र लिज भाडा गरी ट्रस्टले ६ अर्ब ४५ करोड ६६ लाख ३७ हजार लिनुपर्ने सिफारिस गरेको थियो । सिफारिसभन्दा चार अर्ब ८६ करोड २५ लाख ८५ हजार कम मूल्यमा लिजमा लगाइएको थियो । सम्झौतामा तीन वर्ष निर्माणको अवधि तोकिएको थियो भने २७ वर्ष व्यावसायिक प्रयोगको अवधि निर्धारण गरिएको थियो ।

यति ठूलो भ्रष्टाचारमा महालेखा परीक्षकको कार्यालयले समेत छानबिन गर्न त्यतिवेलै निर्देशन दिएको थियो । '... कानुनी आधारबेगर सचिवस्तरबाट भएको निर्णयविपरीत सहसचिवस्तरबाट निर्णय गरी सम्झौता गरेको नियमसम्मत देखिएन,' महालेखाको ५५औँ प्रतिवेदनमा उल्लेख छ, 'यसमा छानबिन गरी यकिन गरिनुपर्छ ।' अझै आर्थिक प्रस्ताव मूल्यांकन समितिले गरेको प्रस्तावअनुसार ९० दिनभित्र गर्नुपर्ने सम्झौता त्यसको वैधता समाप्त भएपछि अर्थात् प्रस्ताव परेको करिब १० महिनापछि मात्रै लिज सम्झौता गरिएकोमा महालेखाले गम्भीर प्रश्न उठाएको थियो । '... प्रस्तावको मान्य अवधि नै समाप्त भइसकेपछि प्रस्ताव स्वीकृत गर्न मिल्ने देखिएन,' महालेखाले प्रतिवेदनमा प्रस्ट उल्लेख गरेको छ ।

तर, राजनीतिक शक्तिका आडमा नेपाल ट्रस्टका विभिन्न ठाउँका जग्गा यसैगरी हत्याए पनि यतीसँगको सम्झौतामा भएका अनियमितता छानबिनको दायराबाहिरै थियो । ट्रस्टका तत्कालीन सहसचिव कार्की पक्राउ परेसँगै थप अनियमितताका जरा खोतलिन सक्ने सिआइबी स्रोत बताउँछ । कार्कीविरुद्ध ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी कसुरअन्तर्गत अनुसन्धान अघि बढाइएको सिआइबी प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले बताए ।

'नेपाल ट्रस्टको जग्गा लिज लेनदेनमा शंकास्पद गतिविधि भएको देखियो । हामीले कागजातहरू अध्ययन गर्‍यौँ । केही कैफियत भएको देखिन्छ । यस सम्बन्धमा विगतदेखि नै अनुसन्धान हुँदै आएका थिए, अहिले ट्रस्टका तत्कालीन सहसचिव पक्राउ परेका छन्,' उनले भने, 'घटनाका सम्बन्धमा अव विस्तृत अनुसन्धान अघि बढ्नेछ ।'

ट्रस्ट सञ्चालक समितिको ३१औँ बैठकले दरबारमार्गस्थित कित्ता नं. ४६०६ र कित्ता नं.४६०५ को एक रोपनी १४ आना जग्गा लिजमा दिने गरी २८ साउन ०७१ मा कार्यक्रम स्वीकृत गरेको थियो । तीन वर्ष निर्माण अवधि र २७ वर्ष व्यावसायिक प्रयोजन अवधि गरी ३० वर्ष तोकेर ट्रस्टले १४ असार ०७३ मा १५ दिनको म्याद राखी सूचना आह्वान गरेको थियो । जसमा न्यूनतम भाडा प्रतिमहिना ३७ लाख ४९ हजार ९७२ रुपैयाँ तोकिएको थियो । ट्रस्टको सूचनापछि यती समूहको थामसेर्कु ट्रेकिङसहित ६ कम्पनीले प्राविधिक तथा आर्थिक प्रस्ताव पेस गरेका थिए । २८ असार ०७३ मा परेको प्रस्ताव ट्रस्टले २६ भदौ ०७३ मा खोलेको थियो । प्रक्रिया सुरु भएको करिब १० महिनापछि अर्थात् ५ वैशाख ०७४ मा मात्रै ट्रस्टले सहभागीमध्ये थामसेर्कु ट्रेकिङको आर्थिक प्रस्ताव स्वीकृत गरेको थियो । त्यसको एक महिनापछि १४ जेठमा ट्रस्टले थामसेर्कुलाई आर्थिक प्रस्ताव मूल्यांकन समितिले गरेको सिफारिसविपरीत कौडीको भाउमा लिजमा दिने सम्झौता गरेको थियो ।

सम्झौताअनुसार थामसेर्कुले ट्रस्टको उक्त जग्गा १३ जेठ २१०४ सम्म प्रयोग गर्न सक्नेछ । जहाँ उसले बहुतले भव्य व्यापारिक कम्प्लेक्स निर्माण गरेर व्यावसायिक प्रयोजनमा लगाइसकेको छ । भवन पनि सम्झौताविपरीत चार तला र ट्रससमेत बनाएको छ । तीन तलासम्म मात्रै बनाउने सम्झौता थियो ।

नेपाल ट्रस्ट र थामसेर्कुबिच सम्झौता हुँदा कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री थए । थामसेर्कुका सञ्चालक घराना एमाले अध्यक्ष केपी ओली निकटस्थ मानिन्छन् । ओली प्रधानमन्त्री हुँदा यती समूहलाई विभिन्न ठाउँमा दिइएको लिजका विषयमा विवाद उठ्दा उनले सार्वजनिक रूपमै उक्त घरानाको बचाउ गरेका थिए । थामसेर्कु ट्रेकिङका तत्कालीन सञ्चालक यती ग्रुपका प्रमुख आङछिरिङ शेर्पा थिए । उनको ताप्लेजुङमा हेलिकोप्टर दुर्घटनामा मृत्यु भएपछि अहिले उक्त कम्पनी उनका भाइ सोनाम शेर्पाले चलाइरहेका छन् ।

दल खोल्ने...

पृष्ठ १ बाट क्रमशः

निवेदनको संख्या २५ पुगेको हो ।

आयोगका कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुख सहसचिव यज्ञप्रसाद भट्टराईका अनुसार आवश्यक कागजात र प्रक्रिया पुर्‍याएका तीन दल दर्ता भइसकेका छन् । धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई (साम्पाङ)ले माटो चिह्नसहित गठन गरेको श्रम संस्कृति पार्टी दर्ता भएको छ । साम्पाङले दल दर्ताको प्रमाणपत्र पनि लिइसकेका छन् । यसैगरी नेपाल जनमुक्ति पार्टीबाट फुटेको राष्ट्रिय जनमुक्ति पार्टी र सिके राउतको जनमतबाट विभाजन भएको जनस्वराज पार्टी पनि दर्ता भइसकेका छन् । चुनाव घोषणापछि तीनवटा दल थपिएर दलको संख्या १२५ पुगेको छ ।

प्रतिनिधिसभाको २१ फागुनमा तोकिएको निर्वाचन नजिकिँदै गर्दा दल खोल्ने समूह बढ्दै गएका छन् । दल दर्ताका लागि पेस भएका २५ निवेदनमाथि आयोगले अध्ययन गरिरहेको छ । अझै विभिन्न समूह दल खोल्ने गृहकार्यमा छन् ।

भट्टराईका अनुसार आयोगमा परेका निवेदनमाथि अध्ययन भइरहेको छ । 'नयाँ दलका लागि निश्चित सर्तहरू पूरा गरेर आउनेलाई आयोगले निर्णय गरेर दर्ता गर्ने संवैधानिक व्यवस्था छ । यसअनुसार निवेदनहरू आएका छन् । साथै, कतिपय समूहले सोधखोज गरिरहेका छन् । उनीहरूले विधान कस्तो बनाउने, के-के ल्याउने भनेर आयोगमा जिज्ञासा राखिरहेका छन्,' सहसचिव भट्टराईले भने, 'प्रक्रिया पूरा गरेका दललाई आयोगले निर्णय गरेर दर्ता गर्छ ।'

नेकपा आज आयोग जाने

१० दल-समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले दल दर्ताका लागि आवश्यक कागजात लिएर आइतबार निर्वाचन आयोग जाने भएको छ । नेकपाले एकता राष्ट्रिय सम्मेलनकै दिन गत बुधबार आयोगमा नाम र चुनाव चिह्नसहित ठाडो निवेदन दिएको थियो ।

एकतामा संलग्न पार्टीहरूले निर्वाचन आयोगबाट प्राप्त गरेको प्रमाणपत्र, माइन्युट लगायतसहित नयाँ पार्टीको विधान र घोषणापत्रसहित आइतबार आयोगमा जाने नेपाली कम्युनिस्ट पार्टीका नेता राजेन्द्र पाण्डेले बताए । 'हामीले एकताकै दिन ठाडो निवेदन दिएका थियौँ । थप कागजातसहित हामी भोलि (आइतबार) आयोग जाँदै छौँ,' उनले भने । नेताहरूका अनुसार केन्द्रीय सदस्य टुंग्याउन बाँकी छ । आइतबारसम्म विधानलाई अन्तिम रूप दिने तयारी छ । नेताहरूका अनुसार कार्यदलको बैठक आइतबार बिहान बस्दै छ ।

माओवादी, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी, नेकपा (समाजवादी), नेपाल कम्युनिस्ट पार्टी, नेकपा (माओवादी-समाजवादी), नेकपा (साम्यवादी), माओवादी कम्युनिस्ट केन्द्र र देशभक्त समाजवादी मोर्चाले एकता गरेका छन् । एकीकृत पार्टीको नाम नेकपा र चुनाव चिह्न तारा छ ।

आयोगका कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुख सहसचिव यज्ञप्रसाद भट्टराईका अनुसार बुधबार साँझ आयोगमा निवेदन आएको र थप कागजात आउन बाँकी रहेको बताए ।

'नेपाली कम्युनिस्ट पार्टीको निवेदन र सम्झौतापत्र आएको छ,' कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुख भट्टराईले भने, 'विधान र अन्य कागजात आउन बाँकी छ ।'

यी हुन् दल दर्ताका लागि आएका २५ निवेदन

आयोगका अनुसार नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय ऊर्जाशील पार्टीसहित शनिबारसम्म २५ वटा दल दर्ताको प्रक्रियामा छन् । नेत्रविक्रम चन्द 'विप्लव'को कम्युनिस्ट पार्टी नेपाल, बुद्ध एयरका सञ्चालक वीरेन्द्रबहादुर बस्नेत सदस्य र दिनेश प्रसाईं अध्यक्ष रहेको गतिशील लोकतान्त्रिक पार्टी, रेशम चौधरी संस्थापक र कबिर सोव अध्यक्ष रहेको नागरिक उन्मुक्ति पार्टी नेपाल, काभ्रेका ज्ञानेन्द्रकुमार तामाङको उज्यालो नेपाल पार्टीको दर्ताका लागि निवेदन आएको छ । यसैगरी युवा अभियन्ता हिराप्रसाद सोती उर्फ किरण विकको राष्ट्रिय जेन-जी पार्टी, खगेन्द्र सुनारको नेतृत्वमा हाम्रो पार्टी नेपाल, पूर्वराजदूत नवराज सुवेदीको नवयुग पार्टी, अजयकुमार राईको राष्ट्रिय परिवर्तन पार्टी र गोपीलाल न्यौपानेको नेपाल लिभर पार्टी दर्ता लागि आयोगमा निवेदन परेको छ । यसैगरी हिमालयबहादुर चन्दको नेतृत्वमा नेपाल राष्ट्रिय युवा पार्टी, चन्द्रप्रकाश सुवेदीको नेतृत्वमा सुन्दर नेपाल निर्माण पार्टी, सविन सिग्देलको नेतृत्वमा राष्ट्र निर्माण पार्टी, रत्नप्रसाद श्रेष्ठको अध्यक्षतामा नागरिक सर्वोच्चता पार्टी नेपाल र रियाज अहमद शेषले राष्ट्रिय स्वराज पार्टी दर्ताका लागि आयोगमा निवेदन दिएका छन् ।

जेन-जी आन्दोलनअघि नौवटा दल दर्ताका लागि आयोगमा निवेदन आएका थिए । जसमा मंगोल नेसनल अर्गनाइजेसन डा. गोपाल गुरुङ, किराँत मोर्चा नेपाल, नेपाल गाउँसहर जागरण दल, स्वतन्त्र युवा पार्टी, नेपाल समृद्धि पार्टी, विद्यार्थी शक्ति अभियान पार्टी, रामराज्य परिषद्, अखिल नेपाल हिन्दु महासभा, नेपाली पार्टी छन् । यी दलहरूको आवश्यक कागजात नपुगेको र कतिपय सम्पर्कमा नआएको आयोगका सूचना अधिकारी सुमन घिमिरे बताए । नेपाल नागरिक पार्टी गठन गरेका वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले भने निवेदन फिर्ता लिएका छन् ।

हालसम्म दर्ता भएका १२५ दल

श्रम संस्कृति पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, जनस्वराज पार्टी, नेपाल मजदुर किसान पार्टी, नेकपा (माले), गान्धीवादी पार्टी नेपाल, नागरिक शक्ति नेपाल, युनाइटेड नेपाल डेमोक्रेटिक पार्टी, चुरेभावर लोकतान्त्रिक पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, राष्ट्रिय यथार्थवादी पार्टी नेपाल, नेपाल समावेशी पार्टी, राष्ट्रिय एकता पार्टी प्रजातन्त्रवादी, नेपाली ग्रिन्स पार्टी, नेपाल जनता पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल परिवार दल, मधेश तराई फोरम, आधुनिक नेपाल समाजवादी पार्टी, नेपाल नौलो जनवादी पार्टी, जनसेवा लोकतान्त्रिक पार्टी, नेकपा (मार्क्सवादी), नेपाल राष्ट्रवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी, मधेशी जनअधिकार फोरम मधेश, नेकपा (एमाले), संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेकपा (माओवादी केन्द्र), नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, शिव सेना नेपाल, बहुजन शक्ति पार्टी, नेपाल मानवता पार्टी, खम्बुवान राष्ट्रिय मोर्चा नेपाल, संघीय नेपाल पार्टी, नेपाल समाजवादी कांग्रेस, नेपाल जनता संरक्षण पार्टी, बहुजन समाज पार्टी नेपाल, जन-राष्ट्रवादी पार्टी नेपाल, समाजवादी पार्टी नेपाल, नेपाल जनता दल, राष्ट्रवादी एकता पार्टी, जनप्रिय लोकतान्त्रिक पार्टी, लोक दल, देशभक्त समाज, मितेरी पार्टी नेपाल, अखण्ड सुदूरपश्चिम पार्टी नेपाल, संघीय विकासवादी पार्टी नेपाल, राष्ट्रिय विकास पार्टी, नेपाः राष्ट्रिय पार्टी, राष्ट्रिय एकता मञ्च, जनजागरण पार्टी नेपाल, नेपालवाद पार्टी, विकासशील जनता पार्टी, राष्ट्रिय नागरिक पार्टी, नेपाल जनमुक्ति पार्टी, जनसमाजवादी पार्टी नेपाल, त्रिमूल नेपाल, राष्ट्रवादी युवा मोर्चा, नेपाल समाजवादी पार्टी (लोहियावादी), इतिहासिक जनता पार्टी, आमूल परिवर्तन रिपब्लिकन पार्टी नेपाल, जनप्रजातान्त्रिक पार्टी नेपाल, मंगोल नेसनल अर्गनाइजेसन, नेपाल संघीय समाजवादी पार्टी, आमआदमी पार्टी नेपाल, राष्ट्रिय समाजवादी पार्टी नेपाल, नेपालका लागि नेपाली पार्टी, संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल, नेपाली कांग्रेस (बिपी), विवेकशील साझा पार्टी, सामाजिक लोकतान्त्रिक पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल, नेपाल मातृभूमि पार्टी, नेपाल लोकतान्त्रिक पार्टी, राष्ट्रिय जनमुखी पार्टी लोकतान्त्रिक, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, जनमत पार्टी, मौलिक जरोकिलो पार्टी, माओवादी कम्युनिस्ट पार्टी नेपाल, नेकपा मार्क्सवादी (पुष्पलाल), नेपाल सद्भावना पार्टी, राष्ट्रिय साझा पार्टी, माओवादी जनमुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी नेपाल, जनताको जनवादी पार्टी नेपाल, सचेत नेपाली पार्टी, नेस्नलिस्ट पिपुल्स पार्टी, नेपाल कम्युनिस्ट पार्टी (लोकतान्त्रिक), नेपाल कम्युनिस्ट पार्टी परिवर्तन, नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, बहुजन एकता पार्टी नेपाल, समाजवादी केन्द्र नेपाल, नेकपा (समाजवादी), राष्ट्रिय सद्भावना पार्टी, उन्नत लोकतान्त्रिक पार्टी, राष्ट्रिय जनता पार्टी नेपाल, नेपाल विवेकशील पार्टी, तराई-मधेश लोकतान्त्रिक पार्टी, नेपाली जनएकता पार्टी, आमजनता पार्टी, जनता प्रगतिशील पार्टी नेपाल, संयुक्त नागरिक पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), साझा पार्टी नेपाल, नेकपा (गौरवशाली), नेकपा (माओवादी-समाजवादी), देशभक्त लोकतान्त्रिक पार्टी नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी, हाम्रो नेपाली पार्टी, पुनर्जागरण पार्टी नेपाल, नेकपा एकता राष्ट्रिय अभियान, समावेशी समाजवादी पार्टी नेपाल, जय जन्मभूमि पार्टी नेपाल, राष्ट्रवादी केन्द्र नेपाल, राष्ट्रिय समता पार्टी नेपाल, प्रगतिशील समाजवादी पार्टी, नेसनल रिपब्लिक नेपाल, राष्ट्रिय मातृभूमि पार्टी, जनता समाजवादी पार्टी, परिवर्तन पार्टी, नेपाल जनजागृति पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सेती प्रादेशिक अस्पताल
धनगढी, कैलाली, नेपाल

बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०७/२३)

यस अस्पताललाई आवश्यक पर्ने देहायका सेवाहरु खुला बोलपत्र (E-GP) को माध्यमबाट खरिद गर्नका लागि बिद्युतिय बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

सि नं	बोलपत्रको विवरण	बोलपत्र नं
1	Procurement of House keeping and Office helper services	SPH/NCB/service/04/082/83
2	Procurement of Security services	SPH/NCB/service/03/082/83

सूचनाको विस्तृत विवरण www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA Complex, Satdobato, Lalitpur, Nepal

Invitation for Bids

Contract Identifiction no.: ANFA/BID/NCB/10/082-83

Date of Publication: 9th November 2025

1. The **All-Nepal Football Association ANFA, Satdobato** invites bids from eligible bidders for the **Supply and Delivery of Grocery Items** under **National competitive bidding – Single Stage Single Envelope procedures**.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **All Nepal Football Association (ANFA), [Satdobato, Lalitpur, Ph. no. 01-5201060 Email: procument@the-anfa.com]** or through our website at : **www.the-anfa.com (more>downloads>general>NCB Groceries)**
3. Bidders, submitting their bid, should deposit the cost of bidding document of **NRs. 1000** in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Nepal Investment Mega Bank Limited, Durbarmarg**
   Name of the Office : **All Nepal Football Association**
   Office Account No. : **00101010031354**
4. Bids must be submitted to the office **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur** by hand/courier on or **before 12.00 PM** on **10th December 2025**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14.00 PM** on **10th December 2025** at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur**. Bids must be valid for a goods or **90 days** from the date of bid opening.
6. The name and identification of the contracts (packages/Lots) are as follows:

Description	Bid Security (Nrs)
Lot/Package A : Packated Goods	1,25,000
Lot/ Package B : Green Vegetables and Fruits	50,000
Lot/ Package C : Meat Items	50,000
Lot/ Package D : Water	5,000
Total	2,30,000

7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. **ANFA** reserves the sole right for proposal/bid selection or rejection without assigning any reason whatsoever.

■ रास्वपा विस्तारित बैठक

समानुपातिकमा २७ प्रतिशत ४० वर्षमुनिका युवालाई उम्मेदवार बनाउने निर्णय

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा जेनजी आन्दोलनको मर्मअनुसार समानुपातिकतर्फ २७ प्रतिशत ४० वर्षका युवालाई उम्मेदवार बनाउने निर्णय गरेको छ। चितवनको सौराहामा शनिबार सम्पन्न केन्द्रीय समितिको विस्तारित बैठकले यस्तो निर्णय गरेको हो।

रास्वपाले युवा प्रतिनिधित्व र राजनीतिक नेतृत्वको पुस्तान्तरणका लागि समानुपातिक बन्दसूचीमा कम्तीमा २७ प्रतिशत युवा (२५-४० वर्ष)को अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्ने भनेको छ। पार्टीको समानुपातिक बन्दसूचीमा २७ प्रतिशत युवा सुनिश्चितताका लागि २०७८ को जनगणनालाई आधार बनाइएको छ जसअनुसार २५ देखि ४० वर्षको युवा पुस्ताले देशको २७ देखि २८ प्रतिशत जनसंख्या ओगटेको उल्लेख छ।

प्रवास (डायस्पोरा) रिटर्न पाथवेको पार्टीको मर्मलाई आत्मसात् गर्दै देशका लागि सीप, ज्ञान र अन्तर्राष्ट्रिय एक्स्पोजर लिएर फर्किन इच्छुक नागरिकलाई राजनीतिक रूपमा औपचारिक प्रवेश-ढोका खोल्ने उद्देश्यले बन्दसूचीमा कम्तीमा १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिने पनि प्रतिवेदनमा उल्लेख छ। उम्मेदवारको छनोट लिडरसिप एकेडेमी र पोलिटिकल प्रोक्सिमिटी मापनसहित प्रारम्भिक निर्वाचनबाट हुनेछ।

रास्वपाले पार्टीपंक्तिलाई चुनावको तयारीमा लाग्न निर्देशन दिँदै समानुपातिक उम्मेदवार छनोट प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो। सहमहामन्त्री विपिनकुमार आचार्यले प्रस्तुत गरेको उम्मेदवार छनोट रूपरेखामा आधारित रहेर शनिबारदेखि उम्मेदवारी आह्वान गरिएको प्रवक्ता मनीष झाले बताए। निर्वाचन आयोगले १५ मंसिरमा समानुपातिकतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेर कार्यतालिका अगाडि बढाउँदै छ। कार्यतालिकाअनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूची पेस गर्न आयोगले १८ र १९ पुसको समय तोकेको छ। रास्वपाले करिब दुई महिनाअगावै उम्मेदवारी छनोट प्रक्रिया अगाडि बढाएको हो।

रास्वपाले घोषित निर्वाचनको परिणाम देश र जनताको सर्वोपरी हित एवं राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा हुने गरी जनमत निर्माणमा लाग्न पार्टीका सम्पूर्ण संरचना, सदस्य एवं शुभेच्छुकलाई आह्वान गरेको छ। 'पार्टीले अगाडि सारेका दृष्टिकोण, एजेन्डा र उम्मेदवारको पक्षमा मतमार्फत जनविश्वास व्यक्त हुने गरी प्रभावकारी योजना निर्माण एवं परिचालनमा केन्द्रित हुन पार्टी संरचना र पंक्तिलाई विशेष आग्रह गर्दछौं,' प्रवक्ता झाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

विस्तारित बैठकले प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवार छनोटलगायत चुनावी प्रक्रिया पूर्णतः पारदर्शी, निष्पक्ष र जनविश्वासयोग्य बनाउने प्रतिबद्धता जनाएको छ। साथै, चुनावकेन्द्रित संयन्त्र, मापदण्ड र विधि निर्माण गर्दा पार्टी संरचना र पंक्तिको अपनत्व हुने वातावरण बनाउन केन्द्रीय समितिको विशेष ध्यानाकर्षण पनि गराएको छ।

रास्वपाले निर्वाचनको ६ महिनापछि महाधिवेशन गर्ने निर्णय गरेको छ। 'अप्रत्याशित राजनीतिक परिस्थितिका कारण फागुनमा प्रतिनिधिसभा सदस्यको निर्वाचन हुने भएकाले पूर्वघोषित मिति (फागुन ७-९) मा महाधिवेशन गर्न नसकिने वस्तुगत परिस्थिति महसुस गर्दै चुनाव भएको ६ महिनाभित्र महाधिवेशन गर्ने गरी तालिका ल्याउन केन्द्रीय समितिलाई आग्रह गर्दछ,' विस्तारित बैठकको निर्णय छ, 'चुनावी अभियानसँगै तल्ला समितिहरूको अधिवेशनलाई निरन्तरता दिन प्रतिबद्ध छौं।'

केन्द्रीय समितिको विस्तारित बैठकमा चुनावी वाचापत्रको अवधारणा प्रस्तुत गरेका उपसभापति स्वर्णिम वाग्लेले रास्वपालाई अब किन छान्ने भनेर पाँचवटा तर्क आउने बताए। 'रास्वपालाई अब किन छान्ने, पाँचवटा तर्क आउँछन्। त्यसपछि वाचापत्रको मूल खण्ड हुन्छ। हाम्रा २२ वटा मन्त्रालयलाई १५ वटामा क्लस्टरिङ गरेर पाँचवटा खम्बामा विभाजित गरेर न्याय, अर्थ, निर्माण, लोककल्याण र अस्तित्वको खम्बा राख्छौं। अहिले नेपालको स्थिति कहाँ छ, दुई चार वर्षमा कहाँ पुऱ्याउँछौं र विसं २१०० मा पनि हामी कहाँ पुऱ्याउँछौं भनेर १८ वर्षको लामो भिजन पनि हामी दिनेछौं,' उनले भने। वाचापत्रमा प्रदेश, पालिका, वडा, विज्ञहरूको छलफल गरिने र १५ माघमा सार्वजनिक गरिने उनले बताए। रास्वपाले २१ फागुनका लागि घोषित प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउने आधार तयारीका लागि दलहरूसहित सम्बद्ध सरोकारवालासँगको संवादलाई घनिभूत बनाउन तथा सुरक्षालगायत प्राविधिक र बन्दोबस्तीका अन्य तयारीलाई क्रमशः मजबुत र प्रभावकारी बनाउनेतर्फ सरकारलाई थप गम्भीर हुन आग्रह गरेको छ।



■ समानुपातिक छनोट विधि, दोहोऱ्याएर सांसद बन्न नपाउने

रास्वपाले समानुपातिक उम्मेदवार छनोटको मापदण्ड पनि निर्धारण गरेको छ। रास्वपाले उम्मेदवारीको थप योग्यतामा सार्वजनिक पदको दुरुपयोग नगरेको स्वघोषणा, शैक्षिक प्रमाणपत्रको प्रमाणीकरणको स्वघोषणा, वैवाहिक अवस्थाको वैध स्पष्टताको स्वघोषणा, सार्वजनिक रूपमा प्रमाणित (अनलाइनसहित) घृणात्मक अभिव्यक्ति, दुर्व्यवहार/धम्की, जात-लिंगका आधारमा अपमान वा कमजोर समूहको शोषणजस्ता आचरण नगरेको स्वघोषणा र आफूले परिवारको वा एकै घर सदस्यले आफ्ना आधारभूत आवश्यकता आफू प्रतिनिधिसभा सदस्य हुँदासम्म स्थिर रूपमा पूरा गर्न सक्ने नियमित र पारदर्शी आम्दानी स्रोतको स्वघोषणालाई अनिवार्य बनाएको छ। रास्वपा सहमहामन्त्री आचार्यका अनुसार परम्परागत समानुपातिक बन्दसूचीको खाकालाई थप उन्नत, वैज्ञानिक र वस्तुपरक बनाउँदै पार्टीले संविधानले निर्दिष्ट गरेको जातीय क्लस्टर मात्र नभई क्लस्टर मा आधारित जनसांख्यिक प्रादेशिक अनुपात र ०७९ को आमनिर्वाचनमा पार्टीले प्राप्त गरेको समानुपातिक मतको प्रादेशिक अनुपातका आधारमा ११० जना उम्मेदवारको बन्दसूचीको खाका निर्माण गरेको हो। 'यो व्यवस्थाले प्रदेशको समानुपातिक प्रतिनिधित्व मात्र सुनिश्चित गरेको छैन, प्रदेशको क्लस्टरमा आधारित जनसांख्यिक अनुपातलाई पनि सम्बोधन गरेको छ,' उनले भने। जेन-जीको स्पिरिटको प्रतिनिधित्वलाई समानुपातिक बन्दसूचीमा समेट्दै २५ देखि ४० वर्षबिचका युवाका लागि उनीहरूको जनसंख्या अनुपातकै आधारमा २७ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको उनले बताए। प्रवासबाट उम्मेदवार बन्न फर्किने नेपालीका लागि १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको छ। रास्वपाले ०७९ को प्रतिनिधिसभामा समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्य बनेका पार्टी सदस्यहरूले २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ उम्मेदवारी दिन नपाउने व्यवस्था पनि गरेको सहमहामन्त्री आचार्यले बताए।

■ लामिछानेको मुद्दा द्रुत न्यायिक प्रक्रियाबाट टुंग्याउन माग

रास्वपाले सभापति रवि लामिछानेमाथि राजनीतिक प्रतिशोध साधेर लगाइएको मुद्दा टुंग्याउन माग गरेको छ। 'राजनीतिक प्रतिशोधको परिणामस्वरूप दायर गरिएको एक नियोजित र बद्नियतपूर्ण भएको र यसले लोकतान्त्रिक अभ्यासमाथि प्रहार गर्दै जनविश्वासलाई समेत कमजोर पार्ने काम गरेको छ भन्ने ठान्दछ। सरकारले शक्तिको दुरुपयोग गर्दै विपक्षी विचारलाई दबाउने यस प्रवृत्तिले जनताको म्यान्डेटमाथि प्रत्यक्ष प्रहार गरेको छ। देशभर सञ्चालन गरिएको हस्ताक्षर अभियानमार्फत ४० लाखभन्दा बढी नागरिकले पनि यो मुद्दा राजनीतिक प्रतिशोध र अन्यायपूर्ण भएको भनी ऐक्यबद्धता जनाएका छन्,' निर्णयमा भनिएको छ, 'त्यसैले राष्ट्रिय स्वतन्त्र पार्टी राजनीतिक प्रतिशोधको उपकरणका रूपमा प्रयोग गरिएका मुद्दाहरूलाई न्यायालयले निष्पक्ष, स्वतन्त्र र द्रुत न्यायिक प्रक्रियामार्फत निष्कर्षमा पुऱ्याउन माग गर्दछ।'



कार्यवाहक सभापति डिपी अर्यालले राजनीतिक प्रतिवेदन, उपसभापति डा. स्वर्णिम वाग्ले चुनावी वाचापत्रको अवधारणा, महामन्त्री कवीन्द्र बुर्लाकोटीले सांगठनिक प्रतिवेदन, सहमहामन्त्री विपिनकुमार आचार्यले उम्मेदवार छनोट रूपरेखा र सचिवालय सदस्य दीपक बोहाराले हस्ताक्षर अभियानसम्बन्धी प्रतिवेदन पेस गरेका थिए। विस्तारित बैठकमा केन्द्रीय सदस्य डा. तोसिमा कार्की, केन्द्रीय संगठन विभागका सचिव शंकर श्रेष्ठ तथा चितवन, झापा, रुपन्देही जिल्ला समितिले सुझाव पेस गरेका थिए।

पूर्वमन्त्री आलमको मृत्यु

इँटाभट्टामा जिउँदै मान्छे जलाएको लागेको थियो अभियोग

नयाँ पत्रिका

कांग्रेस नेता तथा पूर्वमन्त्री मोहम्मद आफताव आलमको मृत्यु भएको छ। सिनामंगलस्थित केएमसी अस्पतालमा शनिबार बिहान उनको मृत्यु भएको हो। स्वास्थ अवस्था बिग्रिएपछि उनलाई उपचारका लागि अस्पताल भर्ना गरिएको थियो। आइसियूमा राखेर उपचारकै क्रममा मृत्यु भएको हो।

आलम लामो समयदेखि सुगर तथा उच्च रक्तचापबाट ग्रसित थिए। उनलाई दसैँअघि नै अस्पताल भर्ना गरिएको थियो। यसअघि उनको भारतको नयाँदिल्लीस्थित मेदान्त अस्पतालमा उपचार गरिएको थियो। रौतहटको राजापुरस्थित इँटाभट्टामा जिउँदै जलाएर व्यक्ति हत्या गरेको अभियोगमा जेलमा रहेका पूर्वमन्त्री आलमले उच्च अदालत जनकपुर वीरगन्ज इजलासबाट गत १४ जेठमा सफाइ पाएका थिए। जेलबाट छुटेलगतै उनलाई मस्तिष्कघात भएको थियो। त्यसलगत्तै उनलाई माइतीघरस्थित अन्नपूर्ण न्युरो अस्पतालमा भर्ना गरिएको थियो। सात दिनको उपचारपछि उनी घर गएका थिए। तर, स्वास्थ्यमा उल्लेख सुधार हुन सकेको थिएन।



जिल्ला अदालत रौतहटले १३ वैशाख ०८१ मा इँटाभट्टामा जिउँदै जलाएर व्यक्ति हत्या गरेको अभियोग ठहर गर्दै पूर्वमन्त्रीसमेत रहेका आलमसहित महताव आलम, शेष सेराज र बद्री सहनीविरुद्ध जन्मकैदको फैसला सुनाएको थियो। मेहताव आफतावका सहोदर भाइ हुन्। सेराज र बद्री उनका सहयोगी हुन्। जिल्ला अदालतका न्यायाधीश मातृकाप्रसाद आचार्यले इजलाशले उनीहरूविरुद्ध जन्मकैदको फैसला गरेको थियो। त्यस्तै, घटनामा जोडिएका मोहम्मद मोबिन, शेष फजले हक, शेष भदई, सागिर आलम, गौरीशंकर साह र शेष मालाकारको हकमा मुद्दा मुल्तबी राखिएको थियो। घटनामा जोडिएका मुक्ति साहले भने सफाइ पाएका थिए। उच्चले साहको सन्दर्भमा भने जिल्ला अदालत रौतहटकै फैसला सदर गरेको थियो।

कांग्रेसले आलमको सम्मानमा पार्टीको झन्डा तीन दिन आधा झुकाउने भएको छ। शनिबार पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा बसेको कांग्रेस केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले आलमको सम्मानमा केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालहरूमा २२, २३ र २४ कात्तिकमा पार्टीको आधा झन्डा झुकाउने निर्णय गरेको हो।

आलमको निधनप्रति कांग्रेसले दुःख व्यक्तसमेत गरेको छ। साथै, २३ कात्तिकमा केन्द्र, प्रदेश र जिल्लाका सबै कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयमा शोक पुस्तिका राख्ने र सम्बन्धित जिल्लामा शोकसभाको आयोजना गर्ने निर्णय भएको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले बताए।

संक्षेप

देशभरिका वडामा एमालेको जनपरिचालन भेला

काठमाडौं/ एमालेले देशभरिका वडाहरूमा जनपरिचालन भेला सम्पन्न गरेको छ। प्रतिनिधिसभाको पुनर्स्थापनाको पक्षमा उसले देशका ६ हजार सात सय ४३ वटै वडामा शनिबार एकैपटक जनपरिचालन भेला सम्पन्न गरेको हो। जनपरिचालनअन्तर्गत एमालेले २५ कात्तिकमा सात सय ५३ वटै पालिकामा प्रदर्शन, २९ कात्तिकमा जिल्ला सदरमुकाममा प्रदर्शन र सभा तथा ६ मंसिरमा काठमाडौंमा बृहत् आमसभा गर्दै छ। त्यही तयारीअन्तर्गत भेला सम्पन्न भएको केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले बताए। वडा तहका भेलामा एमालेका जिल्ला र पालिकास्तरीय नेताहरू, वडा कमिटी, जनवर्गीय संगठन र संगठित सदस्यहरू परिचालित छन्। १५ कात्तिकमा सम्पन्न केन्द्रीय सचिवालय बैठकले २७ देखि २९ मंसिरमा सम्पन्न महाधिवेशन तयारीलाई संसद् पुनर्स्थापनाका पक्षमा देशैभर जनपरिचालन गरेर अवसरका रूपमा उपयोग गर्ने नीतिअन्तर्गत कार्ययोजना पास गरेको थियो। जेन-जी आन्दोलनपछि सत्ताच्युत भएर किनारीकृत भएसँगै एमालेले पहिलोपटक सम्पूर्ण शक्ति परिचालित गर्दै जनपरिचालन अभियानलाई तीव्रता दिएको हो।

सवारी दुर्घटनामा तीनजनाको मृत्यु

कास्की/ सवारी दुर्घटनामा परी लमजुङ दुई र बागलुङमा एक गरी तीनजनाको मृत्यु भएको छ। लमजुङको मर्स्याङ्दी गाउँपालिका- ६ स्थित नाइचेमा निर्माण हुँदै गरेको हिडिखोला जलविद्युत् परियोजनाका लागि मर्स्याङ्दी- ३ स्थित खुदीबाट सिमेन्ट लिएर जाँदै गरेको बा८च ३७३१ नम्बरको बोलेरो जिप दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय लमजुङका सूचना अधिकारी ज्ञानेन्द्रबहादुर क्षेत्रीले जानकारी दिए। उनका अनुसार मृत्यु हुनेहरूमा दोलखा मेलुङ- ४ घर भएका जिपचालक ३० वर्षका विनोद खड्का र २५ वर्षका पारस खड्का छन्। यस्तै, बागलुङको बुर्तिबाङस्थित बोबाङबाट ढोरपाटनतर्फ जाँदै गरेको ग३च ३८१९ नम्बरको पिकअप जिप दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। चारजना घाइते भएका छन्। ढोरपाटन नगरपालिका- ९, चौबिरमा भएको दुर्घटनामा परी २३ वर्षीय राजेन्द्र अदैको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङ सूचना अधिकारी केशव थापाले बताए।

बिहारमा विधान सभा निर्वाचन, तीन दिनका लागि नाका सिल

विराटनगर/ भारतको बिहारमा आगामी मंगलबार हुने दोस्रो चरणको विधान सभा निर्वाचनका लागि विराटनगरको जोगबनीसहित तीन दिनका लागि कोशी प्रदेशका सबै नाका बन्द भएका छन्। ११ नोभेम्बर अर्थात् २५ कात्तिकमा हुने निर्वाचनका लागि भारतको विहार राज्य र नेपालको कोशी प्रदेशका झापा, मोरङ र सुनसरीसँग जोडिएका सीमावर्ती नाकाहरू शनिबारदेखि मंगलबारसम्मका लागि पूर्ण रूपमा बन्द गरिएको हो। निर्वाचनलाई सुरक्षित बनाउन भारतीय पक्षको आग्रहमा शनिबारदेखि मंगलबार साँझसम्मका कोशी प्रदेशका सबै नाका बन्द भएको मोरङ प्रशासनले जनाएको छ। तीन दिनको अवधिमा आपत्कालीन सेवा वा अत्यावश्यक कारणबाहेक सीमा पार गर्न दुवै देशका नागरिकहरूले अनुमति पाउनेछैनन्।

जलेर युवकको मृत्यु

लहान/ सिराहाको लहान नगरपालिका- ५ मा एक युवकको जलेर मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय करिब २५ वर्षीय अरुण पासवान रहेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ। घरमा कोही नभएका बेला शनिबार साँझ करिब साढे ५ बजेतिर लहान-५ स्थित खुट्टीपारि रहेको कच्ची घरको ढोकामा चुकुल लगाएर आगो लगाउँदा उनको त्यहीं जलेर मृत्यु भएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय लहानबाट घटनास्थल प्रहरी टोली पुग्दा उनको मृत्यु भइसकेको पाइएको उनले बताए। घटनास्थलको मुचुल्का उठाएर शव पोस्टमार्टमका लागि लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल पठाइएको प्रहरीले जनाएको छ।

■ नेपाली कागज उत्पादनमा व्यस्त हात



भक्तपुरको चाँगुनारायणमा परम्परागत रूपमा नेपाली कागज बनाउँदै गरेका श्रमिक। यस्ता कागज हातले तयार पारिन्छन् र विभिन्न कामका लागि प्रयोग गरिन्छ। पत्र, सजावट वस्तुका साथै पूजाका लागि धुप बनाउन पनि नेपाली कागज प्रयोग हुने गर्छ। यसले स्थानीय समुदायलाई रोजगारीको अवसर पनि प्रदान गरेको छ। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

एक साताभित्र गुरुङको नागरिकता छानबिन गर्न युवा संघको अल्टिमेटम

छानबिन नभए आफैंले पक्रेर प्रहरीलाई बुझाउने निर्णय

काठमाडौं/ एमालेको भ्रातृसंगठन राष्ट्रिय युवा संघले 'हामी नेपाल' संस्थाका संस्थापक सुदन गुरुङको नागरिकता छानबिनका लागि सरकारलाई एकहप्ते अल्टिमेटम दिएको छ। शनिबार बसेको संघको पदाधिकारी बैठकले तोकिएको समयसीमाभित्र छानबिन गरी वास्तविकता सार्वजनिक नगरे उनलाई खोजेर छानबिनका लागि प्रहरीलाई जिम्मा लगाई कानुनी प्रक्रियामा ल्याउने निर्णयसमेत गरेको छ।



सुदन गुरुङ

'सुदन गुरुङको नागरिकता सक्कली हो कि नक्कली ? यसको छानबिन गरी एक हप्तामा सार्वजनिक गर्न सरकारलाई अल्टिमेटम दिएका छौं,' संघका प्रवक्ता निरोज पौडेलले भने, 'यदि सरकारले छानबिन गरी सार्वजनिक गरेन भने युवा संघले उनलाई खोजेर प्रहरीमा जिम्मा लगाएर कानुनी प्रक्रियामा ल्याउनेछ।'

गुरुङले एमाले नेता महेश बस्नेतलाई सामाजिक सञ्जालमार्फत जवाफ दिएका छन्, 'मेरो १० पुस्ते निस्केपछि मेरो नागरिकता तपाईंको निधारमा सुपरग्लुले प्ल्याट्ट पारेर टाल्दिन्छु।' २३ भदौको जेन-जी आन्दोलनमा दमन गरेको अभियोगमा तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरी छानबिन गर्न माग गर्दै आएका छन्।

संघका अध्यक्ष क्षितिज थेवेको अध्यक्षतामा सम्पन्न बैठकले जेन-जी आन्दोलनले क्षति पुऱ्याएको पार्टी अध्यक्ष ओलीको तेह्रथुमको आठराईको निवास निर्माण गरी क्षति पुगेका पार्टी नेता-कार्यकर्ताहरूको घर पुनर्निर्माण गर्ने अभियानको सुरुवात गर्ने निर्णय पनि गरेको छ।

■ बाँके कारागारमा क्षमताभन्दा दोब्बर बढी कैदीबन्दी

३५० अट्ने कारागारमा ३१६ कैदीबन्दी लागुऔषधका

बाँकेमामा **विश्वराज पछ्लडङ्गया**

नेपालगन्जस्थित बाँके जिल्ला कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी राखिएको छ। जेन-जी प्रदर्शनपछि उत्पन्न परिस्थितिपछि जिल्ला कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी राख्नुपरेको जेलर प्रकाश ढुंगानाले जानकारी दिए। 'देशैभरका कारागारमा क्षमताभन्दा धेरै कैदीबन्दी भएकाले यहाँको अवस्था पनि सामान्य मान्नुपर्छ। सरकारले तोकेको रासन, पानी पाएको अवस्था छ,' उनले भने।

कुल तीन सय ५० कैदीबन्दी अट्ने कारागारमा सात सय ९७ कैदीबन्दी तथा थुनुवा राख्नुपरेको उनले बताए। यहाँ रहेका कैदीबन्दीमध्ये सबैभन्दा बढी लागुऔषध कारोबार, जबर्जस्ती करणी र कर्तव्यज्यान मुद्दाका रहेको उनले बताए। 'लागुऔषध कारोबारीले यो कारागार भरिएको छ,' उनले भने। लागुऔषधका तीन सय १६, जबर्जस्ती करणीका एक सय २९ र कर्तव्य ज्यानसम्बन्धी एक सय १८ जना कैदीबन्दी कारागारमा छन्। महिला कैदीबन्दी गृह नहुँदा बर्दिया कारागारमा पठाउने गरिएको उनले जानकारी दिए। 'महिला कैदीबन्दी गृह नहुँदा बर्दिया कारागारमा पठाउने गरिएको छ,' उनले भने, 'कारागारमा अस्थायी रूपमा एक महिला बन्दी राखिए पनि बर्दिया पठाउनुपरेको छ।'



कारागारमा कैदीबन्दीका लागि पिउने पानी, सरसफाइ र स्वास्थ्य उपचारको सामान्य सुविधा मात्र रहेको जेलर ढुंगानाले बताए। 'स्वच्छ पानीका लागि समरसेल र मिनरल वाटरको व्यवस्था गरिएको छ। ए र बी ब्लकमा ११ वटा शौचालय सञ्चालनमा छ,' उनले भने। आधारभूत तहको विद्यालय सञ्चालनमा रहेको सो कारागारमा कक्षा १-५ सम्म ९८ जना कैदीबन्दी अध्ययनरत रहेको जेलर ढुंगानाले बताए।

कारागारको प्रशासनिक भवन जीर्ण हुँदा कर्मचारीलाई काम गर्न असहज भएको बताउँदै उनले घर भत्किने डरले बाहिर बसेर काम गर्नुपरेको उनले बताए। 'जीर्ण भवनमा बसेर काम गर्दा असुरक्षित महसुस भएपछि बाहिर बसेर दैनिक काम गर्नुपरेको छ,' उनले भने।

ढुंगानाले अदालतबाट कैदीपुर्जी ढिलो आउने, पुनरावेदन म्यादमा ढिलाइ हुने, कैदीबन्दीका उजुरी समयमा सम्बोधन नहुनेलगायत समस्या देखिएको अनुगमन टोलीका सदस्य वसन्त गौतमले बताए। बाँकेमा क्रियाशील मानव अधिकारकर्मी संस्थाका प्रतिनिधिले कारागारको अनुगमन गरेका हुन्।

■ कैलाली कारागारबाट फरारमध्ये लागुऔषध र करणी मुद्दाका कैदीबन्दी धेरै

धनगढी/ जेन-जी आन्दोलनका क्रममा कैलाली कारागारबाट निस्किएका २६० कैदीबन्दी अझै फरार छन्। आन्दोलनकारी प्रवेश गरेपछि कारागारमा रहेका ६६७ मध्ये ६६५ जना कैदीबन्दी निस्किएका थिए। कारागार प्रशासनले २६० जनाबाहेक अन्य कैदीबन्दी कारागार फर्किएको जनाएको छ। अधिकांश कैदीबन्दी आफैं कारागार फर्किएका हुन् भने कतिपयलाई प्रहरीले पक्राउ गरेर कारागार पुऱ्याएको हो। फरारमध्ये धेरैजसो लागुऔषध र जबर्जस्ती करणी मुद्दाका कैदीबन्दी रहेको कैलाली कारागार प्रमुख चिरञ्जीवी सापकोटाले बताए। कारागार प्रशासनका अनुसार लागुऔषध मुद्दाका ९३ जना तथा जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योग मुद्दाका ७७ जना कैदीबन्दी फरार छन्।

कर्तव्य ज्यान, ज्यानसम्बन्धी कसुर र आत्महत्या दुरुत्साहन मुद्दाका ४७ जना कैदीबन्दी फरार रहेको कारागारको तथ्यांक छ। ज्यान मार्ने उद्योग, डाँका चोरी, हातहतियार तथा खरखजाना, ठगी, किर्तेलगायत मुद्दाका कैदीबन्दी फरार छन्। 'यहाँ लागुऔषध मुद्दा धेरै रहेछन्। फरारमध्ये धेरै लागुऔषध मुद्दाकै छन्,' उनले भने। २६० कैदीबन्दी अझै फरार रहेका र फरार रहेकाको सूची प्रहरीलाई दिइएको कारागार प्रमुख सापकोटाले बताए। त्यसमध्ये १९ जना भारतीय नागरिक रहेको उनको भनाइ छ। हत्या, करणीजस्ता जघन्य अपराधमा संलग्न तथा मुछिएका कैदीबन्दी फरार हुँदा जिल्लामा सुरक्षा चुनौती बढेको छ। जिल्ला प्रहरी कार्यालयले भने त्यस्तो चुनौतीलाई ध्यानमा राखेर सुरक्षा सतर्कता अपनाइएको बताएको छ। जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले फरार कैदीबन्दी पक्राउ गर्न विशेष प्रहरी टोली परिचालन गरिएको बताए।

ट्रेड युनियन आन्दोलनको अबको दिशा

अब ट्रेड युनियन आन्दोलनलाई पार्टीहरूले राजनीतिक स्वार्थअनुकूल 'उपयोग' गर्ने प्रवृत्तिलाई चिनेर, बुझेर अगाडि बढ्नुपर्ने स्थिति आएको छ



● प्रेमलकुमार खनाल

अग्रलेख

जेन-जी आन्दोलनपछि समाजका हरक्षेत्रमा गठन, पुनर्गठन, रुपान्तरण, ध्रुवीकरण र एकताको लहर अगाडि बढेको छ। खासगरी राजनीतिक दलभित्र ठुलै उथलपुथलकारी घटना घटेका छन्।

श्रम क्षेत्रमा क्रियाशील ट्रेड युनियनभित्र पनि समाजमा घटिरहेका घटनाक्रमले प्रभाव पार्नु स्वाभाविक हो। ट्रेड युनियन आन्दोलनले विगतमा निर्वाह गरेको भूमिका, प्राप्त उपलब्धिसँगसँगै आन्दोलनमा आन्तरिक एवं बाह्य हिसाबले गम्भीर चुनौती खडा भएका छन्। यस्तो स्थितिमा उत्पन्न चुनौतीको समग्र विवेचना एवं समीक्षा गरेर पुनर्संरचना गरी ट्रेड युनियन आन्दोलनलाई एकताबद्ध बनाउनुपर्ने टड्कारो आवश्यकता रहेको छ।

नेपालमा ट्रेड युनियन आन्दोलन सुरु भएको आठ दशक व्यतीत भएको छ। सुरुवातमा श्रमिकको एउटा मात्र युनियन हुन्छ भन्ने मान्यतासाथ विराटनगरका जुटमिल कारखानाका मजदुरले 'मजदुर सभा' गठन गरे। यही युनियनका नामबाट ऐतिहासिक आन्दोलन गरे। मजदुर आन्दोलनको परिणामस्वरूप वि.सं. २००५ को अन्तरिम संविधानमा मजदुर प्रतिनिधि विधान सभामा रहने संविधान जारी भएको थियो। २००३ मा नेपाली कांग्रेस पार्टी र २००६ मा नेपाल कम्युनिस्ट पार्टी स्थापना भयो। यी दुई पार्टीलगायत अन्य राजनीतिक शक्तिको नेतृत्वमा २००७ मा निरंकुश जहानियाँ राणा शासनको अन्त्य भयो।

विराटनगरको मजदुर आन्दोलनको रापतापले २००७ को क्रान्ति सफल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। तर, २००७ को परिवर्तनसँगै श्रमिक आन्दोलनमा दुई धार देखा पऱ्यो। २००३ मा स्थापना भएको नेपाली कांग्रेस र २००६ मा नेपाल कम्युनिस्ट पार्टीनिकटका आआफ्नै ट्रेड युनियन खडा भए। नेपाल कम्युनिस्ट पार्टीको जनसंगठनका रूपमा अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुक) र नेपाली कांग्रेस पार्टीको जनसंगठनका रूपमा नेपाल ट्रेड युनियन कांग्रेस स्थापना भयो। यसरी हेर्दा ट्रेड युनियन आन्दोलनमा दुई विचार- प्रगतिशील, वामपन्थी र अर्को प्रजातान्त्रिक समाजवादी धारका आधारमा ट्रेड युनियन क्रियाशील भए। २०१७ मा राजनीतिक दल र ट्रेड युनियन प्रतिबन्धित भएपछि ट्रेड युनियनका गतिविधि पनि प्रतिबन्धित भए। पञ्चायत कालमा विराटनगर, काठमाडौंलगायत सहरका मजदुरले आफ्ना पेसागत माग राखेर ठुल्ठुला आन्दोलन पनि गरे। तर, खुला हिसाबले ट्रेड युनियनका गतिविधि सञ्चालन भएनन्।

०४६ सालको आन्दोलनमा मजदुर, श्रमिक, शिक्षक, प्राध्यापक, वकिल, डाक्टर, नर्सहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरे र मुलुकमा बहुदलीय व्यवस्था पुनर्स्थापना भयो। बहुदलीय व्यवस्थाको पुनर्स्थापनासँगै वामपन्थी युनियन र डेमोक्रेट्स युनियनकै नामबाट क्रियाशील भए। वामपन्थी निकटमध्ये पनि मशालनिकट श्रमिकले अखिल नेपाल ट्रेड युनियन महासंघकै नामबाट गतिविधि सञ्चालन गरे। पछि मशाल हुँदै माओवादी केन्द्र बनेपछि अन्टुफ, फेरि माओवादी विभाजन भएपछि क्रान्तिकारी ट्रेड युनियन महासंघ आदि नामबाट क्रियाशील भए। बहुदल आएपछि एमालेले जिफन्ट निर्माण गऱ्यो। एमालेमा विद्रोह भएर एकीकृत समाजवादी बनेपछि फेरि एकीकृत ट्रेड युनियन महासंघ बन्यो।

पेसागत क्षेत्रमा पनि बहुदल आएपछि सोसल डेमोक्रेट्सहरूको नेपाली कांग्रेस पार्टीनिकट नेपाल ट्रेड युनियन कांग्रेस स्थापना भयो र यो केन्द्र स्थापना भएपछि शिक्षक, निजामती, संस्थान, बैंक सबैतिर नेपाल ट्रेड युनियन कांग्रेसको संगठनभित्र आबद्ध भए। यता प्रगतिशील एवं समाजवादी विचार पक्षधरहरू पेसागत महासंघ नेपाल र यसअन्तर्गतका घटक प्रतिष्ठानमा आबद्ध भए। फेरि एमालेमा विभाजन भएपछि माथि केन्द्रदेखि तलसम्म छुट्टाछुट्टै युनियन क्रियाशील छन्।

वैचारिक हिसाबले प्रोग्रेसिभ र डेमोक्रेट्स विचारका आधारमा ट्रेड युनियन गठन र सञ्चालन हुनु स्वाभाविक नै देखिन्छ। तर, प्रोग्रेसिभ भनेर वामपन्थी पार्टीपिच्छे बहुयुनियनका नाममा वेग्लावेग्लै युनियन निर्माण गरेर बहुयुनियन खडा गरिएको विषय यतिवेला सर्वत्र पाच्य भएको देखिँदैन। कतिपय



कोणबाट त दलीय युनियन खारेजीको माग पनि उठ्ने गरेको छ। वास्तवमा बहुयुनियनले नेता मात्रै उत्पादन गऱ्यो, तर श्रमिक शक्तिलाई त खण्डित गरिदियो। गत वर्षको शिक्षक आन्दोलनमा १४-१५ वटा शिक्षक संगठनका ब्यानरमा शिक्षक आन्दोलनमा उत्रिए। त्यस आन्दोलनलाई हेर्दा डेमोक्रेट्सको एउटा मात्र संगठन थियो भने प्रोग्रेसिभहरूको भने १२-१३ वटा संगठन थिए।

जेन-जी आन्दोलनले समाजका हरक्षेत्रमा पुनर्गठन, रूपान्तरण र एकताको सन्देश प्रवाह गरेको सन्दर्भमा अबको ट्रेड युनियन आन्दोलनको दिशालाई पनि नयाँ ढंगबाट अगाडि बढाउनुपर्छ

श्रम आन्दोलन वर्गसंघर्षको माध्यम पनि हो। र, एकताभित्रै तागत हुन्छ। एकताबद्ध शक्तिले नै संघर्षलाई निर्णायक बनाउन सक्छ। श्रमिकहरू आफूलाई प्रगतिशील, वामपन्थी, समाजवादी पनि भन्ने तर युनियन भने पार्टीपिच्छे फरक-फरक बनाउने अनि पार्टीहरू विभाजित हुँदा युनियन पनि विभाजित गर्ने होडबाजीले ट्रेड युनियन आन्दोलनको शक्ति विभाजित भई कमजोर बनेको छ।

यसरी श्रमिक शक्ति विभाजित हुँदा झन्डै तीन दशकदेखि बेवारिसे बनाइएको शिक्षक आन्दोलनका माग र मुद्दामा शैक्षिक माफिया हुलेर अपहरण गरिनु र संसद्मा निजामती कानुनमा छेडखानी गरेर संघीयतालाई बदनाम गर्नु अहिलेको राज्य व्यवस्थाको चरित्रको पर्दाफास भएको छ।

विचार एउटै, तर भिन्नभिन्न चुलोचौका बाल्ने, झोले बनेर युनियन आन्दोलनलाई खण्डीकृत गर्दा सदैव सम्झौता, फेरि आन्दोलन, फेरि सम्झौता, अन्त्यमा हात लाग्यो शून्यजस्तो भएको छ। युगान्तकारी परिवर्तन भएर पनि राज्यको पाँचौं महत्त्वपूर्ण शक्ति मानिने युनियन आन्दोलनले आफ्नो पहिचान, पहुँच र प्रतिनिधित्व गर्न नसकेको स्थिति छ। युनियन आन्दोलनलाई पार्टीहरूले 'उपयोग' गर्ने प्रवृत्तिलाई पनि अब चिनेर, बुझेर अगाडि बढ्नुपर्ने स्थिति छ। जेन-जी आन्दोलनले समाजका हरक्षेत्रमा पुनर्गठन, रूपान्तरण र एकताको सन्देश प्रवाह गरेको सन्दर्भमा अबको ट्रेड युनियन आन्दोलनको दिशालाई नयाँ ढंगबाट अगाडि बढाउनुपर्छ। ट्रेड युनियन आन्दोलनभित्र आफ्नो प्रगतिशील वर्गीय चरित्रअनुरूप पार्टी राजनीतिको प्रत्यक्ष प्रभाव र आबद्धताभन्दा माथि उठेर प्रगतिशील, वामपन्थी विचारका श्रमिकको एउटा मात्र केन्द्र बनाएर जुझारु, लोकतान्त्रिक, अनुशासित र जनउत्तरदायी ढंगबाट सञ्चालन गर्नुपर्ने देखिन्छ।

यसो गर्दा बहुयुनियनको संख्या ह्वात्तै घट्नेछ। एउटा मात्रै युनियन जुन साझा हुनेछ। विभिन्न पार्टीमा आस्थावान् श्रमिक पनि एउटै युनियनमा अटाउन सक्छन्। यस्तो युनियन पार्टीको प्रत्यक्ष प्रभावबाट मुक्त हुनेछ। तर, यसका सदस्य आआफ्नो आस्थावान् पार्टीमा भने संलग्न हुन सक्नेछन्। तर, कार्यस्थलमा पार्टीको प्रभावबाट मुक्त भएर साझा र स्वतन्त्र ढंगबाट युनियन गतिविधि सञ्चालन हुनेछन्। तसर्थ, वैचारिक आधारमा प्रगतिशील, समाजवादी विचार श्रमिकका ट्रेड युनियन ध्रुवीकृत हुँदै एकीकृत युनियन आन्दोलनको विकास र विस्तार गरेर अगाडि बढ्न आवश्यक छ।

यस्तै श्रमिक अधिकारलाई सुनिश्चित गर्न श्रमिकहरूको विधायिकामा प्रतिनिधित्व गर्न पाउने अधिकार, राष्ट्रिय श्रम आयोगको गठन, शिक्षक कर्मचारीको सेवा, सर्त, सुविधासम्बन्धी ऐनकानुन निर्माण, सामाजिक सुरक्षाको प्रत्याभूति, रोजगारी विस्तार, अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्ने मागलाई पनि अब सशक्त ढंगबाट अगाडि सार्नुपर्छ।

जेन-जी आन्दोलनको मुख्य माग भनेको सुशासन कायम गर्ने रहेको छ। सार्वजनिक निकायमा हुने अनियमितता र भ्रष्टाचार बढेर गएको छ। सार्वजनिक सेवा प्रवाह कमजोर बनेको छ। सार्वजनिक क्षेत्रमा क्रियाशील युनियन यस्ता विषयमा 'वाच डग' बन्नुपर्छ। सरुवा, पदोन्नति, पदस्थापनालगायत विषयमा आर्थिक लेनदेन हुने गरेको र यस्ता काममा युनियनको नेतृत्वसमेत मुछिने गरेको चर्चा परिचर्चा हुने गरेको छ। अतः यस्ता गलत क्रियाकलापलाई नियन्त्रण गर्न पनि अब युनियनहरूले भूमिका निर्वाह गर्नुपर्छ। चक्रीय सरुवा प्रणाली र उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा पदस्थापना गर्ने मागलाई सशक्त उठाउन आवश्यक देखिन्छ। यस्तै, सार्वजनिक सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन युनियनहरूले आफ्ना सदस्यका लागि अनुशासन र कर्तव्य तथा उत्पादकत्व अभिवृद्धिका लागि आचारसंहिता बनाएर लागू गरी एउटा 'असल ट्रेड युनियन संस्कृति'को निर्माण गर्नुपर्छ। यसरी अगाडि बढ्न सक्दा मात्र युनियन आन्दोलनलाई मर्यादित बनाउन सकिन्छ।

३ प्रश्न

मानसिक अस्पताल, पाटनका वरिष्ठ कन्सलटेन्ट **डा. वासुदेव कार्की**लाई



■ जेन-जी आन्दोलनपछि समाजमा मानसिक समस्या बढ्नुको कारण के हुन सक्छ ?

कुनै पनि सामाजिक, राजनीतिक या आर्थिक परिवर्तनको सकारात्मक या नकारात्मक प्रभाव समाजमा पर्नु स्वाभाविक हो। तर, त्यस्तो कुनै पनि प्रभाव सबैमा एउटै 'ग्र्याभिटी'को हुन्छ भन्ने चाहिँ हुँदैन। व्यक्तिको क्षमता, घरपरिवार र समाजको परिवेश आदिले गर्दा सबैले फरकफरक प्रभाव महसुस गर्छन्। खासगरी आन्दोलनमा भएका आगजनी, तोडफोड, गोली प्रहार, आन्दोलनकारीको मृत्यु, घाइते भएको अवस्था आदिका कारण धेरैमा नकारात्मक मानसिक प्रभाव परेको देखिन्छ। यतिखेर प्रहरीमा पनि यस्तो समस्या बढिरहेको छ। यसको समाजमा बहुआयामिक प्रभाव देखिन थालेको छ। अधिकांशमा यो समस्या बिस्तारै आफैं सुधार भएर पनि जान सक्छ। कतिपयमा भने दीर्घकालसम्मै रहन पनि सक्छ। यतिखेर स्वास्थ्य मन्त्रालयले मनोसामाजिक परामर्शलाई प्राथमिकता दिनुको कारण पनि यही हो।

■ बालबालिका र किशोरकिशोरीमा पनि यस्तो समस्या बढ्नुले के संकेत गर्छ ?

बालबालिका र किशोरकिशोरीमा मानसिक समस्या पहिल्यैदेखि देखिँदै आएको छ। खासगरी घरपरिवार, स्कुल, कलेजको भूमिकाले पनि उनीहरूमा समस्या बढाउन या घटाउन सहयोग पुऱ्याइरहेको हुन्छ। घरपरिवार, स्कुल, कलेजले सजगतापूर्वक सकारात्मक भूमिका खेल्न नसक्ने हो भने यो समस्या दीर्घकालसम्म रहने र यसले जेन-जीमा मात्र होइन, जेन अल्फा र जेन बिटामा पनि नकारात्मक प्रभाव पार्न सक्छ।

■ मानसिक समस्या बढ्नुमा सामाजिक सञ्जालहरू कति जिम्मेवार छन् ?

अत्यन्तै जिम्मेवार छन्। सामाजिक सञ्जालको विश्वव्यापी प्रभाव पर्छ। पुँजीवादका प्रभाशाली हतियार हुनु सामाजिक सञ्जाल। यसको प्रभावमा आएपछि हाम्रो परिवारका हरेक सदस्य एक्लै बसेर सञ्जालमै रमाउन थाल्छन्। यसबाट पारिवारिक तथा सामाजिक अन्तर्क्रिया कम हुन्छ। यसले एक्लोपन बढाउँछ। समयमै सचेत नहुने हो भने यसले हामीमध्ये धेरैमा नकारात्मक प्रभाव देखिन सक्छ।

प्रेरक प्रसंग

टल्सटोय र व्यापारी

शान्त वातावरण प्रार्थना गर्ने सोचले रुसी साहित्यकार टल्सटोय बिहान पाँच नबज्दै चर्च पुगे। तर, उनीभन्दा अगाडि नै अर्को एक व्यक्ति चर्च पुगेर भगवान्सामु भन्दै थियो- हे भगवान्, मैले धेरै पाप गरेको छु। त्यो सम्झिँदा मलाई लज्जाबोध भइरहेको छ। मलाई माफ गर्नुहोस्।

टल्सटोयलाई यसरी गल्ती स्विकारेर क्षमायाचना गर्नु महान् कर्म लाग्यो। नजिक पुगेपछि उनले अपराध स्विकार्ने मानिसलाई चिने। उनी सहरका ठुला व्यापारी थिए। टल्सटोयलाई देख्नासाथ ती व्यापारी आत्तिए। उनले सोधे- मैले ईश्वरसामु भनेका कुरा तिमीले त सुनेनौ नि ? टल्सटोयले मुसुक्क मुस्कुराउँदै जवाफ दिए- सुन्न त मैले तपाईंका सबै कुरा सुनें। तर, तपाईंको स्वीकारोक्ति मलाई असाध्यै मन पऱ्यो।



आखिर अपराध स्विकार्नु महान् कर्म पनि त हो नि !

व्यापारीले भने- त्यो त ठिक छ, तर तिमीले यी कुरा कसैलाई नबताउनू नि ! यो मेरो र भगवान्बिचको मात्र कुरा हो। म यी कुरा संसारलाई होइन, केवल भगवान्लाई सुनाउन चाहन्थें। तिमीले यी कुरा अरूलाई सुनायौ भने राम्रो हुनेछैन बुझ्यौ ? उनको धम्की सुनेर टल्सटोय छक्क परे। उनले व्यापारीलाई प्रश्न गरे- तपाईं भर्खरै त भन्दै हुनुहुन्थ्यो ... । उनको भनाइ बिचमै काट्दै व्यापारीले भने- हो, मैले जे भनें, त्यो भगवान्का लागि मात्र हो, संसारका लागि होइन।

टल्सटोयले मनमनै सोचे- यो संसार कति मूर्ख छ। भगवान्सित भन्दा मानिससित डराउँछ। समाजसामु गल्ती स्विकार्न नसक्ने मानिसले कसरी भगवान्सामु गल्ती स्विकार्ला ?

टिप्पणी nayapatrikaofficial @naya_patrika

सम्भव हुँदो रहेछ त !

पछिल्लो समयमा वर्षौंसम्म नयाँ र नवीकरण गरिएका सवारी चालक अनुमति पत्र वितरण गर्न नसकिरहेको यातायात व्यवस्था कार्यालयले अब स्वदेशकै प्रेसमा छपाएर ६ महिनामा १२ लाख प्रति छपाइ गरिसक्ने समाचार सुन्दा खुसी लाग्यो। आखिर स्वदेशमै यति छिटो यति ठुलो परिमाणका कार्ड छपाइ हुन सक्दो रहेछ, तैपनि किन ढिलासुस्ती हुन्थ्यो यहाँ ? कतै ढिलो गरेर कमाइ खाने बाटो बनाइँदै त थिएन नि ?

● **बलराम कायस्थ,** थापाथली, काठमाडौं

साँच्चै ६ महिनामा १२ लाख छापिने अवस्था भए त्यहींका कर्मचारीले मेसिन बिगार्छन्, यातायातको कर्मचारीको मिलोमतोमा !

● **उत्तम बिजुक्छे**

देशकै सबैभन्दा भ्रष्टाचार र बेथिति हुने सरकारी कार्यालयमध्ये एक नम्बरमा आउने यातायातलाई व्यवस्थित र मर्यादित बनाउँदै लैजानुपर्छ। बिचौलिया र घुस्याहा कर्मचारीलाई तह लगाउनैपर्छ।

● **येजुन डल्लभ**

२५० रुपैयाँमा छापिने चिजलाई १५०० लिएर चार वर्षमा पनि दिँदैनन्। रिन्यु गरेको लाइसेन्स हातमा नआई त मरे पनि पत्याइँदैन।

● **उमेश कार्की**

घुस लिँदै लाइसेन्स दिँदै गरेका यातायात कार्यालयका कर्मचारीले यसरी छिटो लाइसेन्स छपाइ हुँदा त कहाँबाट घुस खाने होला फेरि ?

● **हिरा दर्लामी मगर**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

जेन-जी बलिदानले खोलेको मुक्तिको ढोका

जेन-जीको त्याग र समर्पणले पुराना नेताको अहंकारबाट बनेको सरकार ढालेर देश र जनताको मुक्तिको ढोका उघारेको छ



● रामचन्द्र शर्मा

जेन-जी आन्दोलन व्यवस्था परिवर्तनका लागि होइन, वास्तविक मुक्तिका लागि हो। किनकि, सात सालदेखि ०६२/६३ सम्म पटकपटक व्यवस्था परिवर्तनका आन्दोलन सफल भए पनि जनताले गरिबी, विभेद, भ्रष्टाचार र अन्यायबाट मुक्ति पाएनन्। हुन त सबैजसो राजनीतिक दलको उद्देश्य जनताको मुक्ति भनिएको छ। दलका हरेक मिटिङ सहिदप्रति श्रद्धासुमन अर्पेर सुरु गरिन्छ। सार्वजनिक ठुला कार्यक्रममा त 'सम्मान छ, हाम्रो मुक्तिका लागि जिउज्यान दिने सहिदलाई' भन्ने गीत नै घन्काइन्छ। तर, सहिद र मुक्ति शब्द दलको विधानमा लेखेर वा नेताले भाषणमा उच्चारण गरेर मात्र अर्थ राख्दो रहेनछ भन्ने कुरा जेन-जी आन्दोलनले प्रमाणित गरेको छ।

नेपाललाई विभिन्न राजनीतिक व्यवस्था परीक्षणको थलो बनाइयो। दुई सय चालीस वर्षसम्म सक्रिय र संवैधानिक राजतन्त्र रहेकामा ठुलो धनजन खर्चिएर गणतन्त्र ल्याइयो। विश्वमा प्रचलित सबैखाले राजनीतिक व्यवस्था परीक्षण मात्र हुन पुग्दा देश आफ्नै संरचना जोगाउन नसक्ने गरी खोक्रो पारिएको तथ्य पछिल्लो आन्दोलनले उजागर गरेको छ। पुराना दलको अकर्मण्यताका कारण नाति पुस्ता आन्दोलित भई अघिल्ला आन्दोलनमा भन्दा बढी क्षति भइसक्दासमेत दलहरूले जेन-जीको भावना समेट्न आनाकानी गर्नुले उनीहरूको राजनीति जनताको मुक्तिका खातिर नभएको पुष्टि हुन्छ। विकासवादी सिद्धान्तअनुसार जन्मिएको मानिसले एक्लो घुमन्ते शैली हुँदै सामूहिक रूपमा खेतीपाती गर्न घर र औजार बनाउँदै जीवन सहज बनाए पनि अपूर्णताको दुःख अनुभव गरेकाले दुःखबाट मुक्तिको उपायका रूपमा धर्मलाई प्रचलनमा ल्याए। धर्मलाई परिष्कृत गर्दै विकसित गरिएको अध्यात्मको केन्द्रीय विषय मानिसको दुःख हरण गर्नु हो। पछि राजनीति पनि मुक्तिका लागि हो भनियो। कालान्तरमा धर्म, अध्यात्म र राजनीतिलाई धन्दामा परिणत गरिदिँदा दुःख झनै बढ्दै गए।

अध्यात्मले जीवनको उद्देश्य नै मुक्ति हो र मुक्तिको साधन आत्मज्ञान हो भन्छ। अध्यात्म विज्ञान हो, जो बृहत् छ। भौतिक विज्ञानको विकास अध्यात्मभित्रबाट भएको हो। भौतिक विज्ञान बाहिरी संसार व्यक्ति, वस्तु र स्थितिमा सीमित छ भने अध्यात्मले मानव शरीरका भित्री कुरादेखि बाहिरी संसार समेट्छ। मुक्ति शब्द राजनीतिक दललगायत धार्मिक र आध्यात्मिक संस्था र व्यक्तिले सर्वत्र प्रयोग गर्ने तर जनताले मुक्तिको सास फेर्न नपाउने अवस्था किन आयो ? जेन-जी पुस्ता आन्दोलनमा होमिन किन बाध्य भयो ? र, आन्दोलित हुन केले हिम्मत दियो ? भावी पुस्ता पुनः आन्दोलित हुन नपर्ने अवस्था कसरी सिर्जना गर्ने ? भन्ने प्रश्नमा गम्भीरतापूर्वक सोचविचार गरी निष्कर्ष निकाल्न जरुरी छ।

संघीय लोकतान्त्रिक गणतन्त्रमा शासन गर्ने दलहरूले नै हो। जनमुखी हुनुपर्ने दलका नेता-कार्यकर्ता आफ्नो निजी स्वार्थउन्मुख भई सत्तामोहमा डुब्दा वर्तमान व्यवस्था दुराचारी राजनीतिको बन्धनमा पऱ्यो। दल र नेताप्रति प्रश्न गर्नेहरू किनाराकृत गर्दै व्यक्तिले शीर्ष नेताको आवरणमा दल कब्जा गरेर दल बन्धनमा पारियो। व्यवस्था र दल दुवै बन्धनमा पारी सर्वत्र भ्रष्टाचार व्याप्त गराएकाले भ्रष्टाचारले इमानदार नागरिकको गरिखाने वातावरण बन्धनमा पऱ्यो। यी बन्धनले देशको स्रोतसाधनमा जनशक्ति र प्रविधि सही ढंगले परिचालित गर्ने अवसर बन्धनमा पारी देश शून्य उत्पादनउन्मुख भयो। युरोपमा नक्कली धर्मले मच्चाएको अमानवीय बर्बरताबाट जनता जोगाउन कार्लमार्क्सले धर्म अफिम हो भने। हाम्रा नेताले अफिम भन्नुपरेको कारण नबुझी धर्म र अध्यात्मप्रति बेवास्ता गरेकाले नेतामा होस र बोधको अभाव देखियो। होस भनेको जागरुकता हो, जो वर्तमानसँग जोडिएको हुन्छ। सत्य वर्तमानलाई छाड्दै भुटो भूत र भविष्यका कुराका आधारमा सतही र कर्मकाण्डी राजनीति गरेर देश र जनतालाई भ्रष्टाचारी कुशासनको बन्धनमा पारे। भूत, वर्तमान र भविष्यमा सदा रहन सक्ने कुरा मात्र सत्य हो। वर्तमान भूतमा पनि थियो, आज छ र भविष्य पनि वर्तमान बनेर आउने हुँदा सदा रहन्छ। बोधको निसानी हो, व्यर्थ ज्ञान कम हुँदै जानु। वास्तविक ज्ञानीमा ज्ञानको भण्डार हुँदैन, मुक्तिको दिशातिर अग्रसर हुन चाहिने दुई-चार कुरा मात्र हुन्छन्। अज्ञानीले भोग्नका लागि धेरै कुरा जानेको र संग्रह गरेको हुन्छ। दुई-चार ढोका भएको लामो अग्लो पर्खाललाई उदाहरणका रूपमा लिन सकिन्छ। ज्ञानीले ढोकाको मात्र जानकारी राख्छ, पर्खाल नाघेपछि बिर्सिदिन्छ। अज्ञानीले पूरै पर्खालको नापनक्सा जानकारी लिएर दिमाग भर्छ। ज्ञान विचार होइन, दृष्टि हो, जो तात्कालिक हुन्छ। पुराना दलका नेताको दिमागमा आफ्नै विगतको स्मृति र पुराना मक्किएका सैद्धान्तिक कुराको ज्ञान बढी नै संग्रहित छ। उनीहरूका लिखित नीति, कार्यक्रम र भाषणले बढी जान्ने बनेको दर्साउँछ। नेताहरू



भोगको लोभमा परी बढी नै संग्रह गरेको ज्ञानले स्वच्छ राजनीति विकसित हुन अवरोध गऱ्यो। पुराना दलका नेतामा निष्कामता पनि देखिएन। सत्य निष्काम हुन्छ। निष्कामताको लक्षण हो, विगतको स्मृति हराउँदै जानु। किनकि, स्मृतिले अहंकारलाई पोषण दिन्छ। अहंकार र स्मृति भूत र भविष्यसँगसँगै हिँड्ने झुट हुन्। यिनले जीवनलाई सत्यबाट टाढै राखेर धोका दिन्छन्।

समस्याको जड दलका नेता-कार्यकर्ता र जनतामा रहेको अज्ञानता हो। देशले धेरै पहिलेदेखि यो अज्ञानताको बन्धनबाट मुक्ति चाहेको थियो। अज्ञानताको बन्धन ज्ञानले मात्र तोड्छ। ज्ञानको स्रोत आत्मा हो। अहंकार नष्ट भएपछि मात्र आत्मबोध हुन्छ। अहंकारको स्रोत शरीर हो। त्यसैले ज्ञानी हुन ज्ञानाग्निमा अहंकारको आहुति दिन ठुलो त्याग र श्रम गर्नुपर्छ। आफूमा भएको अहंकार त्यागेर आफू मारिन तयार हुँदै ठुलो त्याग र श्रम गर्ने हिम्मत निकालेर जेन-जी आन्दोलनमा होमिन सकेका हुन्। जेन-जीको त्याग र समर्पणले पुराना नेताको व्यक्तिगत अहंकारबाट बनेको सरकार ढालेर देश र जनताको मुक्तिको ढोका उघार्ने सफलता मिलेको हो।

काल्पनिक दार्शनिक मान्यता र धारणाका आधारमा अघि सारिएका यो वा त्यो वाद अगालेर देशको उन्नति हुन सक्दैन भन्ने कुरा ढलेको सोभियत संघ, सन् २००८ मा अमेरिकाले व्यहोरेको आर्थिक मन्दी र माओवादलाई आवश्यकताको सिद्धान्तका आधारमा देङ सिआओ पिङले परिमार्जन गरेपछि मात्र चीन विश्व महाशक्तिका रूपमा उदाएको घटनाक्रमले प्रमाणित गरिदिएका छन्।

जेन-जी आन्दोलनले मुक्तिको ढोका खोलेको मात्र हो, प्राप्त गरेर उपभोग सुनिश्चित गर्न बाँकी नै छ। २१ फागुनमा हुने निर्वाचनमा सुशासन बहालीका लागि संविधान संशोधन र आवश्यक कानुन निर्माण गरी आन्दोलनरत जेन-जीको भावना संस्थागत गर्न सक्ने क्षमतावान् व्यक्तिलाई निर्वाचित गर्न सके मुक्ति प्राप्ति सुनिश्चित हुन्छ। पुराना दलबाट भएको निषेधको राजनीतिले नेपाली समाज राग, द्वेष र मोहजस्ता मनोविकाग्रस्त हुन पुगेकाले संविधान र कानुनमा उल्लेख गरिए पनि मुक्ति उपभोगको सुनिश्चितता हुने देखिँदैन। मुक्ति उपभोग सुनिश्चित गर्न अहिले अहंकारको केन्द्रबाट चलेको राजनीतिलाई आत्माको केन्द्रबाट चल्ने गरी बदल्नैपर्छ। नेता आत्मज्ञानी भयो भने आत्मकेन्द्रबाट राजनीति सञ्चालित हुन्छ। आत्मज्ञानका तीन सर्त हुन्छन्- श्रद्धा, संयम र साधना। लोकधर्मीले श्रद्धालाई विश्वासका रूपमा अर्थ्याए श्रद्धा शब्दको ओज घटाएका छन्। जेन-जीले आन्दोलन गरेर श्रद्धाको उदाहरण प्रस्तुत गरिसके। उनीहरूको श्रद्धाले मुक्तिको ढोका खुल्यो। आन्दोलनरत जेन-जीले मुक्तियात्रा सुरु गराएर अहिले संयमको चरणमा प्रवेश गरेका छन्। नेपाली राजनीतिको पुरानो केन्द्र अहंकार सक्रिय नहुने गरी राजनीतिका पुराना प्रश्नको नयाँ उत्तर आत्मज्ञानको केन्द्रबाट दिनु साधना हो। अन्तरिम सरकारले पुराना दल र जेन-जीबिच स्वस्थ संवादको सहजीकरण गर्दै निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता व्यवहारमा उतारेको अवस्थामा अहिलेसम्म एउटै दलमा गोलबन्द भएर जनता जागरुक बनाउन उनीहरूको घरदैलोमा पुगिसक्नुपर्ने जेन-जीहरूले संयम र साधनामा जोड दिनुपर्ने देखिन्छ।

'जेन-जी'लाई सुझाव

नेपालका 'जेन-जी' अगुवाले अब असन्तुष्टि मात्र होइन, ठोस विकल्प र कार्ययोजना पनि देखाउनुपर्ने वेला आएको छ। यो आन्दोलनको संगठनात्मक कमजोरीलाई सम्बोधन गर्न र यसलाई स्थायी राजनीतिक शक्तिमा रूपान्तरण गर्न निम्न वैकल्पिक उपाय र रणनीतिमाथि विचार गर्नु सान्दर्भिक हुन्छ :

क. विकेन्द्रीकृत, तर समन्वयात्मक नेतृत्व मोडल : जेन-जी आन्दोलनको विशेषता नै सर्वमान्य शीर्ष नेताको अभाव हो। यसलाई कमजोरीभन्दा पनि शक्तिका रूपमा उपयोग गर्न सकिन्छ। 'शीर्ष नेता'को सट्टा 'कोर समन्वय समूह' निर्माण गर्ने, जसमा हरेक भूगोल, पेसा र विचारको प्रतिनिधित्व होस्। यसले कुनै एक व्यक्ति कमजोर हुँदा सम्पूर्ण आन्दोलन नै समाप्त हुने जोखिमलाई हटाउँछ र सामूहिक निर्णय प्रक्रियालाई स्थापित गर्छ। पारदर्शिता र जवाफदेहिता सुनिश्चित हुन्छ।

ख. डिजिटल प्ल्याटफर्मको संस्थागत प्रयोग : आन्दोलन सुरु गर्न सामाजिक सञ्जाल सफल भयो, तर यसलाई दीर्घकालीन नीति निर्माण र सदस्यता व्यवस्थापनमा प्रयोग गर्न सकिएन। असन्तोष व्यक्त गर्ने भन्दा पनि नीतिगत बहस र आन्दोलनको कार्ययोजना तयार पार्ने एक व्यवस्थित डिजिटल प्ल्याटफर्म विकास गर्ने। यसले आन्दोलनका कार्यकर्तालाई संगठनात्मक अनुशासनमा बाँध्न, चन्दा व्यवस्थापनमा पारदर्शिता ल्याउन र नयाँ वैकल्पिक नेतृत्वको लोकतान्त्रिक चयनका लागि आधार तयार पार्न मद्दत गर्छ।

ग. एजेन्डामा आधारित गठबन्धन : आन्दोलनले व्यक्त गरेको असन्तोषका आधारमा साझा न्यूनतम एजेन्डा (उदा. सुशासन, शिक्षामा सुधार, भ्रष्टाचार उन्मूलन आदि) तयार गर्ने। यो एजेन्डामा सहमत हुने स्वतन्त्र विज्ञ, पूर्वप्रशासक, नागरिक समाज र अन्य साना समूहसँग सहकार्य गर्ने र यसलाई देशव्यापी रूपमा फैलाउने। यसले जेन-जी आन्दोलनलाई केवल 'युवाको आक्रोश'बाट 'राष्ट्रव्यापी सरोकार'मा रुपान्तरण गर्छ, जसले पुरानो सत्तालाई वैचारिक दबाब दिन सक्छ।

घ. राजनीतिक प्रशिक्षण र वैचारिक स्पष्टता : आक्रोशलाई विद्रोहमा र विद्रोहलाई राजनीतिक शक्तिमा रुपान्तरण गर्न स्पष्ट विचारधारा र राजनीतिक प्रशिक्षण आवश्यक छ। युवालाई देशको संवैधानिक प्रक्रिया, अर्थशास्त्र र नीति निर्माणबारे बुझाउन साना समूहमा छलफल केन्द्र चलाउने। यसले आन्दोलनलाई केवल 'भिड'को तहबाट माथि उठाएर 'सचेत नागरिक'को तहमा पुऱ्याउँछ, जसले वैकल्पिक शासकीय क्षमता राख्न सक्छ।

● **इन्द्रकुमार श्रेष्ठ,** कमलाकुञ्ज, ओखलढुंगा
sindrakumar14@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

शान्ति सम्झौतामा महिलाको सहभागिताले घट्छ द्वन्द्वको सम्भावना

द्वन्द्वपछिको समाजमा महिलालाई सहभागी गराउँदा औसतमा द्वन्द्व पुनरावृत्तिको सम्भावना ११ प्रतिशतले घटेको अनुसन्धानले देखाएको छ



● गिउदिट्टा फोंटाना
(बर्मिंघम विश्वविद्यालयका अन्तर्राष्ट्रिय सुरक्षाका सहप्राध्यापक)



● अर्गिरो कार्त्सोनाकी
(ह्याम्बर्ग विश्वविद्यालयकी वरिष्ठ अनुसन्धानकर्ता)



● नतासा न्युडोर्फर
(हेनरिक हेइन विश्वविद्यालयकी राजनीतिक अर्थशास्त्रकी प्राध्यापक)



● स्टेफन वोल्फ
(बर्मिंघम विश्वविद्यालयका अन्तर्राष्ट्रिय सुरक्षाका प्राध्यापक)

२५ वर्षअघि अक्टोबर ३१, २००० मा राष्ट्र संघले महिला, शान्ति र सुरक्षा (डब्लुपिएस)सम्बन्धी संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ अंगीकार गरेको थियो । प्रस्तावले 'द्वन्द्वको रोकथाम र समाधान, शान्ति वार्ता, शान्ति स्थापना, मानवीय प्रतिक्रिया र द्वन्द्वपछि पुनर्निर्माणमा महिलाको महत्त्वपूर्ण भूमिका'लाई पुनः पुष्टि गऱ्यो । यसले 'शान्ति सुरक्षा कायम राख्न र प्रवर्द्धनका लागि सबै प्रयासमा उनीहरूको समान सहभागिता र पूर्ण संलग्नताको महत्त्व'लाई पनि जोड दियो ।

दिगो शान्ति निर्माणमा महिलाहरूको महत्त्व निर्विवाद छ । शान्ति सम्झौतामा द्वन्द्वपछिको समाजमा महिलालाई समावेश गर्ने कदमले औसतमा द्वन्द्व पुनरावृत्तिको सम्भावना ११ प्रतिशतले घटेको हाम्रो अनुसन्धानले पत्ता लगाएको छ । अझ महत्त्वपूर्ण कुरा यदि यो प्रक्रिया संयुक्त राष्ट्र संघको नेतृत्वसँगै हुन्छ भने द्वन्द्व पुनरावृत्तिको सम्भावना ३७ प्रतिशतले घट्छ ।

तसर्थ, डब्लुपिएस १३२५ को वार्षिकोत्सव मनाउने एउटा कारण हुनुपर्छ । बरु, संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले अक्टोबर ६ मा महिला, शान्ति र सुरक्षासम्बन्धी सुरक्षा परिषद्को वार्षिक बहसमा आफ्नो प्रतिवेदन चेतावनीका साथ सार्वजनिक गरेका थिए । 'द्वन्द्वमा परेका महिला र किशोरीहरूको जीवनमा वास्तविक परिवर्तनको कुरा आउँदा संयुक्त राष्ट्र संघ प्रायः चुक्छ,' उनले भनेका थिए । उनले विशेषगरी शान्ति वार्तामा महिलाको समावेशीकरणको अभाव, यौन हिंसाबाट महिला र किशोरीलाई जोगाउनमा असफलता र महिला शान्ति निर्माणकर्ताको न्यून रकमबारे उल्लेख गरे ।

विगत २५ वर्षमा सुरक्षा परिषद्ले डब्लुपिएस १३२५ सँग सम्बन्धित लगभग एक हजार प्रस्ताव अंगीकार गरेको छ । सन् २०१५ मा प्रस्ताव २२४२ ले 'सुरक्षा परिषद्को एजेन्डामा रहेका सबै देश-विशिष्ट परिस्थितिमा' महिला, शान्ति र सुरक्षा एजेन्डाको थप व्यवस्थित एकीकरणको उद्देश्य राखेको थियो । यसलाई सहज बनाउन विज्ञहरूको अनौपचारिक समूह स्थापना गऱ्यो ।

महिला, शान्ति र सुरक्षा एजेन्डाले दिगो शान्ति स्थापनामा सकारात्मक प्रभाव पारेको कुरामा कुनै शंका छैन । 'शान्ति सम्झौतामा लैंगिक प्रावधान बढी सामान्य भएको गुटेरेसले उल्लेख गरे । उनका अनुसार महिला संगठनले विश्वव्यापी समुदायमा द्वन्द्वपछिको मेलमिलापलाई रूपान्तरण गर्न सहयोग गरेका छन् ।' महिला नेतृत्वको नागरिक समाज र महिला शान्ति निर्माता समग्र र दिगो शान्तिको पक्षमा रहेको उनको भनाइ छ । यद्यपि, २०२५ को सुरुमा संयुक्त राष्ट्र संघको महिला सर्वेक्षणअनुसार विदेशी सहायता बजेटमा विश्वव्यापी कटौतीले महिलालाई शान्ति र सुरक्षामा यी महत्त्वपूर्ण योगदान गर्न जटिल बनाउँछ ।

संयुक्त राष्ट्र शान्ति सेनाका लागि पनि यो अवस्था उत्तिकै चुनौतीपूर्ण छ । २०२५ को मध्यमा सञ्चयी बजेट घाटा लगभग २.७ अर्ब अमेरिकी डलर (२.०४ अर्ब युरो) थियो, जसमा अमेरिका, चीन र रुस तीन ठुला ऋणी थिए । विगत एक दशकमा शान्ति सेनाको बजेटमा २०१४-१५ मा ८.४ अर्ब अमेरिकी डलरबाट २०२४-२५ मा ५.२ अर्ब अमेरिकी डलरमा उल्लेखनीय कमी आए पनि सोही अवधिमा भुक्तानी नगरिएको योगदानको हिस्सा १३ प्रतिशतबाट ४१ प्रतिशतमा तीन गुणा बढी पुगेको छ । यी दुई प्रवृत्ति जारी रहे भने दिगो द्वन्द्व समाधानको सम्भावना नाटकीय रूपमा घट्नेछ ।



> हामीले फिलिपिन्सको बांगसामोरो क्षेत्रका साथै बुरुन्डी, कोट डिआइवर, लाइबेरिया र सियरा लियोनमा शान्ति प्रक्रियाको गहन केस स्टडी गऱ्यौं । त्यहाँ संयुक्त राष्ट्रसंघ र महिला नेतृत्वमा रहेका संस्थाले गृहयुद्ध दोहोरिनबाट रोक्न सक्ने उपाय स्थापित गरेको पायौं ।

शान्ति पहलकर्ताको रूपमा महिला

गृहयुद्ध दोहोरिनबाट कसरी रोक्ने भन्ने कुरा खोजी गर्ने उद्देश्यले हामीले बारम्बारका गृहयुद्धमा १४ वटा लामो शान्ति प्रक्रियाको विश्लेषण गऱ्यौं । यस विश्लेषणले पत्ता लगायो कि संयुक्त राष्ट्र संघले स्थानीय महिला संगठनसँग काम गर्दै शान्ति सम्झौता सम्पन्न गर्न र कार्यान्वयन गर्न प्रतिबद्ध बहुस्तरीय गठबन्धन सिर्जना गर्न र कायम राख्न सक्षम थियो । हामीले त्यसपछि यी निष्कर्षलाई विश्वव्यापी रूपमा भएका हिंसात्मक द्वन्द्वपछि सम्पन्न २८६ सम्झौताविरुद्ध तथ्यांकीय रूपमा परीक्षण गऱ्यौं । यसले पुष्टि गऱ्यो कि संयुक्त राष्ट्र नेतृत्व र द्वन्द्वोत्तर समाजमा महिलाहरूको समावेशीकरणले पाँच वर्षभन्दा बढी समयसम्म शान्ति सम्झौता कायम रहने सम्भावनालाई उल्लेखनीय रूपमा बढाउँछ ।

अन्तमा, हामीले फिलिपिन्सको बांगसामोरो क्षेत्रका साथै बुरुन्डी, कोट डिआइवर, लाइबेरिया र सियरा लियोनमा शान्ति प्रक्रियाको गहन केस स्टडी गऱ्यौं । त्यहाँ संयुक्त राष्ट्र संघ र महिला नेतृत्वमा रहेका संस्थाले गृहयुद्धहरू दोहोरिनबाट रोक्न कसरी सहयोग गर्न सक्छन् भनेर स्थापित गर्न सक्षम बनायो ।

महिलाको सहभागिताले पहिले सीमान्तकृत समूहको आवश्यकता र अनुभवलाई दृश्यात्मक बनाउन र शान्ति सम्झौतालाई सम्बोधन गर्न सहज बनाएको हामीले पायौं । उदाहरणका लागि महिलाका लागि संयुक्त राष्ट्रसंघीय विकास कोष युनिफेमले २००० मा बुरुन्डीमा अरुशा शान्ति वार्ताको किनारमा सर्वदलीय महिला सम्मेलनलाई प्रायोजन गऱ्यो । त्यसपछिको शान्ति सम्झौतामा द्वन्द्वोत्तर समाजमा महिलाको सामाजिक-आर्थिक समावेशीकरण बढाउन व्यापक प्रावधान रहेका यसले सुनिश्चित गऱ्यो ।

संयुक्त राष्ट्र संघ र महिला नेतृत्वमा रहेका संस्थाले मिलेर काम गर्दा शान्ति प्रक्रियाबाट बाहिर रहेका व्यक्तिलाई यसको कार्यान्वयनमा संलग्न गराउन सकिन्छ । महिलाले शान्ति दिगो बनाउन कसरी योगदान पुऱ्याउन सक्छन् भन्ने विषय लाइबेरियाका शान्ति कुटीहरू (राष्ट्रसंघीय महिलाद्वारा समर्थित) केबल उदाहरण हुन् । परम्परागत लाइबेरियाली पलाभा कुटी प्रणालीबाट अनुकूलित शान्ति कुटीहरूले संवाद, विवादहरूको मध्यस्थता र जानकारीको साझेदारीका लागि स्थान प्रदान गर्छ । संयुक्त राष्ट्र संघ र महिला नेतृत्वमा रहेका संस्थाबिचको सहकार्यले दिगो शान्ति स्थापनामा महत्त्वपूर्ण योगदान गर्न सक्छ । यसले नयाँ हिंसात्मक द्वन्द्व बढ्नबाट रोक्न सक्छ । हामीले जाँच गरेका सबै शान्ति प्रक्रियामा सम्झौता हस्ताक्षर हुनुअघि हस्ताक्षरको समयमा र पछि संवादका लागि संयन्त्र सिर्जना गर्न महिला नेतृत्वमा रहेका नागरिक समाज संगठनहरू (प्रायः संयुक्त राष्ट्र संघद्वारा समर्थित) द्वारा खेलिएको प्रमुख भूमिकामा यो गतिशीलता स्पष्ट थियो ।

यसरी हाम्रो अनुसन्धान निष्कर्षले संयुक्त राष्ट्र संघको महिला, शान्ति र सुरक्षा एजेन्डाका धेरै आकांक्षाका लागि अनुभवजन्य समर्थन प्रदान गर्छ । तर, तिनीहरूले निष्क्रियताको कमजोर प्रगतिलाई पछाडि धकेल्ने जोखिम पनि देखाउँछ । संयुक्त राष्ट्र संघले असंख्य आलोचना सामना गरेको छ । तर, यो सम्भवतः शान्ति सम्झौताहरूको निष्कर्ष र दिगो कार्यान्वयनमा सहयोग गर्न कूटनीतिक, वित्तीय र सैन्य स्रोतहरूको उपयोग गर्न एक मात्र सक्षम संस्था हो भन्ने हाम्रो निष्कर्षले सुझाव दिन्छ ।

हाम्रो मुख्य निष्कर्ष यो हो कि गृहयुद्ध दोहोरिनबाट रोक्न सकिन्छ । तर, यदि दिगो शान्ति र पालनपोषण गर्न सक्ने मानिसलाई नै अशक्त बनाइयो भने यो हुनेछैन । सेप्टेम्बरमा वार्षिक संयुक्त राष्ट्र संघको महासभाको बहसमा विश्व नेताहरू शान्ति र द्वन्द्व समाधानप्रति आफ्नो प्रतिबद्धतालाई जोड दिन लाइनमा उभिएका थिए । तर, यो प्रतिबद्धता प्रदर्शन गर्न उनीहरूले अटल कूटनीतिक र आर्थिक सहयोगमार्फत शान्ति प्रक्रियामा निर्णायक नेतृत्व प्रयोग गर्न संयुक्त राष्ट्रसंघलाई सक्षम बनाउन आवश्यक छ । र, उनीहरूले स्थानीय महिला संस्थाहरूमा लगानी गर्न आवश्यक छ, जसले भूमिमा दिगो र वैध शान्तिलाई सहज बनाउन सक्छ ।

- द कन्भर्सेसनबाट

इतिहासमा आज

नोभेम्बर ९



● **सन् १९३८** : नाजी पार्टीमा आबद्ध लडाकु समूहले जर्मनी र अस्ट्रियाका यहुदीमाथि जातीय नरसंहार गरे । नाजीले यहुदीसँग आबद्ध व्यापरी, धर्मगुरु र अन्य सर्वसाधारणको खोजीखोजी हत्या गरेका थिए । उनीहरू यहुदीको धर्मगृहमा समेत प्रवेश गरेका थिए । नाजीको शृंखलाबद्ध हमलामा ७० यहुदीको हत्या हुनुका साथै ३० हजारलाई पक्राउ गरिएको थियो ।

● **सन् १४५५** : जोहान गुटेनवर्गले विश्वको पहिलो प्रेस बनाउन लिएको ऋण नतिरेको मुद्दामा अदालतले ऋण दिने जोहान फर्स्टको पक्षमा फैसला गर्दै ऋणबापत प्रेस नै फर्स्टलाई अधिग्रहण गर्ने अधिकार दियो ।

● **सन् १८६०** : इलिनोई राज्यका रिपब्लिकन नेता अब्राहम लिंकन अमेरिकाको १६औं राष्ट्रपति बने ।

● **सन् १८६१** : अमेरिकी गृहयुद्धका क्रममा अलग राष्ट्रका रूपमा बनेको 'कन्फेडेरेट स्टेट्स अफ अमेरिका'ले ६ वर्षको कार्यकालका लागि जेफरसन डेभिसलाई राष्ट्रपति चुन्यो ।

● **सन् १९१३** : महात्मा गान्धी भारतीय खानी श्रमिकको ठुलो प्रदर्शन अगुवाइ गरेको आरोपमा दक्षिण अफ्रिकामा पक्राउ परे ।

● **सन् १९७८** : इरानका राजा माहेम्मद रेजा पह्लवीले देशलाई सेनाको शासनमा राख्ने निर्णय गर्दै जनरल गोलाम रेजा अझारीलाई सरकार बनाउन आह्वान गरे ।

अफगानिस्तान-पाकिस्तान शान्तिवार्ता विफल

काबुल/ इस्तानबुलमा भएको अफगानिस्तान-पाकिस्तानबिचको शान्तिवार्ता विफल भएको छ । वार्ता विफल भएसँगै दुई देशले एक-अर्कालाई आरोप-प्रत्यारोप लगाएका छन् । अफगानिस्तानले टर्की र कतारको मध्यस्थता प्रयासका बाबजुद पाकिस्तानले प्रगतिमा बाधा पुऱ्याएको र गैरजिम्मेवारपूर्ण व्यवहार गरेको आरोप लगाउँदै कडा शब्दमा विज्ञप्ति जारी गरेको छ । नोभेम्बर ८ मा जबिहुल्लाह मुजाहिदले जारी गरेको आधिकारिक स्पष्टीकरणमा तालिबान सरकारले 'टर्की गणतन्त्र र कतारले वार्ता आयोजना र मध्यस्थता गरेकोमा कृतज्ञतासमेत व्यक्त गरेको छ । पाकिस्तानले मुद्दालाई 'गम्भीर र रचनात्मक रूपमा' सम्बोधन गर्ने अपेक्षाका साथै अफगान प्रतिनिधिले नोभेम्बर ६ र ७ मा छलफलमा भाग लिएको तर नतिजा विनानिष्कर्ष टुंगिएको तालिबानले दाबी गरेको छ ।

पाकिस्तानले फेरि एकपटक आफ्नो 'गैरजिम्मेवार र असहयोगी मनोवृत्ति' प्रदर्शन गरेको काबुलको दाबी छ । 'इस्लामाबादले अफगानिस्तानको सुरक्षा वा आफ्नै सुरक्षाको जिम्मेवारी लिन कुनै चासो देखाएको छैन,' विज्ञप्तिमा भनिएको छ । नेतृत्वको निर्देशनमा काम गर्ने अफगान प्रतिनिधिमण्डलले 'आधारभूत समाधान' खोज्ने आशाका साथ वार्तामा प्रवेश गरेको थियो, तर पाकिस्तानको व्यवहारले छलफललाई निष्फल बनाएको काबुलको भनाइ छ ।

इस्लामाबादको अडानको निन्दा गर्दै तालिबानले आफ्नो 'सैद्धान्तिक अडान' दोहोऱ्याउँदै अफगानिस्तानले कसैलाई पनि आफ्नो माटो अर्को देशविरुद्ध प्रयोग गर्न नदिने बताएको छ ।

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०७/२३ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुनः गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ ।

तपसिल

शाखा कार्यालय : निजगढ

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय बारा, कलैयामा फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **काश्मी वस्त्रालय ।**
दर्ता नं. १०३७२/०७७/७८, दर्ता मिति : २०७७/१०/१९, पान नं. ६००८५२८५२, दर्ता मिति : २०६९/०६/२५
ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८, **प्रोप्राईटर : बिरेन्द्र कुमार कार्की**

व्यक्तिगत जमानतकर्ताहरु

१. चन्द्र बहादुर कार्की ना.प्र.नं. ११७०/२१९२, जि.प्र.का. बारा जारी मिति : २०३५/०२/२९ बाबु : बल बहादुर बाजे : दुर्गा बहादुर ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ६	**२. चम्पा परियार** ना.प्र.नं. २८/१८१, जि.प्र.का. मकवानपुर जारी मिति : २०५५/०८/०८ पति : बिरेन्द्र कुमार कार्की, ससुरा : चन्द्र बहादुर कार्की ठेगाना : मकवानपुर जिल्ला, पदमपोखरी वडा नं. १ हाल : बारा जिल्ला, निजगढ न.पा./गा.वि.स. वडा नं. ८
३. किस्मत कार्की ना.प्र.नं. ३३-०२-७६-०३९८२, जि.प्र.का. बारा जारी मिति : २०७६/११/०७ बाबु : बिरेन्द्र कुमार कार्की बाजे : चन्द्र बहादुर कार्की ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८	**४. चण्डीका नेपाली** ना.प्र.नं. ३३३०११/२८५५, जि.प्र.का. बारा जारी मिति : २०६३/१०/११ ससुरा : बल बहादुर पति : चन्द्र बहादुर कार्की ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५

५. बिरेन्द्र कुमार कार्की
ना.प्र.नं. १०४०७, जि.प्र.का. बारा, जारी मिति : २०५३/१०/२५
बाबु : चन्द्र बहादुर कार्की, बाजे : बल बहादुर
ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८

धितोमा रहेको सम्पत्तिको विवरण

१. दुर्गा बहादुरको नाति, बल बहादुरको छोरा, बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८ बस्ने चन्द्र बहादुर कार्कीको नाममा मालपोत कार्यालय बारामा दर्ता कायम भएको बारा जिल्ला, निजगढ गा.वि.स./न.पा. वडा नं. ७ घ स्थित कि.नं. १२०७ को क्षेत्रफल ०-०-८ (विघा) को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी काश्मी वस्त्रालयले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hyothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०८२/०८/०७ आइतवार कार्यालय समय सम्म सम्बन्धित शाखा कार्यालय	**बोलपत्र खोलिने मिति, समय र स्थान :** २०८२/०८/०८ सोमवार दिनको ३:३० बजे सम्बन्धित शाखा कार्यालय

शाखा कार्यालय : बुटवल

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **जया अटो ।**
दर्ता नं. ४५७७६/०७६/७७, दर्ता मिति : २०७६/०८/१२, पान नं. ६१२५३८२५६, दर्ता मिति : २०७६/०८/१२
ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १०, **प्रोप्राइटर : खगेस्वर पाण्डेय**

व्यक्तिगत जमानतकर्ताहरु

१. खगेस्वर पाण्डेय ना.प्र.नं. ४७८८८, जि.प्र.का. नवलपरासी जारी मिति : २०५५/०८/०९ बाबु : कृष्ण प्रसाद पाण्डे, बाजे : भुवनेश्वर पाण्डे ठेगाना : नवलपरासी जिल्ला, त्रिवेणी सुस्ता गा.पा. वडा नं. ९ हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १०	**२. तुलसी देवी न्यौपाने** ना.प्र.नं. ४२३०४२/५३२, जि.प्र.का. स्याङ्जा जारी मिति : २०६३/११/१६ पति : खगेस्वर पाण्डेय, ससुरा : कृष्ण प्रसाद पाण्डे ठेगाना : स्याङ्जा जिल्ला, निवुवाखर्क वडा नं. ७ हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १०

धितोमा रहेको सम्पत्तिको विवरण

१. भुवनेश्वर पाण्डेको नाति, कृष्ण प्रसाद पाण्डेको छोरा, नवलपरासी जिल्ला, त्रिवेणी सुस्ता गा.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १० बस्ने खगेस्वर पाण्डेयको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता कायम भएको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं.१२ स्थित कि.नं. ११५ को क्षेत्रफल १६४.२५ (व.मि.) बमोजिमको घरजग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी जया अटोले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन ।

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २३ कार्तिक ०८२

निजी क्षेत्रको सुरक्षा गर्ने सार्वजनिक महत्त्वको प्रस्ताव पारित गराउन सरकारसँग आग्रह



आर्थिक वृद्धिदर राम्रो हुन्छ भनेर आशा राखौं। आयात बढेको छ। राजस्व संकलन पनि बढेको छ। तसर्थ, आर्थिक वृद्धि पनि उच्च हुने सम्भावना छ। सरकार लगानीमैत्री वातावरण बनाउन तयार छ।

● **रामेश्वर खनाल**, अर्थमन्त्री



राष्ट्र बैंक निजी क्षेत्रको धेरै माग सम्बोधन गर्न प्रयासरत छ। १८ लाख ऋणी हुँदा डेढ लाखभन्दा धेरै कालोसूचीमा छन्। यसकारण पनि कर्जाको माग नभएको हुन सक्छ।

● **विश्वनाथ पौडेल**, गभर्नर



महासंघबाट आर्थिक पुनर्निर्माण एवं पुनरुत्थान योजना बनाउने काम भइरहेको छ। त्यसमा पुनर्निर्माण, करिब तीन वर्षदेखिको न्यून माग बढाउने उपायलगायतका विषय समेटिनेछन्।

● **चन्द्र ढकाल**, अध्यक्ष, उवा महासंघ



शान्ति सुरक्षाको ग्यारेन्टी नभएसम्म लगानीको वातावरण बन्न कठिन छ। लगानी आकर्षित गर्न शान्ति सुरक्षाको विषयलाई संवेदनशील रूपमा लिनुपर्छ।

● **वीरेन्द्रराज पाण्डे**, अध्यक्ष, परिसंघ



आन्दोलनपछिको अवस्थाले उद्योगी-व्यवसायीको मनोबल कमजोर भएको छ। आर्थिक समृद्धिका लागि सुरक्षा र स्थायित्व आवश्यक छ।

● **सुरेन्द्र श्रेष्ठ**, उपाध्यक्ष, नेपाल चेम्बर

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले निजी क्षेत्रमा कुनै पनि प्रकारको आक्रमण नहुने सुनिश्चितता कायम गराउन मन्त्रिपरिषद्बाट सार्वजनिक महत्त्वको प्रस्ताव पारित गर्न सरकारसँग आग्रह गरेका छन्। महासंघले आयोजना गरेको 'राष्ट्रिय आर्थिक बहस २.०' कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीलगायतका मन्त्रीहरूको उपस्थितिमा अध्यक्ष ढकालले लुटपाट, आगजनीमा संलग्नलाई कारबाही गरी यस्ता घटना दोहोरिन नदिन आग्रह गरेका हुन्। आगजनी, लुटपाट तथा तोडफोडमा संलग्नलाई कडाभन्दा कडा कारबाही नगरे दण्डहीनता मौलाउने उद्योग उनले चिन्ता व्यक्त गरेका छन्।

कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीले आशंका र भय छाडेर आत्मविश्वाससाथ काम गर्न आग्रह गरेकी छिन्। उनले व्यवसाय गर्ने वातावरण सुधार्ने प्रतिबद्धता व्यक्त गरिन्। 'म सबै उद्यमी, किसान र युवाहरूलाई आह्वान गर्न चाहन्छु। डराउने होइन, बरु आत्मविश्वासका साथ अगाडि बढ्नुहोस्।

तपाईंहरूले आशंका र भय पाल्ने वेला होइन। हातेमालो गर्ने वेला हो,' उनले भनिन्, 'विभिन्न अध्ययनले हाम्रो आर्थिक वृद्धिदर बढ्ने र महँगी घट्ने संकेत दिएका छन्, जसले हाम्रो प्रयास सही दिशामा छ भन्ने देखाउँछ। हामीले हिजोभन्दा राम्रो भोलि बनाउन एकजुट हुनेछौं।'

कार्यक्रममा अर्थमन्त्री रामेश्वर खनालले रोजगारी सिर्जना गर्नेलगायतका धेरै क्षेत्रमा सरकार र निजी क्षेत्र साझेदार भएको बताए। निजी क्षेत्रको मनोबल बढाउन सरकार सकारात्मक भएको बताउँदै उनले पूर्ण लेखा परीक्षण गर्नुपर्ने व्यवस्था तत्काललाई स्थगित गरिएको बताए। यस्तै, स्थानीय तहबाट प्यान नम्बर लिने व्यवस्था गरिएको पनि उनको भनाइ छ। यसले व्यवसाय गर्न सहज हुने उनको भनाइ छ। अर्थतन्त्रमा पनि सही सूचना प्रवाह हुनुपर्ने उनले बताए। 'गलत सूचना प्रवाह गर्दा सेयर बजारमा अस्वाभाविक रूपमा थपघट हुन सक्छ। सम्पत्तिको मूल्य घट्न सक्छ। गलत सूचनाले विभिन्न रूपमा अर्थतन्त्र प्रभावित बनाउन सक्छ,' उनले भने, 'तसर्थ, सही सूचना प्रवाह गर्नुपर्छ।' गलत सूचनाका कारण पनि जेन-जी आन्दोलनमा निजी क्षेत्रले दुःख भोग्नुपरेको उनको भनाइ छ।

गृहमन्त्री ओमप्रकाश अर्यालले व्यापार-व्यवसायको सुरक्षामा सरकार सकारात्मक रहेको बताए। 'व्यवसायी डराउनुपर्दैन। लगानी र लगानीकर्ताको सुरक्षामा सरकार गम्भीर छ,' उनले भने, 'आन्दोलनमा लुटिएका हातहतियार फिर्ता भइरहेका छन्। अहिले अवस्था पनि सामान्य बन्दै गएको छ। निजी क्षेत्रको सुरक्षामा पनि सरकार सकारात्मक छ।'

यस्तै, कानुनमन्त्री तथा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले अर्थतन्त्र चलायमान बनाउने गरी नीतिगत व्यवस्था गरिने बताए। कानुनले धेरै विषयमा नियन्त्रण गर्दा पनि अर्थतन्त्र प्रभावित भइरहेको उनको भनाइ छ। त्यस्ता कानुनी पक्ष पत्ता लगाएर सुधार गरिने पनि उनले बताए। अहिले कानुन नै संशोधन गर्न सम्भव छैन। यद्यपि, नीतिगत र प्रशासनिक सुधारबाट निजी क्षेत्रलाई सहयोग गरिने उनको भनाइ छ। यस्तै, मुख्य सचिव एकनारायण अर्यालले पनि निजी क्षेत्र र सरकारबिच सहकार्य हुनुपर्ने बताए। निजी क्षेत्रले उत्पादनदेखि रोजगारीसम्म योगदान दिएको बताउँदै सरकार र निजी क्षेत्र हातेमालो गर्न आवश्यक रहेको बताए।

नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलले निजी क्षेत्रका माग सम्बोधन गर्ने प्रयास भइरहेको बताए। 'राष्ट्र बैंकमा निजी क्षेत्रबाट धेरै माग आइरहेको छ। त्यसलाई सम्बोधन गर्ने प्रयास भइरहेको छ,' उनले भने, 'कालोसूचीमा ठुलो संख्यामा ऋणी पर्नु चिन्ताका रूपमा मैले लिएको छु। १८ लाख ऋणी हुँदा डेढभन्दा धेरै कालोसूचीमा छन्। यो भएपछि कसले ऋण लिन्छ ? यसकारण पनि कर्जाको माग नभएको हुन सक्छ,' उनले बताए।

यस्तै, महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघबाट आर्थिक पुनर्निर्माण एवं पुनरुत्थान योजना बनाउने काम भइरहेको बताए। 'त्यसमा पुनर्निर्माण, करिब तीन वर्षदेखिको न्यून माग बढाउने उपायलगायतका विषय यसमा समेटिनेछन्। यसको कार्यान्वयनका लागि पनि आग्रह गर्छु,' उने भने, 'यसले आमपब्लिकमा निजी क्षेत्रको योगदान र महत्त्व दर्साई भोलिको पुस्तासम्मलाई सकारात्मक सन्देश पनि दिनेछ।' यस्तै, उनले सुशासन कायम हुनुपर्ने पनि बताए। 'हामी सरकारको खर्च नहुने, तर व्यावसायिक वातावरण तयार हुने अन्य केही निर्णय र सहुलियतको आग्रह गर्न चाहिरहेका छौं। दोम्रो सुशासनको विषय हो,' उनले भने, 'महासंघले निरन्तर यो विषय उठाउँदै आएको छ। सुशासन कायम गर्न निजी क्षेत्रसमेतको सहभागितामा सुशासन संयन्त्र निर्माणका लागि आग्रह गर्छु।'

कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले शान्ति सुरक्षाको ग्यारेन्टी नभएसम्म लगानीको वातावरण बन्न कठिन हुने भन्दै शान्ति सुरक्षाको विषयलाई संवेदनशील रूपमा लिनुपर्ने बताए । त्यस्तै, नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष सुरेन्द्र श्रेष्ठले आन्दोलनपछिको अवस्थाले उद्योगी-व्यवसायीको मनोबल कमजोर भएको बताउँदै आर्थिक समृद्धिका लागि सुरक्षा र स्थायित्व आवश्यक भएको बताए। महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले सरकार, निजी क्षेत्रबिचको निरन्तर संवादले देशलाई असुरक्षा र अनिश्चितताबाट निकाल्न सकिने बताए।



प्रधानमन्त्री सुशीला कार्कीले उद्यमीलाई भनिन्-

डराउने होइन, बरु आत्मविश्वासका साथ अगाडि बढ्नुहोस्। तपाईंहरूले आशंका र भय पाल्ने वेला होइन। हातेमालो गर्ने वेला हो, विभिन्न अध्ययनले हाम्रो आर्थिक वृद्धिदर बढ्ने र महँगी घट्ने संकेत दिएका छन्, जसले हाम्रो प्रयास सही दिशामा छ भन्ने देखाउँछ। हिजोभन्दा भोलि राम्रो बनाउन एकजुट हुनेछौं।

नेपालको निर्यातमा ४७ प्रतिशत हिस्सा खानेतेलको

३७ अर्ब ६५ करोडको कच्चा तेल आयात हुँदा ३४ अर्ब ७५ करोडको प्रशोधित तेल निर्यात



नयाँ पत्रिका

नेपालको कुल निर्यातमा झन्डै आधा हिस्सा खानेतेलले ओगेटेको देखिएको छ। तेस्रो देशबाट कच्चा तेल ल्याएर प्रशोधन गरी भारत निकासी हुने भटमास, पाम र सूर्यमुखी तेलले कुल निर्यातमा ४७.७ प्रतिशत हिस्सा आगेटेको छ। व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांकअनुसार चालू आवको पहिलो त्रैमासमा नेपालले कुल ७२ अर्ब ७८ करोडबराबरको वस्तु निर्यात गरेको छ। यसको झन्डै आधा अर्थात् ३४ अर्ब ७५ करोड रुपैयाँबराबरको खानेतेल निर्यात भएको हो। कुल निर्यातमा सोयाबिन आयलको ४२.२ प्रतिशत, पाम आयलको २.६ र सनफ्लावर आयलको २.९ प्रतिशत हिस्सा रहेको केन्द्रको तथ्यांक छ।

समीक्षा अवधिमा सोयाबिन तेलको निर्यातमा उच्च दरमा वृद्धि भई ३० अर्ब ७० करोड पुगेको छ। गत आवको सोही अवधिमा सोयाबिन आयलको निर्यात नौ करोड ४० लाख रुपैयाँबराबरको मात्रै भएको थियो। पाम तेलको निर्यात चार सय सात प्रतिशतले बढेर एक अर्ब ९२ करोड पुगेको छ। सूर्यमुखी तेलको निकासी पाँच सय १२ प्रतिशतले बढेर दुई अर्ब १४ करोड पुगेको छ। 'यी तीनवटा वस्तुको नेपालको साउन-असोज महिना अवधिको कुल निकासीमा ४७.७ प्रतिशत योगदान रहेको छ,' केन्द्रले उल्लेख गरेको छ। इन्डोनेशिया, मलेशियालगायत देशबाट कच्चा तेल आयात गरी भारत निकासी गरिने खानेतेलमा मूल्य अभिवृद्धि न्यून भएको चौतर्फी गुनासो छ। न्यून मूल्य अभिवृद्धि हुने भएकै कारण यस निर्यातबाट नेपाललाई अपेक्षित लाभ हुन नसक्ने बताइन्छ।

साढे ३७ अर्बको कच्चा तेल आयात

समीक्षा अवधिमा नेपालले ३७ अर्ब ६५ करोड रुपैयाँबराबरको कच्चा तेल आयात गरेको छ। केन्द्रका अनुसार यो तीन महिनामा ३० अर्ब २४ करोडको कच्चा सोयाबिन आयल, तीन अर्ब सात करोडको कच्चा पाम आयल र चार अर्ब ३३ करोड रुपैयाँबराबरको सनफ्लावर कच्चा आयल आयात भएको हो। नेपालको कुल आयातमा कच्चा तेलको हिस्सा आठ प्रतिशत रहेको केन्द्रको तथ्यांक छ।

कच्चा तेलको आयात र प्रशोधित तेलको निर्यातको तथ्यांक विश्लेषण गर्दा खानेतेलको व्यापारमा नेपाललाई नोक्सान भएको देखिन्छ। कच्चा तेलको आयातभन्दा खानेतेलको निर्यात दुई अर्ब ९० करोड रुपैयाँले न्यून देखिन्छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा उद्योग विभागबाट इजाजत पत्र प्राप्त

SY Panel Nepal Limited
एसवाई प्यानल नेपाल लिमिटेड
SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डौ, उद्योग कार्यालय :रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन,
फोन न.: ०१-४१११७०४, इमेल : synepal34@gmail.com , वेभसाइट : www.synepal.com

साधारण शेयर निष्काशन तथा बिक्री बन्द बारेको सूचना

एसवाई प्यानल नेपाल लिमिटेडले आफ्नो जारी पूँजी रु.१,३०,८१,३७,१००।- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) को ४०% अर्थात् रु.५२,३२,५४,८००/- (बाउन्न करोड बत्तिस लाख चौवन्न हजार आठ सय) रकम बराबर रु.१००/अंकित दरका ५२,३२,५४८ (बाउन्न लाख बत्तिस हजार पाँच सय अठ्चालीस) कित्ता साधारण शेयर मध्ये २% अर्थात २,६१,६२७ कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि, ३८% अर्थात ४९,७०,९२१ कित्ता साधारण शेयरका १०% अर्थात ४,९७,०९२ कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि, ३% अर्थात १,४९,१२७ कित्ता साधारण शेयर कम्पनिका कर्मचारीहरुका लागि र ५% अर्थात २,४८,५४६ कित्ता साधारण शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरेको शेयर निष्कासन तथा बाँडफाँड गरे पश्चात बाँकी रहेको ४०,७६,१५६ (चालिस लाख छयत्तर हजार एक सय छपन्न) कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि मिति २०८२ कार्त्तिक १९ गते बुधबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढी शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ कार्त्तिक २३ गते** (बैंकिङ्ग समय पश्चात्) सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्वा बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानि साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ कार्त्तिक २३ गते** (बैंकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गदछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दैछौं।

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता	दरखास्त दिन पाउने अधिकतम कित्ता :	५०,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट : www.prabhucapital.com फोन नं.– ०१- ४१६९१००, ०१-५९७०२००
२.	श्री एसवाई प्यानल नेपाल लिमिटेड, तिनकुने, काठमाण्डौं वेवसाइट :www.synepal.com
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np
	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
४.	सर्वसाधारण शेयरधनीहरुको हकमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु : नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सिआस्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
प्रति शेयर आम्दानी रु.	३.०७	४.८७	५.३५	८.८१	९.२१	१०.४३	१३.५४
प्रति शेयर नेटवर्थ रु.	९६.६३	१०१.२८	१०६.६१	११५.४२	११७.४६	१२७.८०	१४१.२४
संचित नाफा नोक्सान	(२२,४०६,९५२)	१०,०१०,७७१	५१,८८८,९८९	१२१,०३३,४१७	२२८,३४४,५६५	३६३,६७३,१६३	५३९,४३८,६२३

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड डिल्लीबजार ,काठमाडौंबाट इस्यूअर रेटिङ्ग गराई [ICRANP-IR] BB+ (Pronounced ICRA NP Issuer Rating double B Plus) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB+ ले "Considered to have Moderate Risk of Default in the Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। जसले कम्पनीको समयमै वित्तीय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउंछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ, [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने (जोड) वा (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८२/०५/३१ रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८३/०५/३०

लगानी कर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ कार्त्तिक ११ गतेको "नयाँपत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.synepal.com, नेपाल धितोपत्रबोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.prabhucapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६९१००, ५९७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

रुपन्देही उद्योग संघको अध्यक्षमा पराजुली

नयाँ पत्रिका

रुपन्देही उद्योग संघको अध्यक्षमा कृष्णप्रसाद पराजुली निर्विरोध निर्वाचित भएका छन्। संघको ४७औं साधारणसभा तथा २४औं अधिवेशनले अध्यक्षसहित सबै पद निर्विरोध भएको निर्वाचन समितिका प्रमुख रामप्रसाद आचार्यले बताए। संघको वरिष्ठ उपाध्यक्षमा जीवकान्त काफ्ले, प्रथम उपाध्यक्षमा हरिबहादुर खत्री, द्वितीय उपाध्यक्षमा युवराज आचार्य, महासचिवमा सुमन बस्याल, कोषाध्यक्षमा विशाल बेलवासे, सचिवमा अशोक कुँवर र सहकोषाध्यक्षमा राजु घिमिरे निर्विरोध भएका छन्। पदाधिकारीको सचिव (महिला) पद भने खाली छ। उक्त पदमा शारदा रेग्मी (भट्टराई)को उम्मेदवारी परे पनि उनले शुक्रबार उम्मेदवारी फिर्ता लिएपछि पद नै खाली भएको हो।

त्यस्तै, सदस्यमा आजीवनतर्फ इन्जिनियर किरण खरेल, एसोसिएटतर्फ अखिलेश गुप्ता कसौधन, संस्थागतमा तेजप्रसाद पराजुली निर्वाचित भएका छन्। खुला सदस्यमा रमेशप्रसाद आचार्य, लालप्रसाद बस्याल, काशीनाथ खनाल, मेघबहादुर घिमिरे, अनिशकुमार कसौधन र थानेश्वर पाण्डे निर्वाचित भएका छन्। त्यस्तै सदस्यमा पार्वती गिरी, दिलु शाही, प्रज्वल थान्जू, नारायणप्रसाद खनाल, डिल्लीनारायण पाण्डे, घनश्याम पौडेल शमा, सतिश सापकोटा, चक्रपाणि तिवारी, कृष्णप्रसाद पोखरेल, टंकनारायण आचार्य निर्वाचित भएका छन्।

'अघिल्लो सञ्चालकका कारण महँगोमा सम्झौता गर्न बाध्य भयौं'

नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले अघिल्लो सञ्चालक समिति र व्यवस्थापनले समयमा निर्णय गर्न नसक्दा पिटिसी इन्डियाबाट महँगोमा विद्युत् किन्ने सम्झौता गर्न बाध्य भएको बताएको छ। प्राधिकरणले शनिबार विज्ञप्ति जारी गर्दै हिउँद (जनवरीदेखि मे)सम्म भारतको पिटिसी भारतबाट प्रतियुनिट ६.९५ भारुमा एक सय ८० मेगावाट विद्युत् २४ घण्टा नै खरिद गर्ने गरी सम्झौता गरेको जनाएको हो। तर, प्राधिकरण सञ्चालक समितिका अध्यक्ष ऊर्जामन्त्री कुलमान घिसिङ र कार्यकारी निर्देशक मनोज सिलवालले अनियमिता गरेको भन्दै त्यो विवादमा परेको छ। त्यसपछि प्राधिकरणले विज्ञप्ति जारी गर्दै अघिल्लो सञ्चालक समिति र व्यवस्थापनले समयमा निर्णय गर्न नसक्दा यस्तो अवस्था आएको स्पष्ट पारेको छ। यसअघि प्राधिकरणको अध्यक्षमा निवर्तमान ऊर्जामन्त्री दीपक खड्का र कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्य थिए।

हिउँदमा नेपालमा उत्पादन कम हुने भएपछि भारतबाट आयात गर्नुपर्छ। भारतबाट विद्युत् खरिद गर्न इन्डियन इनर्जी एक्सचेन्ज (आइइएक्स), पिटिसी इन्डिया, एनभिभिएन र नेपाल-भारत विद्युत् एक्सचेन्ज समिति (पिइसी) लगायतका विकल्प छन्।

त्यसमा प्राधिकरणले हिउँदका लागि विद्युत् खरिद गर्न १३ साउनमा भारतीय सरकारी कम्पनी 'पिटिसी इन्डिया' र भारतीय सरकारी निकाय 'एनटिपिसी विद्युत् व्यापार निगम' (एनभिभिएन)सँग प्रस्ताव माग गरेको थियो। पिटिसीले २३ साउनमा एक महिना (२३ भदौसम्म)को अवधि राखेर प्रतियुनिट ६.७४ भारुमा विद्युत् बिक्री गर्ने प्रस्ताव पठायो। एनभिभिएनले भने प्रतियुनिट ७.७० भारुमा विद्युत् बिक्रीको प्रस्ताव पेस गरेको थियो।

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE STARTING FROM 8.25% p.a.
*T & C apply
Global IME Bank
GLOBAL CONNECT Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

'पकेट' क्षेत्रमै घट्यो धान उत्पादन

सय ठाउँबाट संकलन गरिएको नमुना उत्पादकत्वको अवस्था हेर्दा बर्खे सिजनमा ६% उत्पादन कम

धनगढीमा **तेजराज भट्ट**

अन्न उत्पादनका लागि उर्वर कैलालीमा यस वर्ष धान उत्पादन घटेको छ। मौसमलगायत कारणले धानको उत्पादकत्व घट्दा गत वर्षको तुलनामा समग्र उत्पादनमा समेत कमी आएको कृषि ज्ञानकेन्द्र, कैलालीले जनाएको छ।

केन्द्रले जिल्लाभरिका एक सय ठाउँबाट १० वर्गमिटर र एक वर्गमिटरको नमुना संकलन गरी कति धान उत्पादन भयो भन्ने विश्लेषण गरेको थियो। नमुना संकलन गरिएका ठाउँको उत्पादकत्वको अवस्था हेर्दा यो बर्खे सिजनमा धानको उत्पादन करिब ६ प्रतिशत घटेको केन्द्रका कृषि प्रसार अधिकृत मदनराज जोशीले बताए। उनका अनुसार गत वर्ष बर्खे सिजनमा धानको उत्पादकत्व प्रतिहेक्टर ४.४५ मेट्रिकटन थियो। यस वर्ष धानको उत्पादकत्व प्रतिहेक्टर ४.५ प्रतिशत रहेको कृषि प्रसार अधिकृत जोशीले जानकारी दिए। यस वर्ष जिल्लाभरि करिब ६८ हजार हेक्टर क्षेत्रफलमा धानखेती भएकोमा करिब तीन लाख आठ हजार मेट्रिकटन धान उत्पादन भएको ज्ञानकेन्द्रको अनुमान छ।

रोपाइँ सकिएपछि भएको लामो खडेरी र धान फुल्ने वेला पानी पर्नुले उत्पादनमा कमी आएको हो। 'समयमै रोपाइँ भयो, तर रोपाइँ सकिएपछि करिब डेढ महिनासम्म पानी नपर्दा बिरुवाले गाँज हाल्न पाएन, घाँस उम्रियो,' जोशीले भने, 'धान फुल्ने वेला वर्षा भयो। यसले धानको परागसेचनलाई असर गर्दा उत्पादन प्रभावित भयो।'

रासायनिक मलको अभावले पनि उत्पादन घटेको कृषकहरू बताउँछन्। बिरुवा हुर्कने र गाँज हाल्ने वेला रासायनिक मल नपाउँदा यस वर्ष धान राम्रो नफलेको गोदावरी नगरपालिका- ६ का किसान नवराज भण्डारीले बताए। सुदूरपश्चिममा अन्न उत्पादनको पकेट क्षेत्र मानिने कैलाली र कञ्चनपुर तथा अन्य जिल्लामा समयमै रोपाइँ सकिएको थियो।



राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत कैलालीमा भजनी नगरपालिका तथा जोशीपुर र जानकी गाउँपालिकाका गरी नौवटा वडामा धान जोन कार्यक्रम कार्यान्वयनमा छ। धान जोन कार्यक्रम लागू भएका ठाउँमा पनि यस वर्ष उत्पादनमा कमी आएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गारिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गार्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गारिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म : एस पी एग्रो सप्लायर्स, साझेदार तथा जमानीकर्ताहरु : १. थानेश्वर सापकोटा, २. प्रतिभा विमली** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय तौलीहवा कपिलवस्तुमा सा.फ.र.नं.: ११२१०/०७८, दर्ता मिति २०७८/०४/२८, ठेगाना: जिल्ला कपिलवस्तु, कपिलवस्तु न.पा. वडा नं. १
	धितोको विवरण
	१) लक्ष्मी नारायण विमलीकी नातीनी, नर प्रसाद विमलीकी छोरी, सुनसरी जिल्ला, दुहवी गा.वि.स. वडा नं. ५ बस्ने प्रतिभा विमलीको नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौंको लगतमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, महांकाल गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ११५ र ११६ को क्षेत्रफल क्रमश: ९४.३८ र १२८.१५ (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) एस पी एग्रो सप्लायर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२)	**ऋणी फर्म : दिवांस एकिकृत कृषि फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : शिवचन्द्र यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्रा.फ. दर्ता नं.: २४५९५.०७९.८०, मिति २०८०/०२/०४ ठेगाना : जिल्ला रुपन्देही, गैंडहवा गा. पा. वडा नं. १
	धितोको विवरण
	१) परमेश्वर यादवको नाती, राजिन्दर यादवको छोरा रुपन्देही जिल्ला, साड़ी गा.वि.स. वडा नं. ५ बस्ने शिवचन्द्र यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला , पटना गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. ८५७ को क्षेत्रफल १-३-२-० (विगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) दिवांस एकिकृत कृषि फर्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**ऋणी : राम बहादुर राया** स्थायी ठेगाना : मोरङ जिल्ला, हसन्दह गा.वि.स. वडा नं. ७, हालको ठेगाना : धनकुटा जिल्ला, धनकुटा न.पा वडा नं १, बाबु : भद्रकाली राया क्षेत्री, बाजे : गणेश बहादुर राया
	धितोको विवरण
	गणेश बहादुर रायाको नाति, भद्रकाली राया क्षेत्रीको छोरा, मोरङ जिल्ला, हसन्दह गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनकुटा जिल्ला, धनकुटा न.पा वडा नं १ बस्ने राम बहादुर रायाको नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता कायम रहेको धनकुटा जिल्ला, धनकुटा न.पा वडा नं २ (हाल : धनकुटा न.पा वडा नं ४) स्थित कित्ता नं. १४० को क्षेत्रफल ६-५-२-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४)	**१) ऋणी फर्म : शर्मा ट्रेडर्स, प्रोप्राईटर तथा जमानतकर्ता : उमेश शर्मा** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.) नेपालमा प्राइभेट फर्म दर्ता :- ०२७२-७-२०८०/८१ , दर्ता मिति: २०८०/०९/२०, ठेगाना: जिल्ला नवलपरासी (ब.सु.प.), रामग्राम न.पा. वडा नं. ५
	२) ऋणी : उमेश शर्मा ठेगाना : नवलपरासी (ब.सु.प.) जिल्ला, रामग्राम न.पा. वडा नं. ५, बाबु : लक्ष्मी प्रसाद शर्मा, बाजे : केदार नाथ शर्मा
	धितोको विवरण
	१) केदार शर्माको नाति, लक्ष्मी प्रसाद शर्माको छोरा नवलपरासी (ब.सु.प.) जिल्ला, रामग्राम न.पा. वडा नं. ५ बस्ने उमेश शर्मा को नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बरगदवा गा.वि.स. वडा नं. २ ख (हाल गैडहवा गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ४५३ को क्षेत्रफल क्रमश: ०-४-११-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) शर्मा ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५)	**१) ऋणी फर्म : घिमिरे गाई तथा भैंसी पालन, प्रोप्राईटर तथा जमानतकर्ता : योगेन्द्र राज घिमिरे** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा दर्ता नं. ११९३१/०७७/०७८, दर्ता मिति: २०७७/०४/१८, ठेगाना: जिल्ला, रुपन्देही जिल्ला, कन्चन गा.पा. वडा नं. ५
	२) ऋणी : योगेन्द्र राज घिमिरे स्थायी ठेगाना : रुपन्देही जिल्ला, रुद्रपुर गा.वि.स. वडा नं. ३, हालको ठेगाना : रुपन्देही जिल्ला, कन्चन गा.पा. वडा नं. ९, बाबु : चिन्तामणि घिमिरे, बाजे : हिमलाल घिमिरे
	धितोको विवरण
	१) रुक्मागत पाण्डेयकी छोरी, हिमलाल घिमिरेकी बुहारी, चिन्तामणि घिमिरेकी पत्नी, रुपन्देही जिल्ला, रुद्रपुर गा.पं. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, कन्चन गा.पा. वडा नं. ९ बस्ने राधा घिमिरेको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, गजेडी गा.वि.स. वडा नं. ९ग (हाल कन्चन गा.पा. वडा नं. ५) स्थित कित्ता नं २९ र ४५७ को क्षेत्रफल क्रमश: १२६९.८४ र ८१२.६० (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) रुक्मागत पाण्डेयकी छोरी, हिमलाल घिमिरेकी बुहारी, चिन्तामणि घिमिरेकी पत्नी, रुपन्देही जिल्ला, रुद्रपुर गा.पं. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, कन्चन गा.पा. वडा नं. ९ बस्ने राधा घिमिरेको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. १२ (हाल बुटवल उ.म.न.पा. वडा नं. १०) स्थित कित्ता नं १२८ को क्षेत्रफल १५६ (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) घिमिरे गाई तथा भैंसी पालनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**ऋणी : नरेश कुमार साह तेली** स्थायी ठेगाना : पर्सा जिल्ला, वगाही गा.वि.स. वडा नं. १, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८, बाबु : सिताराम साह तेली, बाजे : पासपत साह तेली
	धितोको विवरण
	पासपत साह तेलीको नाति, सिताराम साह तेलीको छोरा, पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बस्ने नरेश कुमार साह तेलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, वीरगंजको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वगाही गा.वि.स. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-०-१२-० (विगाह) तथा पर्सा जिल्ला, वगाही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ८२१ को क्षेत्रफल ०-२-७-८ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
७)	**ऋणी : मो. सलमान आलम** स्थायी ठेगाना : सिराहा जिल्ला, चन्द्र अयोध्यापुर गा.वि.स. वडा नं.२, हालको ठेगाना : सिराहा जिल्ला, नरहा गा.पा. वडा नं. ३, बाबु : समिम मियाँ, बाजे : वौका मियाँ
	धितोको विवरण
	रहमान मियाँको छोरी, वौका मियाँकी बुहारी, समीम मियांकी पत्नी सिराहा जिल्ला, वेतौना गा.वि.स. वडा नं २ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नरहा गा.पा. वडा नं. ३, बस्ने खैरुण खातुनको नाममा मालपोत कार्यालय, सिराहाको लगतमा दर्ता कायम रहेको सिराहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. १ ख (हाल नरहा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ३०६५ को क्षेत्रफल ०-२-०-० (बिगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
८)	**१) ऋणी : प्रशान्त चौधरी** स्थायी ठेगाना : सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ११, बाबु : महेश्वर चौधरी, बाजे : धनुषी साह तथा **महेश्वर चौधरी** स्थायी ठेगाना : सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ११,बाबु : धनुषी साह, बाजे : जानकी चौधरी
	धितोको विवरण
	१) जानकी चौधरीको नाति, धनुषी साहको छोरा, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने महेश्वर चौधरीको नाममा भुमीसुधार तथा मालपोत कार्यालय, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ९ (हाल कर्जन्हा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ५३२ को क्षेत्रफल ०-०-४ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) महेन्द्र प्रसाद जैसवालकी छोरी, धनुषी चौधरीकी बुहारी, महेश्वर चौधरीकी पत्नी, सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ बस्ने उमा देवी चौधरीको नाममा भुमीसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ८ (हाल कर्जन्हा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ३२११ को क्षेत्रफल ०-०-१५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।
	कर्जाको किसिम : व्यक्तिगत कर्जा **२) ऋणी : मनिषा चौधरी** ठेगाना : सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ११, बाबु : सिन्हेश्वर महतो, ससुरा : महेश्वर चौधरी, पति : प्रशान्त चौधरी
	जमानीकर्ताहरु : १) महेश्वर चौधरी, स्थायी ठेगाना : सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ११, बाबु : धनुषी साह, बाजे : जानकी चौधरी, **२) प्रशान्त चौधरी**, स्थायी ठेगाना : सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ११, बाबु : महेश्वर चौधरी, बाजे : धनुषी साह, **३) उमादेवी चौधरी**, स्थायी ठेगाना : सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ११, बाबु : महेन्द्र प्रसाद जैसवाल, ससुरा : धनुषी साह, पति : महेश्वर चौधरी
९)	**१) ऋणी फर्म : उस्मानी वुट हाउस, प्रोप्राईटर तथा जमानीकर्ता : शेष सैदर** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा, प्रा.फ.र.नं. ११९६/०६६/०६७, दर्ता मिति २०६६/०८/२४, ठेगाना : जिल्ला सिरहा, रामनगर मिर्चैया गा.वि.स. वडा नं ४ (हाल मिर्चैया न.पा. वडा नं. ५)
	धितोको विवरण
	१) शेष मुर्तुजाकी छोरी, शेष उसमानकी बुहारी, शेष सैदरकी पत्नी महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ४ बस्ने नुरेजा खातुनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिराहाको लागतमा दर्ता कायम रहेको सिराहा जिल्ला रामनगर गा.वि.स. वडा नं. ५ख (हाल मिर्चैया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२१८ को क्षेत्रफल ०-०-६-१०१/२ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) शेष रसुलको नाति, शेष उसमानको छोरा, महोत्तरी जिल्ला, किसाननगर गा.वि.स वडा नं ४ बस्ने शेष सैदरको नाममा भुमिसुधार तथा मालपोत कार्यालय सिराहाको लागतमा दर्ता कायम रहेको सिराहा जिल्ला कुर्जन्हा गा.वि.स. वडा नं. १घ (हाल कर्जन्हा न.पा. वडा नं १०) स्थित कित्ता नं. १३७ को क्षेत्रफल ०-३-० को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) उस्मानी वुट हाउसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) ऋणी : शेष सैदर स्थायी ठेगाना : महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५, बाबु : शेष उसमान, बाजे : शेष रसुल
	धितोको विवरण
	शेष रसुलको नाति, शेष उसमानको छोरा, महोत्तरी जिल्ला, किसाननगर गा.वि.स वडा नं ४ बस्ने शेष सैदरको नाममा भुमिसुधार तथा मालपोत कार्यालय सिराहाको लागतमा दर्ता कायम रहेको सिराहा जिल्ला कर्जन्हा गा.वि.स. वडा नं. १घ (हाल कर्जन्हा न.पा. वडा नं १०) स्थित कित्ता नं. ३०३८को क्षेत्रफल ०-३-७१/२ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१०)	**ऋणी : शम्भु शर्मा** स्थायी ठेगाना : सुनसरी जिल्ला, अमडुवा गा.वि.स. वडा नं. ०७, हालको ठेगाना : सुनसरी जिल्ला, बर्जु गा.पा. वडा नं. ०४, बाबु : राम औतार शर्मा, बाजे : धमैसी शर्मा
	धितोको विवरण
	धमैसी शर्माको नाति, राम औतार शर्माको छोरा सुनसरी जिल्ला, अमडुवा गा.वि.स. वडा नं. ७ बस्ने शम्भु शर्माको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, साहेबगंज गा.वि.स. वडा नं. १क स्थित कित्ता नं. ४३१ को क्षेत्रफल ०-२-०-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
११)	**ऋणी फर्म : रिचा एण्ड रिजन अटो पार्ट रिपेरिङ सेण्टर, प्रोप्राईटर तथा जमानीकर्ता : तारा शंकर** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, पाँचथरमा प्रा.फ.र.नं. ९२६/०७६/७७, दर्ता मिति : २०७६/०५/०९, ठेगाना : जिल्ला पाँचथर, फिदिम न.पा. वडा नं. १
	धितोको विवरण
	१) जगवीर कामीकी छोरी, प्रेमराज शंकरकी बुहारी, विक्रम शंकरकी पत्नी, पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १ बस्ने तारा शंकरको नाममा मालपोत कार्यालय पाँचथरको लगतमा दर्ता कायम रहेको पाँचथर जिल्ला, फिदिम गा.वि.स. वडा नं. ३ ख स्थित कित्ता नं. ९९४ को क्षेत्रफल १-६-२-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) रिचा एण्ड रिजन अटो पार्ट रिपेरिङ सेण्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१३)	**१) ऋणी : रबिन्द्र चौधरी** स्थायी ठेगाना : सुनसरी जिल्ला, सिंगीया गा.वि.स. वडा नं.७, हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.५, बाबु : असनलाल चौधरी , बाजे : नक्छेदी चौधरी
	धितोको विवरण
	फागुलाल चौधरीकी छोरी, रबिन्द्र चौधरीकी पत्नी, सुनसरी जिल्ला, सिंगीया गा.वि.स. वडा नं. ७ बस्ने सुनिता चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, सिंगिया गा.वि.स. वडा नं. ७ग स्थित कित्ता नं. ६२३ र ६२४ को क्षेत्रफल त्रमश : ०-२-०-० र ०-१-०-०(विगाहा) को घरजग्गा र सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं. २७२ को क्षेत्रफल ०-०-१०-० (विगाहा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
	कर्जा किसिम : व्यक्तिगत कर्जा **२) ऋणी : दिनेश कुमार चौधरी** स्थायी ठेगाना : सुनसरी जिल्ला, सिंगिया गा.वि.स. वडा नं.७, हालको ठेगाना : मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं.७, बाबु : असनलाल चौधरी, बाजे : नकछेदी चौधरी
	जमानीकर्ताहरु : १) असनालाल चौधरी, स्थायी ठेगाना : सुनसरी जिल्ला, सिंगिया गा.वि.स. वडा नं.७, हालको ठेगाना : मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं.७, बाबु : नकछेदी चौधरी, बाजे : सुनर चौधरी, **२) हिरा कुमारी चौधरी**, स्थायी ठेगाना : सुनसरी जिल्ला, सिंगिया गा.वि.स. वडा नं.७, हालको ठेगाना : मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं.७, बाबु : दैतु चौधरी, ससुरा : असनलाल चौधरी, पति : दिनेश कुमार चौधरी, **३) सुनिता चौधरी**, स्थायी ठेगाना : सुनसरी जिल्ला, भा.सी. गा.वि.स. वडा नं.८, हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.५, बाबु : फागुलाल चौधरी, ससुरा : असनलाल चौधरी, पति : रबिन्द्र चौधरी, **४) रबिन्द्र चौधरी**, स्थायी ठेगाना : सुनसरी जिल्ला, सिंगीया गा.वि.स. वडा नं.७, हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं.५, बाबु : असनलाल चौधरी , बाजे : नक्छेदी चौधरी
१४)	**ऋणी फर्म : अदिती किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता : राकेश कुमार साह** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्रा.फ.र.नं. १८२५/०६८/०६९, दर्ता मिति २०६८/०४/१०, ठेगाना: जिल्ला सिरहा, कल्याणपुर जब्दी गा.वि.स. वडा नं. ८
	धितोको विवरण
	१) अनिरुद्र साहको नाती, रामेश्वर साहको छोरा, सिरहा जिल्ला, कल्याणपुर जब्दी गा.वि.स. वडा नं. ८ बस्ने राकेश कुमार साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लागतमा दर्ता कायम रहेको सिरहा जिल्ला, फुलवरिया गा.वि.स. वडा नं. ६ क स्थित कित्ता नं. ३१४८ को क्षेत्रफल ०-१-० (विगाहा) जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) रामेश्वर साहु सुडीकी छोरी, रामेश्वर साहकी बुहरी, राकेश कुमार साहकी पत्नी, सिरहा जिल्ला, कल्याणपुर जब्दी गा.वि.स. वडा नं. ८, बस्ने कल्पना कुमारी साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं. ४८ को क्षेत्रफल ०-०-१० (विगाहा) जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) अदिती किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१५)	**ऋणी कम्पनी : गौशाला कन्स्ट्क्सन प्रा.लि., संचालक तथा जमानीकर्ता : अजित चौधरी** दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं १५४८९५/०७३/०७४, दर्ता मिति २०७३/०५/१४, ठेगाना : जिल्ला महोत्तरी, गौशाला न.पा. वडा नं. ६
	धितोको विवरण
	१) सुब्बा लाल चौधरीको नाति, राम लखन चौधरीको छोरा, महोत्तरी जिल्ला, गौशाला गा.वि.स. वडा नं. ३ बस्ने अजित चौधरीको नाममा मालपोत कार्यालय महोत्तरी, जलेश्वरको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, निगौल गा.वि.स. वडा नं. ३ ग स्थित कित्ता नं. २२८ र २१८ को क्षेत्रफल क्रमस ०-४-१६१/२ र ०-०-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) गौशाला कन्स्ट्क्सन प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१६)	**ऋणी : विजय सुब्बा** स्थायी ठेगाना : पाँचथर जिल्ला, चोकमागु गा.वि.स. वडा नं ३, हालको ठेगाना : पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं १, बाबु : मणि कुमार लिम्वु, बाजे : गौरी प्रसाद लिम्वु
	धितोको विवरण
	इच्छा बहादुर नेम्वाङको नातीनी, कुल बहादुर नेम्वाङकी छोरी, पाँचथर जिल्ला, चोकमागु गा.वि.स., वडा नं ८ बस्ने सवा देवी नेम्वाङको नाममा मालपोत कार्यालय पाँचथरको लगतमा दर्ता कायम रहेको पाँचथर जिल्ला, चोकमागु गा.वि.स., वडा नं ८च स्थित कित्ता नं. १२७ को क्षेत्रफल ५-१०-३-२ रोपनीको जग्गा र चोकमागु गा.वि.स., वडा नं ८क स्थित कित्ता नं. ९३ को क्षेत्रफल ५-११-०-१ रोपनीको जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगते कार्यालय खुले को दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबै लाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैंले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैंले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैंले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैंले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

हुन्डाईले ल्यायो एक्सचेन्ज अफर

काठमाडौं/ हुन्डाई नेपालले पुरानासँग नयाँ गाडी साट्न मिल्ने एक्सचेन्ज अफर ल्याएको छ। कम्पनीले ल्याएको 'अपग्रेड टु द पर्फेक्ट इभी'अन्तर्गत ग्राहकले आफ्नो पुरानो गाडी साटेर नयाँ हुन्डाई क्रेटा इभी प्राप्त गर्न सक्नेछन्। यो अफर देशभरका सबै हुन्डाई सोरुमहरूमा लागू हुने कम्पनीले जनाएको छ।



अफरअन्तर्गत ग्राहकले एक लाखसम्मको एक्सचेन्ज बोनस, ७५ हजारको विशेष छुट र २५ हजार रुपैयाँको लोयल्टी बोनस प्राप्त गर्न सक्नेछन्। साथै, यस अफरमा एक वर्षको कम्प्रिहेन्सिभ इन्स्योरेन्स र रोड ट्याक्स पनि समावेश गरिएको छ, जसले हुन्डाई क्रेटा खरिदलाई अझ सुविधाजनक बनाउने कम्पनीको दाबी छ।

कम्पनीका अनुसार क्रेटा इभीमा हुन्डाईको अत्याधुनिक प्रविधि, आकर्षक डिजाइन र दमदार प्रदर्शनको संयोजन छ, जसले विद्युतीय गाडीमा रूपान्तरण गर्न चाहनेका लागि यो एक उत्कृष्ट विकल्प बनाउनेछ। साथै, क्रेटा खरिदमा ग्राहकले ६ वर्षको फ्री सर्भिस र तीन वर्षको वारेन्टी पनि पाउनेछन्।

राष्ट्रिय वाणिज्य बैंकको ऋणपत्र निष्कासनमा कुमारी क्यापिटल

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकले तीन अर्ब रुपैयाँको ऋणपत्र निष्कासन गर्ने भएको छ। बैंकले प्रतिकित्ता एक हजार रुपैयाँ अंकित दरका ३० लाख कित्ता ऋणपत्र निष्कासन गर्न लागेको हो। '६ प्रतिशत आरबिबी डिबेन्चर-२०८९' ऋणपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा बैंकले कुमारी क्यापिटललाई नियुक्त गरेको हो। दुवै पक्षबिच बिहीबार सम्झौतासमेत भएको छ। सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) देवेन्द्ररमण खनाल तथा कुमारी क्यापिटलका सिइओ पुष्प शर्माले हस्ताक्षर गरे।

बैंकले कुल निष्कासन रकमको ६० प्रतिशत अर्थात् १८ लाख कित्ता संस्थागत तथा व्यक्तिगत तवरले बिक्री गर्नेछ भने ४० प्रतिशत अर्थात् १२ लाख कित्ता सर्वसाधारणका लागि निष्कासन गरिने जनाएको छ। उक्त ऋणपत्रको वार्षिक ब्याजदर ६ प्रतिशत र अवधि सात वर्षको रहने बताइएको छ। बैंकले देशभरका तीन सय १० शाखामार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

एनसेलको डेटा दिँदा मेटलाइफको बिमा सुरक्षा

काठमाडौं/ एनसेल र मेटलाइफ नेपालको साझेदारीमा 'डाटासँगै जीवन' नवीन योजना सुरु भएको छ। यो सेवा लिने ग्राहकले मोबाइल डेटाका साथै जीवन तथा घातक रोगको बिमा एकैसाथ पाउने भएका छन्। नेपालमै पहिलोपटक सुरु भएको यो सेवाअन्तर्गत एनसेलका ग्राहकले दुई विशेष प्याकेजमध्ये कुनै एक रोजेर बिमाको फाइदा लिन सक्छन्, जसमा डेटा प्रयोगसँगै बिमा सुविधा पनि प्राप्त हुने बताइएको छ।



दुई प्याकेजमा पहिलोमा करसहित ९९ रुपैयाँको प्याक रहेको छ। तीन दिनको समयसीमा रहेको यो प्याकमा ग्राहकले १०० एमबी डेटा, दुई लाखबराबरको म्यादी जीवन बिमा र दुई लाखबराबरकै घातक रोग बिमा सुविधा प्राप्त गर्नेछन्। यो बिमा सुविधा प्याक खरिद गरेको मितिबाट ३० दिनसम्म मान्य रहनेछ।

त्यसैगरी ३९ रुपैयाँको प्याकमा ग्राहकले तीन दिनका लागि १०० एमबी डेटा, ५० हजारबराबरको म्यादी जीवन बिमा र सोहीबराबरको घातक रोग बिमा पाउनेछन्। यो बिमा सुविधा प्याक खरिद गरिएको मितिबाट ३० दिनसम्म मान्य रहनेछ।

लक्ष्मी सनराइज क्यापिटलको लाभांश पारित

काठमाडौं/ लक्ष्मी सनराइज क्यापिटलको साधारणसभाबाट लाभांश पारित गरिएको छ। कम्पनीको शुक्रबार सम्पन्न वार्षिक साधारणसभाले गत आर्थिक वर्षको मुनाफाबाट वितरण गरिने लाभांश पारित गरेको हो। जसमा चुक्ता पुँजीको १५.७९ प्रतिशत अर्थात् सात करोड ७२ लाख (करसहित) रुपैयाँ नगद लाभांश रहेको छ। साथै, साधारणसभाले गत आवको वार्षिक प्रतिवेदन, सोही अवधिको असार मसान्तको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरणसम्बन्धी प्रस्ताव पारित गरेको छ।



■ झापा महिला गोल्डकप

उपाधि जित्न पुलिसले फेरि एपिएफसँग खेल्नुपर्ने

एपिएफले सोमबार हुने फाइनलमा अर्को विभागीय प्रतिद्वन्द्वी नेपाल पुलिसको गर्नेछ सामना



झापामा चिरञ्जीवी घिमिरे

विभागीय प्रतिद्वन्द्वी नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी बलको एपिएफ क्लब प्रथम झापा महिला गोल्डकपको उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन् । शनिबार गोलकिपर अञ्जना रानामगर चम्किएपछि झापाको दुधे रंगशालामा अर्को विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबलाई पेनाल्टी सुटआउटमा पराजित गर्दै एपिएफ उपाधिनजिक पुगेको हो । यसअघि भएको निर्धारित समयको खेल १-१ को बराबरीमा सकिएको थियो ।

एपिएफले सोमबार हुने फाइनलमा पुलिसको सामना गर्नेछ । पुलिस शुक्रबार संकटा क्लबलाई पराजित गर्दै फाइनलमा पुगेको थियो । यसअघि यो दुई टोली राष्ट्रिय महिला लिगको फाइनलमा भेटेका थिए । जहाँ एपिएफले बाजी मारेको थियो । त्यसपछि लुम्बिनी कपमा पनि एपिएफले नै पुलिसलाई हराएको हो । दुधे रंगशालामा पुलिसलाई लगातार हारको बदला लिने अवसरसमेत छ । यता, एपिएफ भने महिला फुटबलमा आफ्नो दबदबा कायम राख्ने योजनामा देखिन्छ । एपिएफ दोस्रो सेमिफाइनलमा १-० ले पछि पर्दासमेत पुनरागमन गर्न सफल भएको थियो ।

एपिएफ पेनाल्टीमा विजयी

अन्तिम सेमिफाइनल खेलको निर्धारित ९० मिनेटको समय १-१ को बराबरीमा सकियो । यसपछि खेलको निर्णय पेनाल्टी सुटआउटमा भएको थियो । पेनाल्टीमा गोलकिपर अञ्जना रानामगर चम्किएपछि एपिएफ ४-२ ले विजयी भयो । पेनाल्टीमा एपिएफकी सविता रानामगर, रश्मिकुमारी घिसिङ, निशा थोकर र कप्तान अनिता बस्नेतले गोल गरे । रेनुका हमालको प्रहार भने आर्मीकी गोलकिपर कोपिला खड्काले बचाइन् । आर्मीबाट भने अनिता लम्जेल र विमला विकको प्रहार मात्र गोलमा परिणत भयो । विमला चौधरी र सुमिता चौधरीको प्रहार भने एपिएफकी गोलकिपर अञ्जनाले बचाएकी थिइन् । उनी नै खेलको प्लेयर अफ दी म्याच भइन् ।

घरेलु प्रतियोगितामा सफल महिला टिम एपिएफले पहिलो ११ मा सबै खेलाडी राष्ट्रिय टिमको सदस्यलाई समावेश गरेको थियो । तर, आर्मीले एपिएफमाथि खेलभर चुनौती सिर्जना गऱ्यो । आर्मीको आक्रामक खेललाई विफल बनाउन एपिएफलाई हम्मेहम्मे नै परेको थियो ।

निकै प्रतिस्पर्धात्मक अन्तिम सेमिफाइनल खेलमा सुरुवाती अग्रता भने आर्मीले लिएको थियो । खेलको ६४औँ मिनेटमा एपिएफकी गोलकिपर अञ्जनाले गल्ती गर्दा आर्मीकी चन्द्रा भण्डारीले गोल गरेकी थिइन् । तर, इन्जुरी समय सम्हालिन नसक्दा आर्मी हार व्यहोर्न बाध्य भयो । एपिएफकी कप्तान अनिता बस्नेतले फ्रिकिकमा गोल गर्दै खेललाई बराबरीमा फर्काइन् । करिब २२ यार्डमा आर्मीकी विमला चौधरीले बललाई हातले छोएपछि एपिएफले फ्रिकिक पाएको थियो ।

पहिलो ११ नै राष्ट्रिय टिमका सदस्य खेलाएको एपिएफमाथि आर्मीले बारम्बार चुनौती दियो । अनुभवी डिफेन्डर गीता रानाको अनुपस्थिति रहँदा आर्मीको आक्रामक खेललाई डिफेन्स गर्न एपिएफलाई हम्मेहम्मे परेको थियो ।

सुरक्षामा लापरबाही

दुई विभागीय टोलीबिचको अन्तिम सेमिफाइनल खेलमा दुधे रंगशालामा दर्शक भरिभराउ थिए । १३ हजार दर्शक क्षमताको अस्थायी र स्थायी प्यारापिटमा दर्शक भरिएका थिए । कति दर्शक उभिएरै खेल हेर्न बाध्य थिए । जब खेलको अतिरिक्त समयमा एपिएफले गोल गऱ्यो तब दर्शक मैदानमै पुगे । पेनाल्टी सुटआउटमा एपिएफले जित निकालेसँगै दर्शकको भिड सीधै मैदानमा प्रवेश गरेर खेलाडीसँग मिसिएका थिए ।

जसले खेलाडीको सुरक्षामा खतरा उत्पन्न भएको थियो । त्यसअघि दर्शकलाई व्यवस्थित स्थानमा राख्न नसक्दा खेल नै पाँच मिनेटभन्दा बढी गरी ढिला सुरु भएको थियो । फोर्थ अफिसियललाई बाधा पुऱ्याएपछि खेल केही ढिला गरी सुरु भयो । मैदानमा आयोजकले सुरक्षाकर्मी र स्वयंसेवक खटाए पनि उनीहरूले भिड नियन्त्रण गर्न सकेनन् । जसले गर्दा खेलाडीको सुरक्षालाई लिएर प्रश्न उठ्न थालेको छ ।

फ्रिकिकमा गोल हुनेमा ढुक्क थियौँ

● **जीवेशकुमार पाण्डे**, प्रशिक्षक, एपिएफ



मैदानमा खेल ९० मिनेट खेल्नुपर्छ । हामीले अन्तिममा स्कोर निकालेर खेल जित्यौँ । सानो गल्तीमा गोल खान पुग्यौँ । अन्तिमसम्म गोल हान्नुपर्छ भन्ने थियो । खेलाडीले अन्तिमसम्म मिहिनेत गरेर यो खेल जितेको हो । हामीले योजनाअनुसार नै खेल खेलेको थियौँ । जब फ्रिकिक पायौँ तब गोल हुन्छ भन्नेमा हामी ढुक्क थियौँ । पेनाल्टी कुनै भन्दा पनि आक्रमण बुनेर खेल्ने भन्ने थियो । तालमेल नमिलेपछि खेल पेनाल्टीमा गोल, गोल गर्न सकेनौँ । अहिलेसम्म पहिला आर्मीले नै गोल हान्ने गरेको छ । हामीले पुनरागमन जित गर्दै आएका हौँ । फाइनलमा हामी अहिलेसम्मका गल्तीलाई सुधार गरेर खेल्नेछौँ । तयारी गर्ने एक दिन समयमा छ ।

रेफ्रीको कमजोरीले पराजित हुन पुग्यौँ

● **युद्ध शाही**, सहायक प्रशिक्षक, आर्मी



विभागीय डर्बी सधैँ राम्रो नै हुन्छ । यो सेमिफाइनल पनि राम्रो भयो । आर्मीको प्रदर्शन राम्रो भएको हो । हामी चुकेका हैनौँ । तर, रेफ्रीको कमजोरीले हामी पराजित हुन पुग्यौँ । रेफ्रीमा फिटनेस भएन । यस्ता प्रतियोगितामा फिफा रेफ्री ल्याउनुपर्छ । हामीले लिड गरेका थियौँ अन्तिम समयमा रेफ्रीको डिसिजनले टाइब्रेकरमा गयो । रेफ्रीले ह्यान्ड दिएको हो कि होइन सबैले हेर्न सकिन्छ । फुटबलको ब्युटी नै जति वेला पनि नतिजा परिवर्तन हुन सक्छ । हामी खेल जित्ने मनस्थितिमै थियौँ । टाइब्रेकर मात्र होइन, ९० मिनेट सकिएपछि हुने ३० मिनेट खेल्न पनि हामी तयार थियौँ । एपिएफमा सबै राष्ट्रिय टोलीका सदस्य थिए ।

विजेतालाई दश लाख

प्रतियोगिताको विजेताले नगद दश लाख दश हजार प्राप्त गर्नेछ भने उपविजेताले नगद पाँच लाख पाउनेछ । जसलाई आयोजकले घरेलु महिलो फुटबल प्रतियोगिताकै सर्वाधिक राशि दाबी गरेको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद एक लाख ५० हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिताका उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक र उच्च गोलकर्ताले नगद २५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

■ काभा महिला यू-१९ भलिबल

नेपाल फाइनलमा

नेपालले उपाधि भिडन्तमा किर्गिस्तानको सामना गर्ने

नयाँ पत्रिका



नेपाल काभा महिला यू-१९ भलिबल च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ । शनिबार श्रीलंकाको कोलम्बोमा भएको आफ्नो चौथो खेलमा माल्दिभ्सलाई ३-० को सोझो सेटमा पराजित गर्दै नेपाल उपाधिनजिक पुगेको हो । नेपालले आइतबार हुने उपाधि भिडन्तमा किर्गिस्तानको सामना गर्नेछ ।

योसँगै नेपालले प्रतियोगितामा कम्तीमा रजत पदक पक्का गरेको छ । गत वर्ष नेपाल सेन्ट्रल एसियन भलिबल संघ (काभा)ले आयोजना गरेको महिला यू-२० मा कांस्य पदक जित्न सफल भएको थियो । माल्दिभ्सविरुद्ध नेपालले एकतर्फी जित निकाल्ने क्रममा पहिलो सेट २५-११ ले जित्यो । दोस्रो सेटमा नेपालले २५-३ र तेस्रो सेटमा २५-५ को सहज जित निकालेको हो ।

कुमार राईको प्रशिक्षणमा रहेको नेपाल पहिलो खेलमा किर्गिस्तानसँग नै पराजित भएको थियो । चार टोलीमा नेपाल समूह चरणमा किर्गिस्तानसँग ३-२ ले पराजित भएको हो । त्यस्तै, दोस्रो खेलमा श्रीलंकालाई ३-१ को सेटमा पराजित गरेको थियो । तेस्रो खेलमा पनि नेपालले माल्दिभ्सलाई नै ३-० को सोझो सेटमा हराएको थियो ।

यता, पहिलो सेमिफाइनलमा आयोजक श्रीलंकालाई ३-० ले हराउँदै किर्गिस्तान उपाधिनजिक पुगेको हो । किर्गिस्तानले श्रीलंकालाई २६-२४,२५-२१ र २५-१५ ले पराजित गरेको थियो ।

प्रशिक्षक राईले टोलीमा कप्तान जेनिशा विश्वकर्मासहित भावाना तामाङ, मीना सुनार, आशिका क्षेत्री, प्रतिभा चौधरी, कृष्मा डाँगी, निशा महरा, सम्झना नेपाली, सुनिता खत्री, एन्जिला प्रधान, रेबिका लामा तामाङ र विनिता रानालाई समावेश गरेका छन् ।

दीपेश गुरुङ पहिलोपटक राष्ट्रिय फुटबल टिममा

नयाँ पत्रिका

मिडफिल्डर दीपेश गुरुङ पहिलोपटक नेपाली राष्ट्रिय टोलीमा छनोट भएका छन् ।

शनिबार अन्तरिम मुख्य प्रशिक्षक हरि खड्काले बंगलादेशसँगको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल र मलेसियासँग हुने एएफसी एसियन कप छनोटका लागि किरणकुमार लिम्बूको कप्तानीमा अन्तिम २३ सदस्यीय टोलीको घोषणा गरेका हुन् । एक वर्षको जिम्मेवारी पाएका अस्ट्रेलियन नागरिक म्याट रसले पदावधिअघि नै राजीनामा दिएपछि कीर्तिमानी पूर्वखेलाडी खड्काले जिम्मेवारी पाएका हुन् ।

प्रशिक्षक खड्काले अर्का मिडफिल्डर आदित्य शाक्यलाई पुनरागमन गराएका छन् । डिफेन्डर विमल पाण्डे र अर्का मिडफिल्डर कृतिशरत्न छन्जु टिममा स्थान बनाउन सकेनन् । खड्काले बोलाएको टिममा दीपेश र आदित्यबाहेक अन्य खेलाडी पुरानै अनुहार हुन् । गत सेप्टेम्बरमा दशरथ रंगशालामा बंगलादेशविरुद्ध खेलिएको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा आदित्य राष्ट्रिय टोलीमा थिए । तर, त्यसपछि एसियन कप छनोट अन्तर्गत भियतनामविरुद्धको दुबै लेगका स्थान बनाउन सकेनन् । दीपेशले गत सेप्टेम्बरमा मात्र ताजकिस्तानमा सम्पन्न यू-२३ एसियन कप छनोट प्रतियोगिता खेलेका थिए । नेपालले १३ नोभेम्बरमा बंगलादेशसँग ढाकामै मैत्रीपूर्ण खेल खेल्दै छ । बंगलादेशले हाम्जा चौधरीलाई समावेश गर्दै टोली घोषणा गरेको छ । यसअघि नेपालमै दुई खेल हुने तय भए पनि जेन-जी आन्दोलनपछि बंगलादेशसँग दोस्रो खेल हुन सकेको थिए । बंगलादेशसँग खेलेको पाँच दिनपछि नेपालले मलेसियासँग उसैको मैदानमा खेल्नेछ । एसियन कपबाट बाहिरिसकेको नेपालले छनोटमा बाँकी दुई खेल खेल्न बाँकी छ । पछिल्ला चार खेलमा नेपालले सबैमा हार व्यहोरेको थियो ।

एनपिएलको 'पावर्ड बाई' पार्टनर एनसेल

काठमाडौं/ एनसेलले नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणमा पनि साझेदारी गर्ने भएको छ । आगामी १ मंसिरदेखि कीर्तिपुरस्थित टियू क्रिकेट मैदानमा हुने दोस्रो संस्करणका लागि एनसेलले नेपाल क्रिकेट संघ (क्यान)सँगको आफ्नो 'पावर्ड बाई'को साझेदारीलाई निरन्तरता दिने घोषणा गरेको हो । नेपाली क्रिकेटसँगको यो आबद्धताले स्थानीय क्रिकेटको विकासमा योगदान पुऱ्याउनुका साथै खेल र प्यानहरूलाई थप ऊर्जा प्रदान गर्ने विश्वास लिइएको छ । क्रिकेटले सबैलाई जोड्ने भएकाले यो महाउत्सवमा 'युनाइटेड बाई क्रिकेट, कनेक्टेड बाई एनसेल' भन्ने थिमसहित सहकार्य गरेको कम्पनीको भनाइ छ । व्यावसायिक फ्रेन्चाइजमा आधारित टी-२० प्रतियोगिता एनपिएलमा गत वर्ष पनि एनसेल 'पावर्ड बाई' साझेदार रहेको थियो ।



यो प्रतियोगिताले नेपालको प्रदेशगत आ-आफ्नो स्थानीय र अन्तर्राष्ट्रिय खेलाडीको अद्वितीय संयोजनका साथ क्रिकेट प्रतिभा प्रस्तुत गर्दै छन् । एनपिएलले एनसेलको खेलसँगको सम्बन्धलाई प्रतिबिम्बित गर्ने र यो खेलकुद तथा नेपालसँगको अटुट सम्बन्धलाई उजागर गर्ने कम्पनीले जनाएको छ । एनसेलले आफ्ना ग्राहकका लागि एनसेल एपमार्फत एनपिएलका खेलहरू लाइभ हेर्न सकिने सुविधा पनि प्रदान गर्ने जनाएको छ ।

खेल संक्षेप

विशाल र मारिजे पहिलो

काठमाडौं/ केभिआर समिट च्यालेन्ज तेस्रो संस्करणको दोस्रो चरणमा पुरुषतर्फ नेपालका विशाल राई र महिलातर्फ नेदरल्यान्ड्सकी मारिजे गुवर्टसन पहिलो भएका छन् । ट्रेलमान्डु नेपालको आयोजनामा शनिबार भएको २१ किलोमिटरको रेसमा पुरुषतर्फको विजेता विशालले दुई घन्टा ३१ मिनेट समय लगाए । नेपालकै वीरेन्द्र पाण्डे दोस्रो र युगल राई तेस्रो स्थानमा रहे । महिलातर्फ मारिजेले तीन घण्टा ३७ मिनेट समयसहित सबभन्दा चाँडै दौड पूरा गरिन् ।

टिआइए 'ए'को दोहोरो जित

काठमाडौं/ आयोजक ठुंगरम इन्टरनेसनल एकेडेमी (टिआइए) 'ए'ले १७औँ टिआइए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ शनिबार दोहोरो जित हात पारेको छ । हात्तीगौँडास्थित घरेलु कोर्टमा टिआइए 'ए' ले दुर्गा भवानीलाई ५१-३२ ले पराजित गऱ्यो । महिलातर्फ हिमरश्मिले टिआइए 'ए'लाई १४-८ तथा वसुन्धरा नेसनल एकेडेमी (बिएनए)ले टिआइए 'बी'लाई १७-१० ले पन्छाए ।

प्रदीप र सिभाली च्याम्पियन

काठमाडौं/ नेपाल नम्बर एक प्रदीप खड्का र सिभाली गुरुङले होटेल मिस्टिक माउन्टेन ग्रान्ड ओपन टेनिस प्रतियोगिताको एकलतर्फ शनिबार उपाधि जितेका छन् । प्रदीप पुरुष तथा सिभाली महिलामा च्याम्पियन बनेका हुन् । दुवै प्रतियोगिताको पहिलो च्याम्पियन पनि हुन् । गत वर्ष भएको पहिलो संस्करणमा पुरुष-महिला एकलतर्फको स्पर्धा थिएन ।

एन्फा प्रेसिडेन्ट लिगमा हैरान्सको पहिलो जित

मकवानपुरमा पोष्टराज अधिकारी

तनहुँको हैरान्स क्लबले एन्फा प्रेसिडेन्ट लिगमा पहिलो जित निकालेको छ । शनिबार हेटौडाको गौरीटार रंगशालामा हैरान्सले दोलखाको टाइगर्स टिमविरुद्ध ५-२ को जित निकाल्यो । अर्को खेलमा सुर्खेतको काक्रेबिहार र बाराको नवजागृतिले बराबरी खेल्दै अंक बाँढेका छन् ।

पहिलो खेलमा हैरान्स सुर्खेतको काक्रेबिहारसँग पराजित भएको थियो । दोस्रो खेलमा हैरान्सका खेलाडी आक्रमकरुपमा प्रस्तुत हुँदै जित निकाल्न सफल भएका थिए । पहिलो हाफमै हैरान्सका रोशन दोडले उत्कृष्ट प्रदर्शन गर्दै दुई गोल गरे । उनले खेलको २५ औँ र ३२ औँ मिनेटमा गोल गरेका हुन् । दोस्रो हाफमा पनि हैरान्सले आफ्नो लय कायम राख्यो । थप तीन गोल गरेका थियो । खेलको ४८औँ मिनेटमा समीराज थोकरले तेस्रो, विश्व लामाले ४९औँ मिनेटमा चौथो र अनिष महर्जनले ८८औँ मिनेटमा पाँचौँ गोल गर्दै टिमको जित सुनिश्चित गरेका थिए । यता टाइगर्सका लागि विशेष लामाले ६२औँ र ६६औँ मिनेटमा गोल फर्काए पनि टिमलाई हारबाट जोगाउन सकेनन् ।

हैरान्सका रोशन दोड प्लेयर अफ दी म्याच घोषित भए । लिगमा समान २ खेल खेलेको टाइगर्सले पहिलो हार बेहोरेको हो । यसअघि बिहीवार भएको खेलमा टाइगर्सले उदयपुरको गाईघाट फुटबल क्लबलाई २-१ गोलले हराएको थियो ।

काँक्रेबिहार र जागृतिको बराबरी

सुर्खेतको काँक्रेबिहार र बाराको नव जागृतिले १-१ को बराबरी खेल्दै अंक बाँडेका छन् । खेलको सुरुवातबाटै दुवै टोलीले आक्रामक खेल प्रस्तुत गरेका थिए । काँक्रेबिहारले खेलको ३८औँ मिनेटमा आशिष चापागाईंको गोलबाट अग्रता लियो । आशिषले नव जागृतिको डिफेन्सलाई छक्याउँदै गोल गर्न सफल भएका थिए । तर, त्यसको केही मिनेटमै खेल जागृतिले खेल बराबरीमा ल्यायो । पहिलो हाफको अतिरिक्त समयमा रुजन न्यौपानेले गोल गरेका हुन् । दोस्रो हाफमा दुवै टोलीले केही राम्रा अवसर सिर्जना गरे पनि गोल गर्न सकेनन् । बराबरीसँगै दुवै टोलीले लिग अंकतालिकामा एक-एक अंक बाँडेका छन् ।

लिगमा दुई खेल खेलिसकेको जागृति अहिलेसम्म जितविहीन छ । जागृति यसअघि शुक्रबार धनकुटाको देउराली युथ क्लबसँग ३-१ गोलले पराजित भएको थियो । यस्तै, लिगमा दुई खेल नै खेलेको काँक्रेबिहारले पहिलो खेलमा हैरान्सलाई पराजित गरेको थियो । लिग कम नकआउट आधारमा सञ्चालन भइरहेको प्रतियोगितामा १० टोली सहभागी छन् । प्रतियोगिता २ मंसिरसम्म सञ्चालन हुनेछ ।

Infrastructure Development Office

Khalanga, Jajarkot

Invitation for Bids (IFB No: JKT-05-082/083)

Date of First Publication: 2082-07-23 (9th November.,2025)

1. Infrastructure Development Office (IDO), Jajarkot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

SN	Contract Identification No./Description of works	Estimated amount with VAT (NRs.)	Bid Security Amount (NRs.)	Bid Validity and Bid Security Validity Period	Bid Document Fee (NRs.)
1	IDO/JKT/W/NCB/26/082-083, Upgrading of Suyada-Majkot-Pachala hudai Pagna Mainpokhar Sadak Junichade-2, Jajarkot	48,71,236.70	1,40,000.00	90 days and 120 days from bid opening date.	3000.00
2	IDO/JKT/W/NCB/27/082-083, Construction of Pauja-Ghogi-Rautangaun-Dandagaun hudai Tikachaur Sadak and Pauja-Ghogi-Dandagaun Ruwa-Tikachaur hudai Jumla sadak Chhedagad-8, Jajarkot.	77,85,200.14	2,30,000.00		
3	IDO/JKT/W/NCB/28/082-083, Construction of Dhanichula dekhi Timile Krishna Mander Sadak Bheri-6, Jajarkot.	38,97,588.62	1,15,000.00		
4	IDO/JKT/W/NCB/29/082-083, Construction of Ward Karyalaya dekhi Shree Ma.Vi. Sirpachaur Sadak,Junichade-10, Jajarkot	48,69,297.65	1,40,000.00		
5	IDO/JKT/W/NCB/30/082-083, Construction of Deuli-Hademela hudai Chankhila Sadak, Junichade-2, Jajarkot	48,70,993.23	1,40,000.00		
6	IDO/JKT/W/NCB/31/082-083, Construction of Rajik Zero jallekh hudai Dhyargaun Sadak, Nalgad-10, Jajarkot	38,95,545.41	1,15,000.00		
7	IDO/JKT/W/NCB/32/082-083, Construction of Sanchaur Kalakholi Talkot Maina Jodne Sadak,Barekot-5, Jajarkot	38,97,669.97	1,15,000.00		
8	IDO/JKT/W/NCB/33/082-083, Upgrading of Chipleta Hudai Rimikhola Sadak,Barekot-8, Jajarkot	38,94,963.00	1,15,000.00		
9	IDO/JKT/W/NCB/34/082-083Upgrading of District Hospital - Pailadhunga Thanti sadak , Bheri -3, Jajarkot	48,72,397.68	1,40,000.00		

2. For more detail visit the PPMO's Website www.bolpatra.gov.np./egp and Website www.idojajarkot.karnali.gov.np.

Office Chief

■ हङकङ सिक्सेस क्रिकेट

भारतविरुद्ध नेपालको सहज जित



नयाँ पत्रिका

भारतलाई ९२ रनले हराउँदै नेपालले हङकङमा चलिरहेको हङकङ सिक्सेस क्रिकेटमा पहिलो जित निकालेको छ । शनिबार भएको बाउल लिगमा रासिद खान चम्किएपछि नेपालले पहिलो जित निकाल्यो । टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ६ ओभरमा कुनै पनि विकेट नगुमाई १३८ रनको लक्ष्य प्रस्तुत गरेको थियो । प्रत्युत्तरमा भारतले तीन ओभरमा सबै विकेट गुमाएर ४५ रन मात्र बनायो ।

नेपालका लागि रासिद खान र बसिर अहमदले समान तीन विकेट लिएका थिए । त्यसअघि पहिलो इनिङ्समा रासिद खानले १७ बलमा ५५ रन बनाएर रिटायर भएका थिए । सन्दीप जोराले अविजित ४७ तथा लोकेश बमले अविजित ३१ रन बनाए ।

यसअघि पहिलो खेलमा अफगानिस्तानसँग तथा दोस्रो खेलमा दक्षिण अफ्रिकासँग पराजित भएर समूह चरण पार गर्न नसक्दा बाउल लिगमा आएको थियो । बाउल लिगको पहिलो खेलमा श्रीलंकासँग पराजित भएको थियो । नेपालले अब युएईसँग भोलि खेल्नेछ । बाउल लिगबाट शीर्ष दुई हुने टोलीले बाउल फाइनल खेल्नेछन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com